नेपाल

# दिगो विकास लक्ष्यहरू

वर्तमान अवस्था र भावी मार्गचित्र: २०१६-२०३०





नेपाल सरकार

राष्ट्रिय योजना आयोग

काठमाडौं

नेपाल

# दिगो विकास लक्ष्यहरू

## वर्तमान अवस्था र भावी मार्गचित्रः २०१६–२०३०

नेपाल सरकार
राष्ट्रिय योजना आयोग
काठमाडौँ

नेपाल दिगो विकास लक्ष्यहरू
वर्तमान अवस्था र भावी मार्गचित्र: २०१६-२०३०

प्रतिलिपि अधिकार © डिसेम्बर २०१७

प्रकाशक
नेपाल सरकार
राष्ट्रिय योजना आयोग
सिंहदरबार, काठमाडौँ, नेपाल
टेलिफोन नं: +९९७- १-४२११९७०
www.npc. gov. np

फोटो सौजन्य : नेपाल सरकार र एसियाली विकास बैङ्क

डिजाइन तयार गर्ने
स्पन्दन डिजाइन कम्युनिकेसन, कुपण्डोल, ललितपुर, ५५३५८८४

नेपालमा मुद्रण गरिएको

**प्रधानमन्त्री**

काठमाडौँ, नेपाल

# प्राक्कथन

सहस्राब्दी विकास लक्ष्यहरूको सापेक्षिक सफलतामा आधारित रहेर दिगो विकासका लक्ष्यहरूलाई सन् २०३० सम्ममा अवलम्बन गर्न र हासिल गर्न नेपाल प्रतिबद्ध रहेको छ । यद्यपि, दिगो विकास लक्ष्यहरू अन्तर्राष्ट्रिय स्तरमै सहमति भएका साझा विकास उद्देश्यहरू हुन्, मलाई यो उल्लेख गर्दा खुसी लागेको छ कि यी विश्वव्यापी महत्वाकाङ्क्षाहरूलाई सामाजिक, आर्थिक र वातावरणीय अभिलाषाहरूमा व्यापक रूपमा प्रतिविम्बित गरिएको छ र नेपालले यिनीहरूलाई नयाँ संविधानमा समावेश गरिसकेको छ । यसर्थ, दिगो विकास लक्ष्यहरू केवल अन्तर्राष्ट्रिय महत्वपूर्ण कोसेढुङ्गा मात्र नभएर यिनीहरूले साझा प्रगतिका निम्ति नेपालीहरूले गरेका महान् प्रतिबद्धताहरूलाई समेत प्रतिनिधित्व गरेका छन् ।

आवधिक योजनाहरू र वार्षिक बजेटहरूले नीति र बजेटसम्बन्धी प्राथमिकताहरूमा दिगो विकास लक्ष्यका प्रतिबद्धताहरू प्रतिविम्बित गर्नका लागि नयाँ कार्यदिशा दिने कार्य प्रारम्भ गरिसकेका छन् । महत्वाकाङ्क्षी कार्यसूचीहरूको कार्यान्वयन गर्नुपहिला वित्तीय, संस्थागत र जनशक्तिको होसियारीपूर्वक विश्लेषणात्मक मूल्याङ्कन गरिनुका साथै तिनीहरूको योजनासमेत बनाइनुपर्दछ । हाम्रा प्राथमिकताहरू तय गर्ने, दिगो विकास लक्ष्यहरूका निम्ति स्रोतहरूको अनुमान गर्ने र यिनको कार्यान्वयनका निम्ति एउटा मञ्च तयार गर्न आवश्यक पर्ने संस्थागत पूर्व आवश्यकताहरूका निम्ति सुझाव दिने कार्यमा विभिन्न क्षेत्रका सरोकारवालाहरूलाई सहभागी गराउने कार्यमा नेतृत्वदायी भूमिका निभाएकोमा म राष्ट्रिय योजना आयोगको प्रशंसा गर्दछु । म विश्वस्त छु कि जुन दृढताका साथ विकासका दर्जनौं परिमाणात्मक सूचकहरू तय गरिएको छ, यसले विकास प्रयासहरूलाई समन्वय गर्न तथा साझा अनि हासिल गर्न सकिने साध्यहरूतर्फ अगाडि बढाउँदै लैजान सहयोग पुऱ्याउनेछ ।

दिगो विकास लक्ष्यहरू सरकारको मात्र जिम्मेवारी नभएर राष्ट्रिय तथा देशव्यापी जिम्मेवारीहरू पनि हुन् । यसर्थ, यी लक्ष्यहरू हासिल गर्नका निम्ति राष्ट्रिय र प्रादेशिक तहहरूका सरकारहरूबीचका साथै सरकारी, गैरसरकारी, निजी र सामुदायिक क्षेत्रहरूसँग रणनीतिक साझेदारी गर्न आवश्यक छ । म यो अवसरमा सन् २०३० सम्ममा नेपालमा दिगो विकास लक्ष्यहरूका उपलब्धिहरू हासिल गर्ने कार्यलाई गति प्रदान गर्न समन्वित प्रयासहरूको एउटा महान् गठबन्धनमा हामीसँग हातेमालो गर्न सबै राष्ट्रिय र अन्तर्राट्रिय विकास साझेदारहरूलाई आह्वान गर्दछु ।

**शेर बहादुर देउवा**
प्रधानमन्त्री एवम् अध्यक्ष,
उच्चस्तरीय दिगो विकास लक्ष्य निर्देशक समिति



राष्ट्रिय योजना आयोग

काठमाडौँ, नेपाल

# भूमिका

सन् २०१७ मा स्थानीय तह, प्रादेशिक तथा सङ्घीय संसद्हरूमा करिब ४०,००० पदाधिकारीहरूको ऐतिहासिक निर्वाचनहरू सम्पन्न भएसँगै नेपालले उत्साहका साथ आफ्नो नयाँ संविधानको कार्यान्वयन शुरु गरेको छ । सन् २०१५ मा जारी गरिएको यो ऐतिहासिक संविधानले दुई दशक लामो सशस्त्र द्वन्द्वको कष्टपूर्ण अवधि र लम्बिदैं गएको राजनीतिक सङ्क्रमणलाई अन्त्य गरेको छ। नेपाली जनताले अब सर्वाङ्गीण विकासको कार्यसूचीलाई राष्ट्रले तदारुकताका साथ अगाडि बढाउनेछ भन्ने अपेक्षा राखेका छन् ।

नेपालको यो नयाँ राजनीतिक तथा आर्थिक युग र विश्व समुदायको दिगो विकास लक्ष्यहरू कार्यान्वयन गर्ने अभिलाषा संयोगवश एउटै समयमा पर्नगएको छ । दिगो विकास लक्ष्यहरूको निम्ति योजना बनाउन, बजेट तर्जुमा गर्न, समन्वय गर्न र सोको कार्यान्वयनको अनुगमन गर्नका लागि निर्दिष्ट गरिएको निकाय राष्ट्रिय योजना आयोग हो ।

यो प्रतिवेदनले नेपालको विकासको स्थितिको विस्तृत जानकारी सङ्ग्रह गरेको छ र सन् २०१९ (चौधौं योजनाको अन्तिम वर्ष), सन् २०२२ (अति कम विकसित राष्ट्रबाट स्तरोन्नति हुने अपेक्षित वर्ष) र सन् २०२५ (तीव्र गतिको विकास गर्नका निम्ति अनुकूल बिन्दु) जस्ता बीचका अवधिहरूका महत्वपूर्ण कोसेढुङ्गा लगायत सन् २०३० सम्मका लागि एउटा मार्गचित्र प्रस्तुत गरेको छ । यसले दिगो विकासका लक्ष्यहरू प्राप्त गर्ने कार्यमा देशले राम्ररी विचार गर्नुपर्ने महत्वपूर्ण सवालहरू र चुनौतीहरूमाथि प्रकाश पारेको छ । अन्तर्राष्ट्रिय सम्मेलनले दिगो विकासका लक्ष्यहरू र परिमाणात्मक लक्ष्यहरूमा सहमति गर्नुभन्दा अगाडि नै राष्ट्रिय योजना आयोगले सन् २०१५ को मध्यतिर नै दिगो विकास लक्ष्यहरूसँग सम्बन्धित अध्ययनहरूको आधारमा एउटा प्रतिवेदन तयार गरेको थियो ।

यो प्रतिवेदनको अनुगमन खाकाले विश्वव्यापी दिगो विकास लक्ष्यहरूअनुरूप हुनेगरी दिगो विकास लक्ष्यहरूका राष्ट्रिय सूचकहरू अध्यावधिक र समायोजन गरेको छ। यी लक्ष्यहरूले “कसैलाई पनि पछि पारिने छैन” भन्ने मूल भावनालाई आत्मसात् गरेका छन् । यो विस्तृत सूची दिगो विकासका लक्ष्यहरूलाई प्रादेशिक तथा स्थानीय तहहरूमा आन्तरिकीकरण गर्न र प्रगति अनुगमन गर्न उपयोगी हुनेछ भन्ने मैले अपेक्षा राखेको छु। स्थानीयस्तरमै अधिकार सम्पन्न पारिएका सरकारहरू आफ्ना क्षेत्रहरूको विकासका लागि अत्युत्तम सरकारी संरचना हुन्छन् भन्ने सङ्घीयताको एक महत्वपूर्ण सिद्धान्त भएकाले वास्तवमा स्थानीय सरकारहरूले जति दृढता र इमान्दारिताका साथ विशेषगरी दिगो विकास लक्ष्यहरूका आधारभूत आवश्यकताहरूसँग सम्बन्धित सेवासुविधाहरू उपलब्ध गराउँछन् त्यति नै बढी यसले नेपालमा सङ्घीयताको सफलताको मात्रा निर्धारण गर्नेछ ।

**स्वर्णीम वाग्ले**
उपाध्यक्ष

# कृतज्ञता ज्ञापन

यो प्रतिवेदन राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. स्वर्णीम वाग्लेको नेतृत्वमा राष्ट्रिय योजना आयोगले तयार गरेको हो ।

राष्ट्रिय योजना आयोगका सबै सदस्यहरूले नीतिगत मार्गदर्शन दिएर, छलफल कार्यक्रमहरूको सहभागितामूलक प्रक्रियालाई सहजीकरण गरेर र विभिन्न विषयगत समितिहरूको अध्यक्षता गरेर प्रतिवेदन तयारीको प्रारम्भिक चरणलाई अगाडि बढाउनुभएको थियो । विभिन्न विषयगत समितिहरूमध्ये डा. चन्द्रकान्त पौडेलले उद्योग समिति, डा. सुनिल बाबु श्रेष्ठले सहरी विकास समिति, प्रा.डा.गीताभक्त जोशीले सामाजिक विकास समिति, डा. कृपा सिन्धु प्रसादले रोजगारी समिति, डा. प्रभु बुढाथोकीले प्राकृतिक स्रोत समिति, डा.अरविन्द कुमार मिश्रले ऊर्जा समिति र डा. गोविन्द राज भट्टले पूर्वाधार समितिको अध्यक्षता गर्नुभएको थियो ।

यो प्रतिवेदन तयार गर्नमा महत्वपूर्ण सूचना एवम् तथ्याङ्क उपलब्ध गराउनुका साथै आवश्यक समन्वय गरी योगदान पुर्‍याउनुभएका सहसचिवहरू डा.तीर्थराज ढकाल, श्री तुलसीप्रसाद गौतम, श्री राधाकृष्ण प्रधान, श्री खोमराज कोइराला र श्री विजुकुमार श्रेष्ठलाई राष्ट्रिय योजना आयोग धन्यवाद ज्ञापन गर्दछ । उहाँहरूले सदस्य-सचिव श्री विष्णुप्रसाद लम्सालसँग नजिकमा रहेर सबै सम्बन्धित सरकारी विभागहरू, निजी क्षेत्र र नागरिक समाजबाट विषयगत समितिहरूमा प्रतिनिधित्व गराई यिनीहरूलाई संस्थागत गर्ने काम गर्नुभएको थियो ।

यो प्रतिवेदन राष्ट्रिय योजना आयोगद्वारा तयार गर्न लगाइएका तीनओटा पृष्ठभूमि-कार्यपत्रहरूमा आधारित छ । परिच्छेद १ मूलतः श्री अरनिको पाण्डे, डा. विश्व पौडेल र डा. स्वर्णीम वाग्लेले तयार गर्नुभएको "Envisioning Nepal 2030" विषयक कार्यपत्रको 'परिचय' बाट उद्धृत गरिएको हो । परिच्छेद २ डा. युवराज खतिवडाको नेतृत्वमा गठन गरिएको टोलीले गरेको 'दिगो विकास लक्ष्यहरूको बेसलाइन अध्ययन र दिगो विकास लक्ष्यहरूको आवश्यकताहरूको लेखाजोखा, लागत र वित्तीय स्रोत परिचालन रणनीतिसम्बन्धी अध्ययनको आधारमा तयार गरिएको हो । उक्त टोलीमा डा.गोविन्द नेपाल, श्री आशुतोष मणी दीक्षित र श्री दामोदर ज्ञवाली सदस्यका रूपमा रहनुभएको थियो । परिच्छेद ३ को प्रारम्भिक अभ्यास डा. युवराज खतिवडा र आशुतोष मणी दीक्षितले तयार गर्नुभएको र पछि राष्ट्रिय योजना आयोगका सहसचिव डा.तीर्थराज ढकाल नेतृत्वको टोलीद्वारा परिमार्जन गरिएको हो । तथ्याङ्क विभागका महानिर्देशक श्री सुमनराज अर्याल र राष्ट्रिय योजना आयोगका उपसचिवहरू श्री देवराज जोशी, डा. नारायण पौडेल र डा. लोकनाथ भुसालका साथै डा. गिरिधारी शर्मा पौडेलले सूचकहरू र अनुगमन खाकालाई अन्तिम रूप दिन महत्वपूर्ण भूमिका खेल्नुभएको थियो ।

राष्ट्रिय योजना आयोग विभिन्न विषयगत छलफलहरूमा संलग्न भई योगदान गर्नुहुने विभिन्न मन्त्रालयका सचिवहरू, सहसचिवहरू र अन्य अधिकृतहरूलाई धन्यवाद ज्ञापन गर्दछ । आयोगका पूर्वउपाध्यक्ष डा. मिनबहादुर श्रेष्ठ, पूर्वसदस्य श्री हिरेन्द्रमान प्रधान र आयोगका तत्कालीन सहसचिव श्री लालशंकर घिमिरेलाई प्रतिवेदन तयारीको शुरुवाती चरणमा उहाँहरूको संलग्नताका लागि आयोग कृतज्ञता ज्ञापन गर्दछ ।

यो प्रतिवेदन तयार गर्न नेपाल सरकारको आन्तरिक स्रोतहरूबाट रकम उपलब्ध गराइएको थियो । यसको अतिरिक्त, राष्ट्रिय योजना आयोगमा रहेको यूएनडीपीको सहयोगमा सञ्चालित "राष्ट्रिय योजना तथा अनुगमन क्षमता सुदृढीकरण आयोजना" बाट यस कार्यका लागि पूरक योगदान समेत भएको थियो ।

# विषयसूची


| | | |
|---|---|---|
| प्राक्कथन | | ग |
| भूमिका | | ङ |
| कृतज्ञता ज्ञापन | | च |
| सङ्क्षेपीकरणको सूची | | झ |
| परिच्छेद १ः | **नेपालको विकासको पुनरावलोकन** | १ |
| | १.१ परिप्रेक्ष्य | १ |
| | १.२ साझा आकाङ्क्षाहरू | ४ |
| परिच्छेद २ः | **दिगो विकास लक्ष्यहरु कार्यान्वयनका चरणहरु** | ११ |
| | २.१ पहिचान | ११ |
| | २.२ नीतिगत/कार्यक्रमसम्बन्धी औजारहरू | १४ |
| | २.३ लगानी | १८ |
| | २.४ संस्थाहरू | २१ |
| परिच्छेद ३ः | **प्रगति अनुगमनका लागि खाका** | २७ |
| | ३.१ विश्वव्यापी लक्ष्यहरूमा विहङ्गम दृष्टि | २७ |
| | ३.२ प्रस्तावित महत्वपूर्ण कोसेढुङ्गाहरू | २८ |
| | ३.३ लक्ष्यहरू र परिमाणात्मक लक्ष्यहरूको विस्तृत विवरण | ४३ |
| **सन्दर्भ ग्रन्थ सूची** | | ९२ |



# सङ्क्षेपीकरणको सूची

**(क) नेपाली**

| | |
|---|---|
| **अ.म.** | अर्थ मन्त्रालय |
| **आ.ग.** | आर्थिक गणना |
| **उ.नि.सू.** | उच्च निर्भरता सूचकाङ्क |
| **उ.वा.आ.म.** | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय |
| **ऊ.ज.सि.म.** | ऊर्जा, जलस्रोत र सिचाइ मन्त्रालय |
| **औ.ग.** | औद्योगिक गणना |
| **का.न्या.सं.मा.म.** | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय |
| **कृ.ग.** | कृषि गणना |
| **कृ.प.वि.म.** | कृषि तथा पशुपक्षी विकास मन्त्रालय |
| **के.त.वि.** | केन्द्रीय तथ्याङ्क विभाग |
| **खा.म.** | खानेपानी मन्त्रालय |
| **गृ.म.** | गृह मन्त्रालय |
| **ने.कृ.अ.प.** | नेपाल कृषि अनुसन्धान परिषद् |
| **नि.आ.** | निर्वाचन आयोग |
| **ने.ज.स्वा.स.** | नेपाल जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण |
| **ने.जी.स.** | नेपाल जीवनस्तर सर्वेक्षण |
| **ने.ना.उ.प्रा.** | नेपाल नागरिक उड्डयन प्राधिकरण |
| **ने.ब.सू.स.** | नेपाल बहुसूचक सर्वेक्षण |
| **ने.मा.वि.प्र.** | नेपाल मानव विकास प्रतिवेदन |
| **ने.रा.बैं.** | नेपाल राष्ट्र बैंक |
| **प.म.** | परराष्ट्र मन्त्रालय |
| **प.स.** | परिवार सर्वेक्षण |
| **प्र.म.म.प.का.** | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| **बि.व्य.सू.प्र.** | बिमा व्यवस्थापन सूचना प्रणाली |
| **भू.व्य.स.ग.नि.म.** | भूमि व्यवस्था, सहकारी तथा गरीबी निवारण मन्त्रालय |
| **भौ.पू.या.म.** | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय |
| **म.बा.ज्ये.ना.म.** | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय |
| **यु.खे.म.** | युवा तथा खेलकुद मन्त्रालय |
| **र.म.** | रक्षा मन्त्रालय |
| **रा.मा.अ.आ.** | राष्ट्रिय मानव अधिकार आयोग |
| **रा.वि.उ.मू.** | राष्ट्रिय विद्यार्थी उपलब्धि मूल्याङ्कन |
| **रा.यो.आ.** | राष्ट्रिय योजना आयोग |
| **रा.स्वा.ले.** | राष्ट्रिय स्वास्थ्य लेखा |
| **व.वा.म.** | वन तथा वातावरण मन्त्रालय |

| | |
|---|---|
| **वा.प.स.** | वार्षिक परिवार सर्वेक्षण |
| **वि.अ.आ.** | विश्वविद्यालय अनुदान आयोग |
| **वि.उ.रा.मू.** | विद्यार्थीहरूको उपलब्धिको राष्ट्रिय मूल्याङ्कन |
| **वि.खा.सु.प.** | विश्व खाद्य सुरक्षा पहल |
| **वि.प.आ.मू.** | विपद्पश्चात्को आवश्यकता मूल्याङ्कन |
| **वि.स्वा.स.** | विश्व स्वास्थ्य सङ्गठन |
| **व्य.सू.प्र.** | व्यवस्थापन सूचना प्रणाली |
| **शि.वि.प्र.म.** | शिक्षा, विज्ञान तथा प्रबिधि मन्त्रालय |
| **शि.व्य.सू.प्र.** | शिक्षा व्यवस्थापन सूचना प्रणाली |
| **श्र.रो.सा.सु.म.** | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय |
| **सं.रा.वि.का.** | संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम |
| **स.प.ना.उ.म.** | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय |
| **स.प्र.स.** | समय प्रयोगसम्बन्धी सर्वेक्षण |
| **स.मा.सा.प्र.म.** | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय |
| **स.वि.म.** | सहरी विकास मन्त्रालय |
| **स.सू.प्र.म.** | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय |
| **स्वा.ज.म.** | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय |
| **स्वा.व्य.सू.प्र.** | स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली |
| **स्वा.से.वि.** | स्वास्थ्य सेवा विभाग |

**(ख) अङ्ग्रेजी**

| | |
|---|---|
| BIMSTEC | Bay of Bengal Initiative for Multi-Sectoral Technical and Economic Cooperation |
| CPIA | Country Policy and Institutional Assessment |
| CRVS | Civil and Vital Registration System |
| FIES | Food Insecurity Experience Scale |
| GBD | Global Burden of Disease |
| GFSI | Global Food Safety Initiative |
| HRH | Human Resources for Health |
| LMIS | Logistic Management Information System |
| MDGI | Millinium Development Goals Indicators |
| MICS | Multiple Indicators Cluster Survey |
| NCASC | National Centre for AIDS and STD Control |
| NLFS | Nepal Labour Force Survey |
| NPHL | Nepal Public Health Laboratory |
| OECD | Organization for Economic Co-operation and Development |
| OPHI | Oxford Poverty & Human Development Initiative |
| PPP | Purchasing Power Parity |
| SAARC | South Asian Association for Regional Cooperation |
| SLCPs | Short-Lived Climate Pollutants |
| UNDESA | United Nations Department of Economic and Social Affairs |
| UNICEF | United Nations International Children's Education Fund |
| STEPS | STEP wise approach to Surveillance |
| WASH | Water, Sanitation and Hygiene |
| WB | World Bank |
| WHO | World Health Organization |



परिच्छेद - १

# नेपालको विकासको पुनरावलोकन

## १.१ परिप्रेक्ष्य[1]

सन् १७६९ देखि १९९० सम्म २०० वर्षको अवधिमा राष्ट्र-राज्यको रूपमा रहेको नेपालका शासकहरू या त राजाहरू थिए या त प्रधानमन्त्रीहरू थिए। यिनीहरू सन्तान दरसन्तान रूपमा सत्तामा बसेका निरङ्कुश शासक थिए। सन् १८१५ सम्म विभिन्न साना राज्यहरूमा विभाजित त्यो बेलाको नेपालमा यस्ता राज्यहरूबीच युद्धहरू भइरहन्थे। सन् १८१५ पश्चात् नेपाल तुलनात्मक हिसाबले शान्तिको युगमा प्रवेश गऱ्यो,[2] तर त्यो समयमा समृद्धि भने खासै नभएको अवस्था थियो। जनसङ्ख्या वृद्धि हुँदै गयो र सानोस्तरको खेतीपातीको विस्तार भयो। सन् १९३५ सम्म पनि आधुनिकतातर्फ बलियो पाइला चाल्न भने आर्थिक विकासको अभावमा सम्भव भएन।[3] नेपालको इतिहासमा अत्यन्तै दुखदायी घटनाको रूपमा लिइएको वि.स. १९९० सालको महाभूकम्पको समयसम्म पनि नेपालको आर्थिक अवस्था नाजुक नै रहेको थियो।[4]

सन् १९५० पछि नेपालमा अन्तर्राष्ट्रिय प्रभाव पर्न थाल्यो। सन् १९५० को दशकमा नेपालले संयुक्त राष्ट्रसङ्घमा प्रवेश गऱ्यो। प्रजातान्त्रिक संवैधानिकवादको दिशामा केही अस्थिर साथै छोटो समयसम्म रहेका प्रयासहरू त्यो बखत नभएका होइनन्। तर सन् १९९० मा मात्रै देश पूर्ण रूपको बहुदलीय प्रजातान्त्रिक देश बन्न पुग्यो। संयोगवश, सन् २०१५ को अप्रिलमा गएको अर्को ठूलो भूकम्पपश्चात् नेपालका राजनैतिक दलहरू नयाँ संविधान घोषणा गरेर मुलुकमा लम्बिदै गएको द्वन्द्वपछिको सङ्क्रमणकाललाई अन्त्य गर्न सहमत भए। यो संविधानले फराकिलो आधारको दिगो समृद्धि हासिल गर्ने चाहनाहरूसहित सङ्घीय गणतन्त्रात्मक समावेशी शासन व्यवस्थालाई संस्थागत गरेको छ।

यो दस्तावेजले सन् २०३० सम्ममा नेपाललाई न्यायपूर्ण तथा समृद्ध मुलुक बनाउने परिकल्पना (Envision) गरेको छ। सन् २०३० र दिगो विकास लक्ष्यहरू पूरा हुने अन्तिम मिति एकै समयमा परेको छ। यद्यपि, सबै १७ ओटा लक्ष्यहरू र १६९ परिमाणात्मक लक्ष्यहरू विश्वव्यापी चस्माबाट हेरिएका वैधानिक लक्ष्यहरू हुन्, तर पनि स्रोतसाधनहरूको अभाव झेलिरहेको नेपाल जस्तो देशले यी लक्ष्यहरूलाई हासिल गर्न यिनीहरूलाई प्राथमिकीकरण एवम् स्थानीयकरण गर्दै बढी उपलब्धितर्फ उन्मुख हुने तलैबाट शुरु भएको मार्गलाई प्रोत्साहन दिन आवश्यक छ। नेपालका लागि दिगो विकास लक्ष्यहरूअनुरूप नेपाली उत्कृष्ट घटनाक्रमहरू र कोसेढुङ्गाहरूको जगमा स्वदेशमै बनेको मार्गचित्र आवश्यक हुन्छ।

राजनीतिक-संस्थागत कमजोरीहरूको कारण कम उपयोग भएका अद्वितीय आकर्षक भूभागहरू एवम् प्राकृतिक सम्पदाहरू भएको नेपालको तुलनात्मक

**राजनीतिक-संस्थागत कमजोरीहरूको कारण कम उपयोग भएका अद्वितीय आकर्षक भूभागहरू एवम् प्राकृतिक सम्पदाहरू भएको नेपालको तुलनात्मक रूपमा रहेको कम विकासको स्थिति केही हदसम्म विरोधाभाषपूर्ण छ।**

१ यो परिच्छेद राष्ट्रिय योजना आयोगद्वारा तयार पारिएको "Envisioning Nepal 2030" को 'परिचय' बाट उद्धृत गरिएको।

२ सन् १८५६ मा तिब्बतसँग भएको सानो युद्धबाहेक।

३ हेर्नुहोस् पाण्डे, भीमबहादुर, "त्यस बखतको नेपाल", भाग २, पृ.१७१; र शाह, ऋषिकेश, "आधुनिक नेपाल : एक राजनीतिक इतिहास", भाग २ (१८८५-१९५५), पृ.१५१, मेइजी जापानमा इवाकुरा मिसनको सम्झना, बहादुर शमशेर र गन्जमान सिंहले औद्योगिक परिषद्को सभापति र सचिव नियुक्त हुनुभन्दा अगाडि विकाससम्बन्धी जानकारी लिन यूरोप भ्रमण गरेका थिए। यो परिषद् गठन गरियो जसले नेपालको पहिलो कम्पनी कानूनको मस्यौदा बनायो। यसले वाणिज्य बैंकहरू र उद्योगहरूको स्थापनामा भूमिका खेल्यो।

४ नेपालमा तीन सबैभन्दा ठूला महाभूकम्पहरू सन् १२५५, १५०५ र १९३४ मा गएका थिए।

रूपमा रहेको कम विकासको स्थिति केही हदसम्म विरोधाभाषपूर्ण छ। नेपाल अब अरू बढी पर्खन सक्तैन। हालका वर्षहरूका उच्च राजनीतिक उपलब्धिहरू सुहाउँदो विकास गर्नका साथै बढ्दै गएका शिक्षित, राजनैतिक दृष्टिकोणले सचेत र विश्वव्यापी रूपमा सम्पर्क भएका करिब ३ करोड नेपालीहरूको बढ्दो आकाङ्क्षा पूरा गर्नुछ भने आर्थिक विकासलाई अगाडि बढाउनुबाहेक भर्खरै प्राप्त गणतन्त्रका लागि अन्य विकल्पहरू छैनन्।[५]

**नेपाललाई सन् २०३० सम्ममा अदम्य उत्साह र यौवनले भरिपूर्ण स्वस्थ वातावरणमा बसोबास गर्ने मध्यम वर्गीयहरूद्वारा चलायमान, व्यवसायमैत्री, न्यून (एक अङ्कको) र घट्दो निरपेक्ष गरीबी एवम् मध्यम आय भएको देशको रूपमा स्थापित गर्न चाहन्छौं।**

ऐतिहासिक रूपमै नेपालको आर्थिक परिवर्तनको गति सुस्त रहेको छ। बितेका ५० वर्षमा नेपालको विभिन्न दशकहरूको औसत वृद्धिदर २ देखि ५ प्रतिशतको बीचमा रहेको छ भने आर्थिक परिवर्तन हासिल गर्न चाहिने कुल लगानीका दरहरू पनि पर्याप्त छैनन्।[६] बितेको दशकमा स्वदेशमा राम्रो आम्दानी हुने रोजगारीहरूको कमीको कारण ज्यादै ठूलो स्तरमा बसाइँसराइ भएको छ। फलस्वरूप, नेपालको अर्थतन्त्र विप्रेषण आयमा बढी मात्रामा निर्भर हुन पुगेको छ।

सन् १९५०, १९९० र २००६ का जनआन्दोलनहरूद्वारा अगाडि बढाइएको र विभिन्न सामाजिक, सांस्कृतिक विविधतायुक्त बासिन्दाहरूको प्रतिनिधित्व भएको समावेशी राष्ट्र निर्माण गर्नेतर्फ दृढ सङ्कल्प गर्दै उत्साहका साथ अग्रसर भइरहेको नेपाल राजनैतिक रूपमा आज एक प्रगतिशील देश हो। सन् २०१५ को ऐतिहासिक एवम् महत्वपूर्ण संविधानले राज्य सञ्चालन कला र राष्ट्रियतालाई दृढ रूपमा नयाँ आकार दिने दृष्टिकोण राखेको छ। यसले नागरिकहरूका दर्जनौं मौलिक हकहरूलाई परिभाषित गरेको छ र वृहत्तर राजनैतिक तथा आर्थिक समावेशिताको निम्ति एकात्मक राज्यव्यवस्था भएको देशलाई सात प्रदेशहरूमा विभाजन गरेको छ।

बितेका दुई दशकमा नेपालले निरपेक्ष गरीबीको रेखामुनि रहेका जनसङ्ख्याको अनुपात आधाभन्दा बढीले घटाएको छ - सन् १९९२ को ४९ प्रतिशतबाट २०१५ मा २३ प्रतिशतमा झारेको छ। बाल र मातृ मृत्युदरहरू उल्लेख्य रूपमा घटाएको छ। प्राथमिक विद्यालयमा विद्यार्थी भर्ना ९६ प्रतिशतभन्दा बढी भएको छ भने लैङ्गिक समता (Parity) कायम भएको छ। अपेक्षित औसत आयु (जन्मेको समयमा) ७० वर्ष नाघेको छ। नेपालको यस क्षेत्रमा रहेको सुधारको गति विश्वमा नै भएका उच्चतम सुधारका गतिहरूमध्ये एक हो।[७] यद्यपि, गुणस्तरमा धेरै अन्तर रहेको छ तापनि नेपालका उपलब्धिका धेरैजसो गैरआय सूचकहरू यस क्षेत्रका अन्य देशहरूसँग तुलनायोग्य रहेका छन्। मानव विकास सूचकाङ्कद्वारा मापन गरिएको महिलाहरू र पुरुषहरूको निम्ति उपलब्धिहरूको अनुपात, उदाहरणका निम्ति, भारत, बंगलादेश र पाकिस्तानभन्दा उच्च छन्।[८] पछिल्लो बहुआयामिक गरीबी सूचकाङ्कले २८.६ प्रतिशत नेपालीहरू अझै पनि बहुआयामिक दृष्टिकोणले गरीब रहेको देखाएको छ। यसको अर्थ यिनीहरूको जीवन विभिन्न किसिमका अभावहरूबाट एकैसाथ ग्रसित छ। तर यो अध्ययनले नेपालको बहुआयामिक गरीबी सूचकाङ्क सन् २००६ र २०१४ को बीचमा आधा घटेको तथ्य पनि उजागर गरेको छ।[९]

नागरिकहरूको संलग्नतामा सार्वजनिक क्षेत्रमा महत्वपूर्ण कार्यहरू गर्ने मुलुकहरूमा नेपालको स्थान अग्रपङ्क्तिमै आउँछ। राम्ररी व्यवस्थापन गरिएको सामुदायिक वनदेखि चेतनशील सामुदायिक रेडियोहरूको सञ्चालनलाई उदाहरणीय रूपमा लिइन्छ। यो भन्न सकिन्छ कि नेपाल सामाजिक-राजनैतिक महत्वपूर्ण घटनाक्रममा जोडदार रूपमा लडेको छ तथापि आर्थिक क्षेत्रमा यस्तो उत्साहप्रद प्रयास भने अझै पनि भएको पाइदैन।[१०] सन् १९९० को दशकमा गरिएका

५ यो अनुच्छेद डा. स्वर्णिम वाग्लेको अगष्ट २४, २०१७ मा द इन्डियन एक्प्रेसमा प्रकाशित "Sharing the future" लेखबाट लिइएको हो।

६ वृद्धि तथा विकास आयोगले पहिचान गरेको एसियाका ९ सबैभन्दा बढी आर्थिक वृद्धि भएका देशहरूमा तिनीहरूको सन् १९६५ र १९९५ बीचको take-off को अवस्थामा कुल गार्हस्थ्य उत्पादनको अनुपातमा औसत कुल पुँजीगत लगानी करिब ३० प्रतिशत र नेपालको १५ प्रतिशत थियो। दुई प्रतिशतको वार्षिक औसत वृद्धिदरले राष्ट्रिय आय दोब्बर हुन ३५ वर्ष लाग्छ; १० प्रतिशतको वृद्धिदरले ३५ वर्षमा ३५ गुणाले यस्तो आय बढ्छ।

७ "Global, regional, and national age-sex specific all-cause and cause-specific mortality for 240 causes of death, 1990-2013 : a systematic analysis for the Global Burden of Disease Study 2013," The Lancent, vol.385, no. 9963, p117-171, January 10, 2015.

८ मानव विकास प्रतिवेदन २०१४ देखि शुरु गरिएको असमानताको यो नयाँ मापनले पुरुषहरू र महिलाहरूको बीचमा मानव विकासका सबै आयामहरूमा भएको अन्तरको मापन गर्दछ।

९ रा.यो.आ. र ओपीएचआई (अक्सफोर्ड विश्वविद्यालयको) द्वारा तयार पारिएको बहुआयामिक गरीबी सूचक प्रतिवेदन हेर्नुहोस्।

१० The hypothesis of "Critical Junctures," popularized by Barrington Moore, refers to a point in a country's development trajectory when significant changes occur that sets it off on a path-dependent course of history that ends up producing distinct legacies.

आर्थिक सुधारहरूले अर्थपूर्ण नतिजाहरू दिएका भए पनि यिनीहरूलाई कायमै राखिरहन भने सकिएन। समृद्धितर्फको स्पष्ट मार्गचित्र निर्माण गर्नका लागि देशले तुलनात्मक रूपमा स्थायित्व प्राप्त गर्नेतर्फ अग्रसर हुन आवश्यक भएको कुरा अब आएर महसुस गरिएको छ।

त्यसोभए नेपालको लागि विकासको अर्को पुस्ताका लागि महत्वाकाङ्क्षी तर वास्तविक रूपमा हासिल गर्न सकिने खालको दूरदृष्टि (Vision) के हो त ?

नेपाललाई सन् २०३० सम्ममा अदम्य उत्साह एवं क्रियाशील स्वस्थ वातावरणमा बसोबास गर्ने मध्यम वर्गीयहरूद्वारा चलायमान, व्यवसायमैत्री, न्यून (एक अङ्कको) र घट्दो निरपेक्ष गरीबी एवम् मध्यम आय भएको देशको रूपमा स्थापित गर्न चाहन्छौं। यसका लागि सरकारी राजश्व र दिगो सुधारहरूका विश्वसनीय सङ्केतहरू प्रवाह गर्दै वैदेशिक तथा स्वदेशी निजी लगानी अभूतपूर्व मात्रामा परिचालन गर्न आवश्यक छ। यसका निम्ति नयाँ कानूनहरूको निर्माणका अतिरिक्त पूर्वाधारहरूको अवरोधहरूलाई हटाउने र सामाजिक सुरक्षाका नयाँ वा एकीकृत प्याकेजहरू लागू गर्नुपर्ने हुन्छ। यसैगरी, देशको वातावरण र सम्पदाहरू संरक्षण गरिएका साथै यसका प्राकृतिक स्रोतहरू दिगो रूपमा प्रयोग गरिएका हुनेछन्। निजी तथा सार्वजनिक संरचनाहरू देशको कमजोर भूबनोटलाई पूर्ण रूपमा दृष्टिगत गर्दै बनाइएका हुनेछन् भने प्राकृतिक विपद्हरूको सम्बन्धमा पूर्वतयारी र विपद्पछिको पुनःस्थापनाका लागि आवश्यक तयारीहरू गरिएका हुनेछन्। यस्तै विश्वव्यापी वातावरण परिवर्तनविरुद्ध जुध्नको लागि नेपालले अन्तर्राष्ट्रिय नेतृत्व लिने अवस्थाको सुनिश्चितता गर्न जरुरी छ।

मध्यमकालीन अवधिमा कानूनको शासन कडाइका साथ लागू गर्दै राम्रो शासन व्यवस्था कायम गर्नका लागि नेपालले साहसिलो रूपमा संस्थागत सुधारहरू गर्नु जरुरी छ। मुलुकको विभिन्न आरोह अवरोहहरूमा पनि देशलाई सञ्चालन गर्ने कुशल तथा सक्षम कर्मचारीतन्त्रमा हाल जोखिम पन्छाउने प्रवृत्ति हावी हुँदै गएको कारण निर्णय-निर्माणमा ढिलासुस्ती हुने गरेको छ। सन् २०३० सम्ममा परिकल्पना गरिएको नेपालमा पुग्नका लागि प्रोत्साहन र जिम्मेवारी दुवै कमजोर अवस्थामा भएका वर्तमान प्रशासनिक संरचनाहरूलाई यही रूपमा कायम राखिरहन सकिँदैन। यसर्थ, नेपाललाई परिभाषित गर्ने विविधतायुक्त अनेकौं राजनैतिक, जातीय, लैङ्गिक र क्षेत्रीय हित एवम् स्वार्थहरूलाई एकीकृत तथा मध्यस्थता गर्दै अगाडि बढाउँदै लैजान सक्षम, न्यायपूर्ण प्रक्रियाहरू र संस्थाहरू निर्माण गर्ने चुनौती हाम्रो सामु रहेको छ।

**मुलुकको विभिन्न आरोह अवरोहहरूमा पनि देशलाई सञ्चालन गर्ने कुशल तथा सक्षम कर्मचारीतन्त्रमा हाल जोखिम पन्छाउने प्रवृत्ति हावी हुँदै गएको कारण निर्णय-निर्माणमा ढिलासुस्ती हुने गरेको छ**

संरचनागत रूपान्तरणको प्रक्रियालाई सहज तुल्याउन नेपालका राजनीतिज्ञहरू र नीति निर्माताहरूले निजी क्षेत्रसँग सहकार्य गर्नैपर्छ। यस्तो रूपान्तरणले निर्वाहमुखी कृषिबाट बाहिर गई बढ्दै गएको आधुनिक सेवा क्षेत्रहरू र औद्योगिक क्षेत्रहरूले बढी हिस्सा लिँदै जानुपर्ने हुन्छ। यद्यपि, यी क्षेत्रहरूमा नयाँ प्रवृत्तिहरू विकास हुँदै गइरहेका छन् : औद्योगिक वस्तुहरूको उत्पादन गर्ने उद्यमहरूको सञ्चालन प्रणाली उत्पादन/वितरण गर्ने उद्यमहरूमा परिवर्तन हुँदै छन् जहाँ यसै समयमा केही सेवा क्षेत्रहरूले उद्योग क्षेत्रमा देखिने गरेका विशेषताहरू ग्रहण गर्न थालेका छन्। सारमा भन्नुपर्दा नेपालले भारत र चीनबीचको आफ्नो अवस्थितिको लाभ लिँदै कृषि, उद्योग र सेवा क्षेत्रहरूका उत्पादकत्व कम भएका गतिविधिहरूबाट बढी उत्पादकत्व भएका गतिविधिहरूतर्फ आफ्ना प्रयासहरू केन्द्रित गर्नुपर्नेछ।

संयुक्त राष्ट्रसङ्घले परिभाषित गरेको अति कम विकसित देशहरूको सूचीबाट विकासशील राष्ट्रहरूमा सन् २०३० अगावै नेपाल स्तरोन्नति भइसक्नेछ। नेपालले सन् २००० र २०१५ को बीचमा हासिल गर्ने भनी राखिएका सहस्राब्दी विकास लक्ष्यहरूमध्ये सबैजसो लक्ष्यहरू पूरा गरिसकेको छ।[११] तथापि, यस्तो उपलब्धि सामाजिक समूहहरू, लैङ्गिक र भौगोलिक क्षेत्रहरूको दृष्टिकोणले समान रूपमा हासिल हुन सकेको छैन। यिनै उपलब्धिहरूको जगमा नेपालले सन् २०३० सम्ममा दिगो विकासका लक्ष्यहरू सबै नभए पनि अधिकांश हासिल गर्नेछ। क्षेत्रीय अर्थतन्त्रलाई वातावरण परिवर्तनविरुद्ध लड्दै

११ हेर्नुहोस्- रा.यो.आ., २०१६, "नेपाल र सहस्राब्दी विकास लक्ष्यहरूः अन्तिम अवस्था प्रतिवेदन, २०००-२०१५," काठमाडौं।

ऊर्जाका स्वच्छ स्रोतहरूतर्फ लैजान नेपालले महत्वपूर्ण भूमिका निभाउनेछ ।

यसका लागि नेपालको सर्वसम्मत कार्यसूची हुनु आवश्यक छ, जसले आउँदो दुई दशकसम्म कम्तीमा ७ प्रतिशतको तीव्र आर्थिक वृद्धिदर हासिल गर्ने दिशातर्फ नेपाललाई अगाडि बढाउँछ ।[१२] यसको साथसाथै सुदृढ मानव क्षमताहरू विकास गर्ने प्रयत्नहरू र मुलुकको वातावरण र प्राकृतिक स्रोतहरूलाई संरक्षण गर्दै प्राकृतिक तथा आर्थिक संकट वहन गर्न सक्ने बनाउन राष्ट्रिय उत्थानशीलता (Resilience) लाई बढाउनु जरुरी छ । यसप्रकार विकासका साधनहरूको गतिलाई अगाडि बढाउने मात्र नभई विकासको साध्यलाई उत्तिकै रूपमा भरथेग तथा पोषण गर्ने दूरदृष्टि पनि हुनुपर्छ । यसो गर्नु भनेको जनताका छनौटहरू बढाउँदै लैजानु हो ।

**नेपाल भूकम्पीय दृष्टिकोणले सक्रिय टेक्टोनिक प्लेटको सीमानामाथि रहेको साथै बदलिएको मनसुन चक्र, पग्लदैं गएका हिमालयका हिमनदीहरू र वातावरण परिवर्तनका अन्य प्रभावहरूको जोखिममा रहेको छ भने यसको जैविक विविधता पनि कमजोर छ ।**

## १.२ साझा आकाङ्क्षाहरू (Shared Aspirations)

**समृद्धिको प्राप्ति** (Generating prosperity)

नेपालका सबल र कमजोर पक्षहरू (Vulnerabilities) चीरपरिचित छन् । यसको विकट भूबनोटले विश्वबजारहरूमा वस्तुहरूको पहुँचका साथसाथै देशभित्रको यातायातलाई महँगो बनाउँछ । नेपाल भूकम्पीय दृष्टिकोणले सक्रिय टेक्टोनिक प्लेटको सीमानामाथि रहेको साथै बदलिएको मनसुन चक्र, पग्लदैं गएका हिमालयका हिमनदीहरू र वातावरण परिवर्तनका अन्य प्रभावहरूको जोखिममा रहेको छ भने यसको जैविक विविधता पनि कमजोर छ । तथापि, यही भूगोलले पर्यटन उद्योग र भूदृश्य बजारलाई पनि सघाउ पुऱ्याउँछ जुन हाम्रो समृद्धिको भरोसा बन्न सक्छ । तसर्थ, हामीले प्राकृतिक स्रोतहरूलाई वायु प्रदूषण, घट्दै गएको दृश्यमानताको स्थिति र क्षयीकरणका अन्य स्रोतहरूबाट बचाइरहन आवश्यक छ ।

विश्वकै अति सुन्दर देशहरूमध्येको एउटा देश नेपाल भए तापनि अर्थतन्त्रमा यसबाट प्राप्त आम्दानीको हिस्सा हैटीको भन्दा पनि कम छ भने कम्बोडियाको भन्दा त छ गुणा कम छ । बढी उत्पादकत्व हुने तराईका मलिला भूमिहरू, कृषिको विविधीकरण गर्न सघाउ पुऱ्याउने पहाडी भूभाग र कृषिमैत्री हावापानीको उपयोग अत्यन्त कम मात्रामा गरिएको छ ।[१३] ठूला सिचाइ आयोजनाहरू सम्पन्न भएसँगै वर्षैभरि सिचाइ सुविधा उपलब्ध हुनाको साथै राम्रा सडक, प्रसार सेवा, वित्तीय पहुँच र आवश्यक बीउ तथा मलजस्ता कृषि सामग्रीहरूको व्यवस्थाले कृषि खाद्य सुरक्षाको व्यवस्थापन गर्दै नेपाल आधुनिक व्यावसायिकीकरणतर्फ अगाडि बढ्न सक्नेछ ।

नेपालसँग ऊर्जाका सबै आवश्यकताहरू वातावरणमैत्री जलविद्युत्बाट पूरा गर्ने र बचत भएको ऊर्जा निर्यात गर्ने क्षमता रहेको छ । १,००० मेगावाटभन्दा कम रहेको हालको विद्युत्को जडित क्षमता आउँदो २ वर्षमा दोब्बरभन्दा बढीले वृद्धि हुनेछ भने निर्माणको क्रममा रहेका ठूला जलविद्युत् आयोजनाहरू सम्पन्न भएसँगै आउँदो १० वर्षमा १० हजार मेगावाटभन्दा बढी विद्युत् उत्पादन हुने अवस्था रहेको छ । यसले विद्युत् कटौतीलाई पूर्ण रूपले हटाउनेछ । हाल भइरहेको विद्युत् कटौतीले उपभोक्तालाई पिरोलिरहेको छ, निजी क्षेत्रको प्रतिस्पर्धी क्षमतालाई पूर्ण बिराम लगाएको छ र व्यापार घाटालाई उच्च रूपमा बढाएको छ । साथै, यसले वायु प्रदूषण तीव्र रूपमा बढाउन योगदान गरिरहेको छ ।

सस्तो, भरपर्दो र वातावरणमैत्री ऊर्जाले उपभोग्य वस्तुहरू बेहोर्न सकिने मूल्यमा उपलब्ध गराउन सहयोग गर्ने, नेपाली उद्योगहरूको प्रतिस्पर्धात्मक क्षमता बढाउने र धूवाँयुक्त भान्साकोठाहरू जसले वर्षेनी २३ हजारभन्दा बढी व्यक्तिहरूको ज्यान लिने गरेको छन् त्यसबाट मुक्ति दिलाउन सहयोग गर्नेछ ।[१४]

१२ सन् २०११ मा इस्ताम्बुलमा सम्पन्न अति कम विकसित देशहरूको चौथो सम्मेलनको घोषणाले यस्ता देशहरूको लागि २०११ देखि २०२२ को अवधिका निम्ति औसत ७ प्रतिशतको वृद्धिदर तोकेको छ । यसमा गणितीय तर्क छ : ७ प्रतिशतको वार्षिक वृद्धि दर १० वर्षसम्म कायम भएमा देशको अर्थतन्त्र दोब्बर हुन्छ ।

१३ अनलाइन विश्व विकास सूचकहरू, मार्च १, २०१५ ।

१४ http://www.searo.who.int/entity/water_ sanitation/nep_c _h_profile=pdf ¿ ua=l

सस्तो, भरपर्दो र वातावरणमैत्री ऊर्जाले निजी लगानीलाई उत्पादनमा लगाउन पनि प्रोत्साहन गर्नेछ, जसबाट रोजगारीमा समेत बिस्तार हुनेछ ।

महत्वाकाङ्क्षी तर यथार्थवादी नीति निर्णयहरूअन्तर्गत अगाडि बढाइने स्वच्छ ऊर्जा, कृषि, पर्यटन क्षेत्रले नेपाललाई एउटा न्यून कार्बन भएको रोजगारी सिर्जना गर्ने अर्थतन्त्रतर्फ अगाडि बढ्न सहयोग गर्नेछन् । यसका अतिरिक्त, आर्थिक वृद्धिको लागि ठूलोस्तरमा परिवर्तन ल्याउन सक्ने अरू थप स्रोतहरू नेपालले सिर्जना गर्न पनि आवश्यक छ ।

विश्वका सबैभन्दा बढी जनसङ्ख्या भएका चीन र भारतबीच रहेको हाम्रो भौगोलिक अवस्थिति ठूलोस्तरमा परिवर्तन ल्याउन सक्ने बाहकको रूपमा रहेको छ । इतिहासलाई हेर्दा, औद्योगिक क्रान्तिको शुरुवातमा संयुक्त अधिराज्य (यू.के.) लाई आफ्नो प्रतिव्यक्ति आय दोब्बर पार्न १५० वर्ष लाग्यो भने संयुक्त राज्य अमेरिकालाई ५० वर्ष कुर्नुपऱ्यो । तर भारत र चीन दुवै देशहरूले प्रतिव्यक्ति उत्पादन करिब १५ वर्षमा नै दोब्बर पार्न सफल भए । म्याकिन्से एण्ड कम्पनी (McKinsey & Co.) ले जनाएअनुसार चीन र भारतको औद्योगिक विकासको शुरुको चरणमा प्रत्येक देशको जनसङ्ख्या १ अर्ब थियो, जबकि संयुक्त अधिराज्य र संयुक्त राज्य अमेरिकाको जनसङ्ख्या १ करोडभन्दा कम थियो ।[१५] यसर्थ, हाम्रा यी दुवै छिमेकीहरूमा यसप्रकारको आर्थिक विकासको उच्च गति हुनुमा औद्योगिक क्रान्तिका शुरुका दिनहरूको भन्दा ज्यादै बढी बलशाली शक्तिले काम गरेको देखिन्छ । नेपालले रणनीतिक रूपमै Growth poles र Agglomerations एवम् मूल्य शृङ्खलाहरूलाई र अन्तर्राष्ट्रिय उत्पादन सञ्जालहरूलाई जोडेर लाभ लिन सक्छ । लगभग आधा अर्ब उपभोक्ताहरू आज नेपालको ढोकाअगाडि नै छन् र सन् २०३० सम्ममा यो सङ्ख्या अझै बढ्नेछ । विश्वको आधा जनसङ्ख्या नेपालबाट ६ घण्टाभन्दा कमको हवाई उडानमा रहेको छ । आफ्नो ढोकामै रहेको यस्तो भाग्यलाई प्राप्त गर्न कदमहरू चाल्दै नेपालले पश्चिमको समृद्ध र पूर्ण रूपले विकसित बजारहरूबाट फाइदा लिन निरन्तर प्रयासरत रहनुपर्छ ।

आर्थिक वृद्धिको लागि महत्वपूर्ण योगदान गर्ने दोस्रो स्रोत बढ्दै गएको दक्ष जनशक्ति प्रयोग गरी उत्पादन गरिने निर्यातयोग्य आधुनिक सेवाहरू हुन् जसले नेपालले लाभ लिन सक्ने उत्पादनहरूको विशिष्टीकृत बजार विस्तार गर्न सहयोग पुऱ्याउँछ । भूपरिवेष्टित देशको रूपमा नेपालले विश्व अर्थतन्त्रमा राम्रो सम्पर्क बढाउन सहयोग गर्ने क्षेत्रहरूमा सक्षम र प्रतिस्पर्धी हुन जरुरी छ, साथै सामुद्रिक मार्गमा आधारित व्यापारको बेफाइदाहरूलाई निष्प्रभावी गराउन पनि उत्तिकै आवश्यक छ । नेपालको दीर्घकालीन उद्देश्य आधुनिक सेवाहरू सबैभन्दा कम प्रतिएकाइ लागतमा उत्पादन गर्ने मात्र नभई तिनीहरूलाई भरपर्दो समेत बनाउने हुनुपर्दछ जसले गर्दा ज्ञानमा आधारित नयाँ उद्योगहरूले जरा गाड्न सक्छन् । नेपालले टेलिकम र आतिथ्य सत्कार जस्ता क्षेत्रमा यस्तो परिणाम देखाइसकेको छ । बैङ्किङ क्षेत्रमा दक्ष जनशक्तिका साथै इन्जिनियरहरू र चिकित्सकहरूको सङ्ख्या विगत दुई दशकमा उच्च रूपमा बढेको छ । पछिल्ला वर्षहरूमा स्वच्छ ऊर्जा स्रोतहरूबाट उत्पादन गर्ने दिशामा पनि नेपालले महत्वपूर्ण फड्को मारेको छ । हवाई उड्डयन क्षेत्रमा मात्रै पनि वृद्धिको उच्च सम्भावना रहेको छ ।[१६] नेपालले आफ्ना दुवै छिमेकी देशहरूको अर्थतन्त्रहरूलाई जोड्न हाल खेलिरहेको भूमिकाभन्दा अझै ठूलो भूमिका खेल्न सक्छ ।

औद्योगिक क्षेत्रलाई पुनः जीवन्त तुल्याउनका लागि प्रतिस्पर्धी सेवाहरू हाम्रा सबैभन्दा उत्तम आशाहरू हुन् । सन् १९९६ मा कुल राष्ट्रिय उत्पादनको १० प्रतिशत हिस्सा ओगट्ने यो क्षेत्रको योगदान आज ६ प्रतिशतमा झरेको छ । हालैका अन्तर्राष्ट्रिय अध्ययनहरूले देखाएअनुसार औद्योगिक क्षेत्र कतिपय दृष्टिकोणले निकै विशेष समेत हुन गएको छः यसले श्रमिकको उत्पादकत्वमा शर्त रहित समरूपता (Convergence)

**विश्वका सबैभन्दा बढी जनसङ्ख्या भएका चीन र भारतबीच रहेको हाम्रो भौगोलिक अवस्थिति ठूलोस्तरमा परिवर्तन ल्याउन सक्ने बाहकको रूपमा रहेको छ ।**

१५ Atsmon, Y., P. Child, R. Dobbs, and L. Narasimhan. 2012. "Wining the $30 Trillion Decathlon: Going for Gold in Engineering Markets," McKinsey Quarterly, August.

१६ नेपाल जस्तै कम विकसित तथा भूपरिवेष्टित देश इथियोपियाले ४८ ओटा आधुनिक हवाईजहाजले ६४ अन्तर्राष्ट्रिय स्थानहरूमा उडान भर्ने गरेको छ । इथियोपियन एयरलाइन्सले गर्दा सन् २००० मा यो देशमा एउटा मात्र फर्म भएकोमा एक दशकपछि करिब १०० फर्महरू स्थापना भए जसले २० करोड अमेरिकी डलर बराबरको निर्यात गरे भने यसबाट २ लाख ५० हजार जनाको जीविकालाई सहयोग पुग्यो ।

प्रदर्शित गर्दछ, श्रमशक्तिको ठूलो हिस्सालाई रोजगारी दिन्छ, र सानो आन्तरिक बजारद्वारा सीमित नभएका वस्तुहरूको माग पूरा गर्दछ।[१७] तथापि, हामीले २१ औं शताब्दीमा आफैं विकास हुँदै गएका व्यापार र औद्योगीकरणका ढाँचाहरूलाई बुझ्न पनि जरुरी छ। नयाँ प्रवृत्तिहरू देखापर्न थालेका छन्। उदाहरणका लागि, पूर्ण उद्योगहरूभन्दा अलग अलग रूपमा विभाजित कामहरूमा, देशहरूभित्र सञ्चालन हुने गैरनीतिगत अवरोधहरू (Behind-the- border non-policy barriers) लाई हटाउन र क्षेत्रीय रूपमा उत्कृष्ट बन्न सक्ने खास फर्महरूको प्रतिस्पर्धी क्षमता बढाउन नयाँ कुराहरूमा जोडदिन थालिएको छ। सेवाहरू प्रदान गर्ने क्षेत्रमा प्रतिस्पर्धी बन्नको लागि गुणस्तरीय स्वास्थ्य उपचार, शुद्ध पिउनेपानी, स्वच्छ वायु र निश्चय पनि उच्च गुणस्तरीय शिक्षामा पहुँच सुनिश्चित गर्न हामीले बढी लगानी गर्नु आवश्यक छ।

**नयाँ प्रवृत्तिहरू देखापर्न थालेका छन्। उदाहरणका लागि, पूर्ण उद्योगहरूभन्दा अलग अलग रूपमा विभाजित कामहरूमा, देशहरूभित्र सञ्चालन हुने गैरनीतिगत अवरोधहरू (Behind-the- border non-policy barriers) लाई हटाउन र क्षेत्रीय रूपमा उत्कृष्ट बन्न सक्ने खास फर्महरूको प्रतिस्पर्धी क्षमता बढाउन नयाँ कुराहरूमा जोडदिन थालिएको छ।**

आज र निकट भविष्यसम्म पनि नेपालको धेरैजसो विकासको परिदृश्य विदेशबाट आउने विप्रेषणहरूद्वारा निर्धारण भइरहनेछ। विश्वका धेरै जनसङ्ख्या भएका ५० देशहरूमध्ये राष्ट्रिय आयमा विप्रेषणको सबैभन्दा बढी अनुपात भएको देश नेपाल हो, जसको हिस्सा करिब ३० प्रतिशत रहेको छ। काम गर्ने उमेरका लाखौं युवाहरू यस्तो समयमा अरू देशहरूको निर्माणमा लागिरहेका छन् जतिखेर काम गर्ने उमेर समूहका मानिसहरू धेरै भएको नेपालको विशिष्ट जनसाङ्ख्यिक लाभलाई उच्च आर्थिक वृद्धिमा, उच्च रोजगारी सृजनामा र करको निम्ति फराकिलो आधारमा परिणत गर्न सकिन्थ्यो। तर नेपालमा रहेका विकर्षण (Push factors) र मुलुकबाहिरका आकर्षणका तत्वहरू (Pull factors) ले गर्दा विशेषगरी पारिवारिक अवस्था तथा गाउँघरबाट भइरहेको विस्थापनको सन्दर्भमा अस्थायी बसाइँसराइको सामाजिक लागतहरूलाई अवमूल्यन गरेको छ। यस्तो अवस्थाहरूलाई सुधार गर्न नीतिगत व्यवस्था आवश्यक हुन्छ। निजी विप्रेषणको रूपमा प्राप्त हुने स-सानो रकमलाई औपचारिक माध्यमबाट भित्र्याउन तथा पुँजीकरण गर्न र वैदेशिक रोजगारीमा गएकाहरूलाई स्वदेश फर्काउने तथा उनीहरूले हासिल गरेका सीपको प्रयोगका लागि रणनीति बनाउने र देशभित्र आकर्षक अवसरहरू सिर्जना गरी अरू युवाहरूलाई देशबाहिर जानको निम्ति निरुत्साहित गर्ने अवस्था सृजना गर्न आवश्यक छ।

समृद्ध देश बनाउन अति राम्रो तर आर्थिक रूपमा बेहोर्न सकिने बाल्यकालदेखि विश्वविद्यालय तहसम्मको शिक्षा प्रणाली आवश्यक हुन्छ। यस्तो शिक्षा प्रणालीले अवलोकन गर्ने, विश्लेषणात्मक ढङ्गले सोच विचार गर्ने, सिर्जनशीलता, स्वतन्त्रता र आफ्ना विचारहरू प्रस्तुत गर्ने र व्यावसायिक सीपहरू सिकाउने कुराको प्रवर्द्धन गर्दछ। समृद्धिको लागि विज्ञान, प्रविधि, अनुसन्धान र व्यावसायिक तालिममा ठूलो लगानी आवश्यक हुन्छ। नेपालका पर्वत, उपत्यका र मैदानहरू केवल आयातीत समाधानहरूमा मात्र निर्भर रहन सक्तैनन्, यिनीहरूको लागि स्थानीय स्तरका अनुसन्धान तथा विकास पनि अपरिहार्य हुन्छ। नेपालले प्राथमिक तहमा सबै बालबालिकाको भर्ना, लैङ्गिक समानताको सुनिश्चितता र वयस्कहरूमा कार्यमूलक साक्षरता विस्तार गर्ने जस्ता शिक्षामा रहेका पहिलो पुस्ताका चुनौतीहरूलाई समाधान गर्न नाटकीय रूपमा अग्रगति हासिल गरेको छ। तथापि, दोस्रो पुस्ताका चुनौतीको रूपमा रहेका बालबालिका विद्यालय जाने मात्र नभई उनीहरूले उपयोगी सीपहरू सिक्न तथा ज्ञान पनि प्राप्त गर्न सकुन् भन्ने कुराको सुनिश्चितता गर्ने चुनौती भने आगामी वर्षहरूमा पनि निरन्तर रहिरहनेछ।

### समृद्धिको हिस्सेदारी (Sharing Prosperity)

आज विश्वमा सबैभन्दा राम्रा बस्नयोग्य तथा प्रगतिशील देशहरूमा संयुक्त राष्ट्रसङ्घमा विशेषाधिकार भएका भू-राजनीतिक देशहरू पर्दैनन्। यस्ता बस्नयोग्य देशहरूमा साना नर्डिक मुलुकहरू पर्दछन् जसले अभूतपूर्व सम्पत्ति/समृद्धि आर्जन मात्र गरेनन् यस्तो सम्पत्ति/समृद्धिको न्यायिक वितरणको सुनिश्चितता पनि गरेका छन्। यी देशहरूले के राम्रा कुरा गरे त ? पहिलो, तिनीहरूले शिक्षा, विज्ञान र आधारभूत सार्वजनिक सेवाहरूमा जोड दिए। दोस्रो, समग्र राष्ट्रको समृद्धिमा जोड दिए-सबै नागरिकहरूको आधारभूत सामाजिक, राजनीतिक

१७ Rodrik, Dani. 2013, " Unconditional Convergence in Manufacturing", The Quarterly Journal of Economics, 128(1): 165-204.

अधिकार र सामाजिक संरक्षणको सुनिश्चितता गरे । तेस्रो, राज्यको प्रभावकारी नियमनभित्र निजी क्षेत्रको विस्तारमार्फत पुँजी निर्माणको कार्य गरे । यिनीहरूको अनुभवबाट नेपालले न्यायपूर्ण र दिगो समृद्धि हासिल गर्नको लागि धेरै कुराहरू सिक्न सक्छ ।

नेपालमा समृद्धिको सिर्जना, यसको न्यायिक वितरण र दिगोपनाको लागि राजनीतिक र प्रशासनिक संयन्त्रलाई अझ बढी प्रतिनिधिमूलक, उत्तरदायी र दक्ष बनाउनु आवश्यक छ । यस्तै, नेपालका आर्थिक क्षेत्रमा कार्यरत सङ्घ-संस्थाहरूले पनि आफ्नो कामकारबाहीमा निष्पक्षता, समान व्यवहार, कानूनको पालनाको सुनिश्चितता गरी विचार, सिर्जनशीलता र उत्साहको कदर गर्नु आवश्यक छ । सामाजिक दृष्टिकोणबाट वर्गको आधारमा मात्र नभई जात, जाति, आदिवासी, लिङ्ग, भूगोल र उमेरको आधारहरूमा हुने सबै स्वरूपका हिंसाहरू र विभेदहरूलाई नेपालबाट हटाउनु आवश्यक हुनेछ । यसका अतिरिक्त, नयाँ खडा भएका सङ्घीय राज्यहरू वित्तीय रूपमा सम्भाव्य (Viable) हुन र सामाजिक दृष्टिकोणले एक ढिक्का बन्न पनि जरुरी छ ।

राज्यको स्रोत साधनको अत्यधिक दोहनमा उद्दत/केन्द्रित राजनीतिक र आर्थिक संस्थाहरूको भूमिकाले राज्य गरीब हुनपुगेको तर्क समेत गरिन्छ ।[१८] त्यस बखतको राज्यले गैरकुलीनहरूलाई शिक्षा प्राप्त गर्न र निजी उद्यमहरूमा संलग्न हुनबाट वञ्चित गर्थ्यो । नागरिकहरूले मतदान गर्न पाउँदैनथे । सम्पत्तिसम्बन्धी अधिकारहरू संरक्षण गरिएका थिएनन् । शासकहरूले थोरै कर लगाएका थिए, तर त्यसको बदलामा अपर्याप्त सार्वजनिक वस्तुहरू प्रदान गर्दथे ।

सन् १९५१ मा जब राणाशासन समाप्त भयो, त्यसवेला एक प्रतिशतभन्दा कम नेपालीहरूले मात्र केही औपचारिक शिक्षा हासिल गरेका थिए र देशको कुल खेतीयोग्य जमिनमध्ये एकतिहाइ जमिन बिर्तावालाहरूको हातमा रहेको थियो ।[१९] सन् १७६९ देखि १९५० सम्म पनि औसत नेपाली परिवारहरूको जीवनस्तरमा खासै परिवर्तन भएको थिएन । नेपालको राष्ट्र निर्माणको वास्तविक मधुरो किरण भने सन् १९६० मा प्रजातान्त्रिक तवरले निर्वाचित भएको पहिलो सरकार शक्तिमा आएसँगै देखिएको थियो ।[२०] तर यस दिशातर्फको गतिलाई राजकीय सत्तापलटले रोकिदियो र अप्रजातान्त्रिक पञ्चायती व्यवस्था स्थापना गरियो । यो अवधिमा दुई उल्लेखनीय सुधारहरू भएका थिए । पहिलोः मुलकभर विद्यालयहरू खोलिए जसले आम साक्षरता बढायो र दोस्रोः जमिनमा रहेको सामन्ती शासनप्रथालाई हटाइ जमिनको स्वामित्वको ढाँचालाई बढी समानतायुक्त बनाइयो ।

सन् १९९० मा नेपालको राजनीतिक परिवर्तन भएसँगै नेपालको अर्थतन्त्र पनि खुला भयो र आर्थिक क्षेत्रमा शुरुमा गरिएका सुधारहरूको कारण ९० को दशकमा नेपालको इतिहासमा सबैभन्दा उच्च आर्थिक वृद्धि हासिल भयो । बहुदलीय प्रजातान्त्रिक व्यवस्थाको पुनर्स्थापनापश्चात् यसले विशेषगरेर सामाजिक र पूर्वाधार विकासमा गति प्रदान गर्‍यो । विद्यालय, स्वास्थ्य चौकीहरू र यातायात तथा सञ्चार जस्ता क्षेत्रहरूमा निरन्तर रूपमा गरिएको सार्वजनिक खर्चको कारण यी क्षेत्रहरूमा पहुँच विस्तार भयो । गरीबहरूलाई मानव अधिकारहरूका बारेमा चेतना जगाएर सशक्तीकरण गर्नमा र उन्नत जीवनयापनका लागि आफैँलाई सहयोग गर्ने सामुदायिक समूहहरू निर्माण गरी जनतालाई सहयोग गर्ने कार्यमा नागरिक समाजहरू सक्रिय भए । यसमा थोरै पनि शङ्का छैन कि आधुनिक सुखसुविधाहरूमा पहुँच विस्तार गर्नमा जिल्लास्तर र गाउँस्तरहरूका निर्वाचन क्षेत्रहरूको मागहरूप्रति उत्तरदायी उच्चस्वरित (Vociferous) प्रतिनिधिमूलक प्रजातन्त्रले प्रत्यक्ष भूमिका खेलेको छ । सन् २००० सम्ममा निरपेक्ष गरीबी घटाउनका लागि गरिएका लक्षित नीति/कार्यक्रमहरूको माध्यमबाट र सामाजिक सुरक्षाका योजनाहरू शुरु गरेर नेपालले विकासको बढी समावेशी ढाँचातर्फ अर्थपूर्ण पाइला चालेको छ ।

**समृद्ध देश बनाउन अति राम्रो तर आर्थिक रूपमा बेहोर्न सकिने बाल्यकालदेखि विश्वविद्यालय तहसम्मको शिक्षा प्रणाली आवश्यक हुन्छ । यस्तो शिक्षा प्रणालीले अवलोकन गर्ने, विश्लेषणात्मक ढङ्गले सोच विचार गर्ने, सिर्जनशीलता, स्वतन्त्रता र आफ्ना विचारहरू प्रस्तुत गर्ने र व्यावसायिक सीपहरू सिकाउने कुराको प्रवर्द्धन गर्दछ । समृद्धिको लागि विज्ञान, प्रविधि, अनुसन्धान र व्यावसायिक तालिममा ठूलो लगानी आवश्यक हुन्छ ।**

---

१८ (For a generalized framework on extractive versus inclusive inistitutions, see Acemoglu, D. and J. Robinson. 2012. " Why Nations Fail? The Origins of Power, Prosperity and Poverty," Crown Publishers, New York.

१९ विर्ता जमिनहरू सामान्यतया शासकहरूले तजविजको भरमा दिने गर्दथे र कर मिनाहा गरिन्थ्यो ।

२० नेपालले विर्ता पद्धति उन्मूलन गर्‍यो, साना सामन्ती राज्यहरू हटायो, दोस्रो चरणको औद्योगीकरण शुरु गर्‍यो, सिचाइ र पर्यटनका आयोजनाहरू शुरु गर्‍यो, नेपालको पहिलो विश्वविद्यालय स्थापना गर्‍यो, पूर्व-पश्चिम लोकमार्गको निर्माण शुरु गर्‍यो, सहकारी विकास गर्‍यो र अन्तर्राष्ट्रिय समुदायसम्म कूटनीति विस्तार गर्‍यो ।

तथापि, भ्रष्टाचार नियन्त्रणका लागि सुस्त प्रतिक्रियाहरू र बढ्दो राजनीतिक अस्थिरता लगायत अनुभवहीन प्रजातन्त्र (Fledgling) मा देखिएका शुरुकै दरारहरूको कारण जनमानसमा व्यवस्थाप्रति नै वितृष्णा सिर्जना भयो। नेपालले सन् १९९६ देखि २००६ को बीचमा सशस्त्र नागरिक द्वन्द्व अनुभव गऱ्यो जसको शान्तिपूर्ण रूपमा गरिएको समाधानले मुलुकलाई सन् २०१५ को नयाँ सङ्घीय गणतान्त्रिक संविधानतर्फ डोऱ्यायो। यो संविधानले सामाजिक-सांस्कृतिक क्षेत्रमा मौलिक हकहरूको लामो सूची नै प्रदान गरेको छ। सकारात्मक विभेदका विस्तृत योजना र समानुपातिक निर्वाचन प्रणालीले महिलाका साथै ऐतिहासिक रूपमै प्रतिकूल परिस्थितिमा रहेका समुदायहरूलाई सङ्घीय तथा प्रादेशिक संसद्हरूमा, स्थानीय सरकारहरू र निजामती सेवामा प्रतिनिधित्व गर्न सक्षम तुल्यायो। स्वतन्त्र संवैधानिक आयोगहरू (महिला, दलित, मधेशी, थारु, र मुस्लिम आयोग) का साथै राष्ट्रिय समावेशी आयोग र राष्ट्रिय मानव अधिकार आयोग जस्ता संवैधानिक आयोगहरू समावेशीकरणलाई निरन्तर राष्ट्रिय खोजको रूपमा अझ विस्तार गर्दै लैजान कानूनहरू, नीतिहरू र व्यवहारहरूमा आवश्यक परिवर्तनका लागि सिफारिस गर्न सँगै अस्तित्वमा रहनेछन्।

**हाल नेपालमा हिंसाबाट भन्दा पनि बाढी-पहिरोको कारण र यो भन्दा पनि बढी वायु प्रदूषणका कारण मानिसहरूले मृत्युवरण गरिरहेका छन्।**

### समृद्धिको दिगोपना (Sustaining Prosperity)

नेपाल कमजोर भूभाग हिउँ र चट्टानी धरातल, चरन क्षेत्रहरू, वनजङ्गल, ताल, पोखरी, सीमसार र ज्यादै कठिन रूपमा खेती गरिएका जमिनहरूले बनेको छ। भू-दृश्यको सुन्दरता आफैँ पनि पर्यटन र अरू प्रकारका प्राकृतिक दृश्यहरूको निम्ति आकर्षक बनेको त छँदै छ, जैविक विविधता र पारिस्थिकीय प्रणालीहरूको हिसाबमा पनि नेपाल समृद्ध रहेको छ। आउँदो पुस्ताका लागि समृद्धिको एउटा स्रोतको रूपमा भू-दृश्य (Landscape) रहिरहन्छ भन्ने कुरा सुनिश्चित गर्न कमजोर भूभागको संरक्षण र दिगो कृषि प्रणाली हुनु पनि आवश्यक छ। नेपालले सन् २०३० सम्ममा समृद्धि हासिल गर्न आवश्यक छ जुन जनतामाझ न्यायोचित रूपमा वितरण हुने किसिमको मात्र नभई चीरकालसम्म रहिरहने पनि हुनुपर्छ। यसको निम्ति आर्थिक वृद्धिको रूपरेखालाई प्राकृतिक स्रोतहरूको संरक्षण तथा उपयोग र मानिसहरूको स्वास्थ्यको संरक्षण गर्ने कार्य साथसाथै जाने गरी बनाइनुपर्छ।

यसको साथै बाह्य र आन्तरिक चुनौतीहरूलाई सम्बोधन गर्न गरिनुपर्ने तयारीका लागि पर्याप्त स्रोतसाधनहरूको लगानी गर्न पनि जरुरी छ।

हाल नेपालमा हिंसाबाट भन्दा पनि बाढी-पहिरोको कारण र यो भन्दा पनि बढी वायु प्रदूषणका कारण मानिसहरूले मृत्युवरण गरिरहेका छन्। नेपाल विश्वमा सबैभन्दा बढी भूकम्प जाने देशहरूमध्येको एक हो। भूकम्पीय दृष्टिकोणले सँधै जोखिममा रहेको नेपालले मानव विकासको उत्थानशील (Resilient) पद्धतिको माग गर्दछ। यसको साथै बलिया, योजनाबद्ध तथा सुरक्षित तवरले निर्माण गरिएका पूर्वाधारहरू, भवनहरू र बस्तीहरू हुन पनि त्यतिकै आवश्यक छ।[२१]

विपद्को न्यूनीकरणका लागि गरिने तयारीहरूको निम्ति विपद्बाट उत्पन्न हुने खतराहरू र तिनीहरूलाई सामना गर्ने उपायहरूको बारेमा सचेतना, भूभागको जोखिम नक्साहरू (Risk mapping) को तयारी, व्यवस्थापन योजनाहरू र आपत्कालीन अवस्थाहरूमा अपनाइनुपर्ने तौरतरिकाहरू, तत्काल उद्धारका लागि तयारी अवस्थामा रहेको उद्धार टोली र विभिन्न स्थानहरूमा राखिएका राहत सामग्रीहरू हुनु आवश्यक छ। नेपालका सुरक्षा निकायहरूको भूमिकालाई पहिरो, बाढी र भूकम्प जस्ता विपद्सम्बन्धी तयारी र तत्काल उद्धार गर्ने कार्यतर्फ परिणत गर्नुपर्छ। मुलुकका यातायात, सञ्चार र ऊर्जासम्बन्धी पूर्वाधारहरू बलिया तथा उत्थानशील (Resilient) हुनु आवश्यक छ। यस्ता पूर्वाधारहरूको संरचना नेपालको भौगोलिक कमजोरीहरूबाट बच्ने ढङ्गले गरिनुपर्छ। साथै, स्थानहरूलाई आवश्यकताअनुसार अलग गर्ने, रोकावटका बिन्दुहरूलाई छल्ने र अर्को बाटो लिनसक्ने सञ्जालहरू पनि बनाइनुपर्छ।

पृथ्वीमा रहेका विभिन्न स्थानहरूमध्ये उत्तरी र दक्षिणी ध्रुवहरूसहित उच्च हिमालयहरू जलवायु परिवर्तनबाट सबैभन्दा बढी नकारात्मक रूपमा प्रभावित भएका छन्। हिमधरातलहरू र हिमनदीहरू पग्लदैं छन् र नासिदै पनि गइरहेका छन्। फलतः यस्ता गतिविधिहरूले सुख्खा याममा नदीहरूमा स्वच्छ पानीको उपलब्धतालाई चुनौती दिइरहेका छन्। यस्तो स्थितिले जलविद्युत्, कृषि र उद्योग क्षेत्रहरूमा दक्षिण एसियाभर नै ठूलो नकारात्मक असर पार्नेछ।

२१ रा.यो.आ.द्वारा तयार पारिएको "भूकम्पछिको आवश्यकताहरूको मूल्याङ्कन २०१७ "हेर्नुहोस् । सन् २०१५ को ठूलो भूकम्पमा करिब ९,००० जनाको मृत्यु भएको थियो र राहत तथा पुनर्निर्माणका लागि करिब ७ अर्ब अमेरिकी डलर अर्थात् कुल गार्हस्थ्य उत्पादनको एकतिहाइ लाग्ने अनुमान गरिएको थियो।

नेपालमा देखिएको जलवायु परिवर्तनका दुईओटा कारण छन्। पहिलो, धेरै टाढाका औद्योगिक क्षेत्रहरूले ठूलो मात्रामा उत्सर्जन गरेका तथा विश्वव्यापी रूपमा राम्ररी घुलमिल भएर फैलिएका र लामो समयसम्म रहिरहने हरितगृह ग्याँसहरू हुन् भने दोस्रो कारण Black Carbon लगायत छोटो अवधिको लागि वायुमण्डलमा रहने प्रदूषकहरू (SLCPs) हुन्। नेपालमा SLCPs का मुख्य स्रोतहरूको रूपमा खाना बनाउने परम्परागत चुलोहरू, इँटाभट्टा र डिजेल इञ्जिनहरू रहेका छन्। स्वच्छ ऊर्जाको क्षेत्रमा विभिन्न सहुलियत तथा प्रोत्साहन प्रदान गरी SLCPs को न्यूनीकरण गर्न सकिन्छ। SLCPs को यस्तो व्यवस्थापनबाट प्राप्त हुने विभिन्न फाइदाहरू जस्तै वायुको गुणस्तर, मानव स्वास्थ्य, बालीको उत्पादकत्व, स्पष्टता (Visibility) र पर्यटनमा हुने सुधारलाई मध्यनजर गर्दा यस्तो व्यवस्थापन तुलनात्मक रूपमा लागत प्रभावी र वातावरणमैत्री हुन्छ।

स्वच्छ ऊर्जामा आधारित खाना पकाउने पद्धति, इँटा तथा विद्युत् उत्पादन गर्ने पद्धतिका साथै वातावरणमैत्री यातायात प्रणालीलाई सन् २०३० सम्ममा पूर्ण रूपमा अवलम्बन गर्नैपर्छ। तथापि, नेपाल SLCPs बाट मात्र प्रभावित नभएर छिमेकी देशहरूबाट उत्सर्जन हुने यस्ता खालका प्रदूषकहरूबाट पनि प्रभावित भइरहेकाले यस्तो उत्सर्जनलाई कम गर्न क्षेत्रीयस्तरमा एकीकृत र वैज्ञानिक पहल हुनु जरुरी छ।

वायु प्रदूषण दक्षिण एसियामा मृत्युको सबैभन्दा ठूला कारणहरूमध्ये एक हो। फोक्सोसम्बन्धी रोगहरूका लागि मात्र नभई बढ्दै गएको हृदयघातका लागि पनि वायु प्रदूषण जिम्मेवार छ। यसले पर्यटकहरूको सङ्ख्या घटाउँछ, पर्यटकहरूलाई आकर्षित गर्ने पहाड पर्वतहरूको दृश्यलाई धुमिल बनाउँछ, र हवाई सुरक्षाका निम्ति चाहिने आवश्यक स्पष्टता (Visibility) लाई पनि घटाउँछ। आज नेपालका धेरैजसो भागहरूको हावा अस्वस्थकर छ। खाना पकाउन परम्परागत चुलोको प्रयोग गर्ने धेरैजसो व्यक्तिहरूको घरभित्रको वायु प्रदूषण खतराको स्तरमा पुग्ने गरेको छ। विशेषगरी तराई क्षेत्रमा पराल, गुइँठा, दाउरा आदि बाल्ने हुँदा घरभित्रको वायु प्रदूषण उच्च हुनुका साथै जाडो याममा लाग्ने बाक्लो कुहिरो/हुस्सुको कारणले घरबाहिरको प्रदूषण समेत उच्च रहेको छ।

सन् २०३० मा नेपालको परिकल्पनाले सहरहरू र गाउँहरूलाई एकअर्कासँग राम्ररी जोड्ने एवम् आबद्ध गर्ने मात्र नभई स्वच्छ वायु, स्वच्छ पिउनेपानी, फोहोरमैलाको उचित व्यवस्थापन र शारीरिक व्यायाम गर्न, खेल्न, सामाजिकीकरण गर्न र स्वस्थ रहनको लागि आवश्यक हरियाली स्थानहरूको व्यवस्था गरी यी स्थानहरूलाई बढी बस्नयोग्य बनाउने महत्वपूर्ण लक्ष्य लिएको छ। पर्यटन, कृषि र जलविद्युत् जस्ता नेपालका समृद्धिका प्रमुख स्रोतहरूलाई कुन हदसम्म उपयोग गर्न सकिन्छ भन्ने कुरा हामीले हाम्रा वातावरणीय स्रोतसाधनहरूको कति राम्रो व्यवस्थापन गर्न सक्छौं त्यसले निर्धारण गर्दछ।

दिगो समृद्धि कायमै राख्न बाह्य आर्थिक संकटहरूलाई सहनसक्ने संयन्त्रहरूको पनि विकास गर्नुपर्छ। नेपालको व्यापारिक सम्बन्धहरू र आपूर्ति शृङ्खलाहरू भारतसँग गाँसिएका छन्, साथै बाह्य कारणले मूल्यमा हुने उतारचढावहरूले मुलुकभित्र बारम्बार अस्थिरताहरू सिर्जना गर्ने गरेका छन्। एउटै देशसँग पारवहनका लागि धेरै नै भर पर्नुपर्ने अवस्थाले गर्दा पनि नेपाल नाकाबन्दीको जोखिममा रहेको छ। समृद्धिलाई कायमै राखिरहन उच्च मात्राको ऊर्जा सुरक्षा हुनुपर्छ। यसको साथै पूर्वाधारहरूको पनि राम्रो व्यवस्था हुन आवश्यक छ जसले दुवै छिमेकी मुलुकहरूमार्फत समुद्रसम्मको सहज पहुँच प्रदान गर्नुका साथै तेस्रो मुलुकसँग पनि हवाई सेवामार्फत बस्तु निकासी पैठारीमा सहज सम्पर्क स्थापित गर्दछन्।

**स्वच्छ ऊर्जामा आधारित खाना पकाउने पद्धति, इँटा तथा विद्युत् उत्पादन गर्ने पद्धतिका साथै वातावरणमैत्री यातायात प्रणालीलाई सन् २०३० सम्ममा पूर्ण रूपमा अवलम्बन गर्नैपर्छ।**

दिगोपनाले वित्तीय उत्तरदायित्व पनि माग गर्दछ। नेपाल एउटा सङ्घीय राष्ट्रमा विकसित भइसकेको अवस्थामा थपिएका संवैधानिक भूमिकाहरू र आवधिक चुनावहरू सम्पन्न गर्न सरकारका विभिन्न तहहरुमा उपलब्ध स्रोतसाधनहरूको विवेकशील बिनियोजन आवश्यक छ। कानूनी विवादहरूलाई शान्तिपूर्ण ढङ्गले निरूपण गर्न सक्षम संस्थागत संयन्त्र निर्माण गर्नु जरुरी छ। स्थानीय सरकारअन्तर्गत सामाजिक एवं पूर्वाधार आयोजनाहरूमा रहेको बढ्दो अपेक्षा र सीमित स्रोत साधनबीच तादात्म्यता मिलाउन विश्वसनीय स्थानीय कराधार कायम गर्नुपर्दछ। यस्तै उद्यमहरूलाई फस्टाउनका लागि एउटा व्यावसायिक वातावरण र युवा नेपालीहरूको निम्ति ठूलो सङ्ख्यामा रोजगारीहरू सिर्जना गर्न प्राथमिकता दिनु जरुरी छ।



परिच्छेद - २

# दिगो विकास लक्ष्यहरू कार्यान्वयनको चरण (Stage for the Implementation of Sustainable Development Goals)

दिगो विकास कार्यसूची आर्थिक, सामाजिक र वातावरणीय तीनओटा खम्बाहरूमा भरपर्छ। यिनीहरूले अघिल्लो परिच्छेदको विकासको पुनरावलोकन गर्दछन् जहाँ नेपालका आकाङ्क्षाहरू सन् २०३० सम्ममा समृद्धिलाई सिर्जना गर्ने, वितरण गर्ने र दिगो बनाउने कुराहरूमा सङ्गठित गरिएका छन्।

दिगो विकास लक्ष्यहरूलाई सर्वप्रथम सन् २०१२ (रिओ +२०) जुनमा रिओदेजेनरियोमा भएको दिगो विकाससम्बन्धी संयुक्त राष्ट्रसङ्घीय सम्मेलनमा औपचारिक रूपमा छलफल गरिएको थियो भने त्यसपछि सेप्टेम्बर २०१४ मा संयुक्त राष्ट्रसङ्घको महासभामा यसबारेमा छलफल भएको थियो। सहस्राब्दी विकास लक्ष्य हासिल गरिसक्ने समयभन्दा अगाडि दिगो विकास लक्ष्यहरूका निम्ति संयुक्त राष्ट्रसङ्घको खुला कार्य समूहले सन् २०१६ देखि २०३० सम्मका लागि दिगो विकासका १७ ओटा लक्ष्यहरू र १६९ ओटा परिमाणात्मक लक्ष्यहरू भएको एउटा सूची प्रस्ताव गऱ्यो। सहस्राब्दी विकास लक्ष्यहरूलाई प्रतिस्थापन गर्ने गरी पृथ्वी, मानिस र तिनीहरूको समृद्धिको निम्ति विश्वव्यापी रूपमा सहमति गरिएका विकासका साझा खाका नै दिगो विकास लक्ष्यहरू हुन्। दिगो विकास लक्ष्य मूलतः सहस्राब्दी विकास लक्ष्यको जगमा बसेको छ र यसले अधिकारमा आधारित दिगो विकासका वृहत् दायरा समेटेको छ। दिगो विकास लक्ष्यका उपलब्धि मापन र अनुगमन गर्न २३० भन्दा बढी सूचकहरू प्रस्ताव गरिएका छन्।

दिगो विकास लक्ष्यहरूको कार्यान्वयनको निम्ति खाका तय गर्दा देहायअनुसारका तत्वहरू चासोमा थिए : पहिलो, प्राथमिकताहरूको पहिचान; दोस्रो, नीतिगत हस्तक्षेप; तेस्रो, स्रोतसाधनहरूको लगानी र चौथो, संस्थागत तत्परता। यी चारओटा आई (Identification, Instruments, Investment / Institutions) ले पाँचौं 'आई' (Implementation) लाई प्रत्यक्ष सहयोग पुऱ्याउँछन्। यिनीहरूले दिगो विकास लक्ष्यहरूको कार्यान्वयनका लागि युक्तिसङ्गत मार्गदर्शन प्रदान गर्दछन्।

## २.१ पहिचान (Identification)

सहस्राब्दी विकास लक्ष्यहरू (२००१-२०१५) सफल भए किनकि तिनीहरूको समयसीमा निर्धारण गरिएको तथा परिमाणात्मक लक्ष्यहरू उल्लेख गरिएको थियो भने तिनीहरूको अनुगमन पनि सरल थियो। यद्यपि, धेरै मुद्दाहरूको सन्दर्भमा तिनीहरूले विकासको मुख्य कारणहरू पहिल्याउन सकेनन्। दिगो विकास लक्ष्यहरू सहस्राब्दी विकास लक्ष्यहरूका केवल विस्तारित रूप मात्र नभएर यिनीहरूले असमानता र मानव अधिकार जस्ता जटिल मुद्दाहरू सम्बोधन गर्न पनि खोजेका छन्। तिनीहरूले विकासको लागि बढी समग्रतापूर्ण (Holistic) दृष्टिकोणलाई स्वीकार गरेका छन्। तथापि, केही सरकारहरूले उच्च आकाङ्क्षाका कारण धेरै लक्ष्यहरू र परिमाणात्मक लक्ष्यहरूलाई अभिलाषाहरूका रूपमा लिने गरेका छन्। नेपालको वर्तमान विकासको अवस्थालाई ध्यानमा राख्दै

**दिगो विकास लक्ष्यहरू सहस्राब्दी विकास लक्ष्यहरूका केवल विस्तारित रूप मात्र नभएर यिनीहरूले असमानता र मानव अधिकार जस्ता जटिल मुद्दाहरू सम्बोधन गर्न पनि खोजेका छन्।**

अवधारणात्मक स्पष्टताका लागि दिगो विकास लक्ष्यहरूलाई देहायका पाँचओटा समूहहरूमा समूहीकृत गरिएको छ।

**मानव सभ्यताका आधारभूत पक्षहरू** (Basic mark of civilization)

चारओटा लक्ष्यहरू (१, २, ६, ७) ले गरीबी र भोकमरी अन्त्य गर्ने र सबैको निम्ति आधारभूत पिउनेपानी, सरसफाई र आधुनिक ऊर्जा उपलब्ध गराउनेबारेमा चर्चा गर्दछन्। उपलब्ध प्रविधिहरू र वित्तीय साधनहरूले विश्वका हरेक नागरिकहरूले पाउनुपर्ने न्यूनतम आवश्यकताहरूको निम्ति यी लक्ष्यहरूले एउटा स्तर तोकेका छन्। यिनीहरूले २१ औं शताब्दीमा मानव सभ्यताको आधारभूत प्रतीकको रूपमा भौतिक मापदण्डहरू निर्धारण गर्छन्।

**मानव क्षमताहरू तथा सोसँग सम्बन्धित निकायहरूको भूमिका** (Exercise of human capabilities and agency)

लक्ष्य ३ र ४ ले स्वस्थ जीवन, गुणस्तरीय शिक्षा र जीवनपर्यन्त शिक्षाका बारेमा चर्चा गर्छन्। तिनीहरू आफैं विकासका साध्यहरू मात्र नभई उच्च उत्पादनमूलक अर्थतन्त्र र नागरिक सक्षमतालाई केन्द्रबिन्दुमा राख्ने साधनहरू पनि हुन्।

**उच्च मानव आकाङ्क्षा** (High human aspiration)

लैङ्गिक समानता कायम गर्ने, असमानता घटाउने, शान्ति कायम गर्ने, न्यायमा पहुँच र समावेशी निकायहरूसम्बन्धी लक्ष्यहरू (५, १० र १६) आधुनिक, प्रजातान्त्रिक राष्ट्र-राज्यहरूको माथिल्लास्तरका आकाङ्क्षाहरूसँग मिल्दाजुल्दा छन्। पूर्ण समानता वा पहुँच समयबद्ध रूपमा प्राप्त गर्न कठिनाइ हुनसक्छ, तथापि यिनीहरू निरन्तर रूपमा हासिल गर्न लागिरहनुपर्ने उपयुक्त लक्ष्यहरू हुन्।

**दिगो प्रगतिको निम्ति साधनहरू** (Means for sustained progress)

लक्ष्यहरू ८, ९, ११ र १२ आर्थिक वृद्धि, रोजगारी, उत्थानशील पूर्वाधारहरू, औद्योगीकरण, सहर र वस्तीहरु उपभोग तथा उत्पादनको दिगोपनासँग सम्बन्धित छन्। यी लक्ष्यहरू जीवन र मानव प्रतिष्ठाका औसत गुणस्तरमा वृद्धि गर्नका लागि आवश्यक स्रोतसाधनहरूको सिर्जना र तिनीहरूलाई कायम गरिराख्ने लक्ष्यहरू हुन्।

**भावी समृद्धिका चुनौतीहरू** (Threats to future prosperity)

लक्ष्यहरू १३, १४ र १५ ले विश्वका आम मानिसहरूको हित संरक्षण गर्ने सम्बन्धमा चर्चा गर्छन्। वातावरण परिवर्तनदेखि महासागरहरू, सामुद्रिक स्रोतहरू र वन, मरुभूमीकरण, जमिनको क्षयीकरण र जैविक विविधतालाई समेटेका यी लक्ष्यहरूले आर्थिक वृद्धि हासिल गर्दा र यसको लाभहरूको बाँडफाँड गर्दा प्राकृतिक सम्पदालाई संरक्षण गर्नुपर्ने आवश्यकतामा जोड दिएका छन्। यसैगरी भौतिक विकासका लक्ष्यहरू हासिल गर्दा वातावरणीय पक्षसँग कदापि सम्झौता गर्नुहुँदैन।

माथि उल्लिखित पहिला ३ सेट लक्ष्यहरू कार्यक्षेत्रका दृष्टिकोणले धेरै हदसम्म राष्ट्रिय लक्ष्यहरू हुन्, तर पछिल्ला २ सेट लक्ष्यहरूको आयाम क्षेत्रीय र विश्वव्यापी छ। दिगो विकास लक्ष्य १७ ले कार्यान्वयनका साधनहरूलाई सुदृढीकरण गर्न र विश्वव्यापी साझेदारीहरूलाई पुनः जीवन्त पार्न आह्वान गर्दछ। सीमित स्रोत साधनको परिप्रेक्ष्यमा लक्ष्यहरूको प्राथमिकीकरण गर्ने कार्य मुख्य चुनौतीको रूपमा रहेको छ। लक्ष्यहरूलाई १२-१५ वर्षको दीर्घकालीन क्रममा मिलाइ तिनीहरूको लागत अनुमान गरिनुपर्दछ। यिनीहरूको कार्यान्वयनका लागि शुरु बिन्दु देशको चौधौं योजना हो जसले वार्षिक बजेटको प्राथमिकताहरू निर्धारण गर्न दिशानिर्देश गर्दछ। यो योजनामा पहिचान गरिएका विकासका मूलभूत प्रश्नहरू धेरै हदसम्म (Varying degrees) दिगो विकास लक्ष्यहरूसँग सम्बन्धित छन्। सबै दिगो विकास लक्ष्यहरू सबै देशहरूका लागि महत्वपूर्ण, अभिभाज्य र समान छन् तापनि तिनीहरूको प्राथमिकता क्रम भने देशविशेष फरक हुनसक्छ। त्यसैले लक्ष्यहरूको लागि १ देखि १७ सम्मको प्राथमिकता क्रम निर्धारण गर्न कठिन छ। तथापि, लक्ष्यहरूभित्र सन्निहित भएका परिमाणात्मक लक्ष्यहरू र सूचकहरू आफैंले नै बढी स्पष्ट क्रम र प्राथमिकताहरू दर्शाउन सक्छन्। लक्ष्यहरूलाई विषय (Thematic) अनुरूप समूहीकृत गर्न सकिन्छ।

प्राथमिकताका क्षेत्रहरू क्षेत्रगत (Sectors) हुनुपर्नेछ जहाँ सहस्राब्दी विकास लक्ष्यहरूको कार्यसूची अझै पूरा भएको छैन। नेपालको सन्दर्भमा त्यस्ता लक्ष्यहरू प्राथमिकतामा पर्दछन् जसले समावेशी आर्थिक वृद्धि गर्ने, रोजगारी सृजना गर्ने, सुदृढ सामाजिक संरक्षण गर्नका साथै विपद् जोखिम न्यूनीकरण गर्ने सामर्थ्य राख्दछन्। तथापि, दिगो विकास लक्ष्यहरू आफैँमा मात्रै सीमित लक्ष्यहरू हैनन्। एउटा लक्ष्यका उपलब्धिहरू अरू लक्ष्यहरूको उपलब्धिहरूको निम्ति पनि सहयोगी बन्न सक्छन्। उदाहरणका लागि, गरीबी घटाउने कुरा भोकमरी घटाउने, लैंङ्गिक विभेदहरू कम गर्ने कुरा शिक्षा र स्वास्थ्यमा हासिल हुने सकारात्मक परिणामहरू र वातावरणीय तनावहरू (Stresses) मा भरपर्दछ।

कुनै खास दिगो विकास लक्ष्यको प्राथमिकीकरणलाई अन्तर्राष्ट्रिय विकास साझेदारहरूबाट हुने सहयोग, स्रोत साधन र लगानीको उपलब्धताले पनि निर्देशित गर्दछ। यिनीहरूको निर्धारण आवश्यकताहरूको मूल्याङ्कनपश्चात् गरिन्छ।

प्राथमिकताहरू निर्धारण गरिसकेपछि तिनीहरूको क्रम मिलाउने कार्य महत्वपूर्ण हुन्छ। (क) नयाँ कानूनी वा सङ्गठनात्मक व्यवस्था गर्न आवश्यक नपर्ने, (ख) विकासका परिणामहरूको रूपमा कम प्रतिफल प्रदान गर्ने र (ग) उच्च प्राथिमिकताप्राप्त लक्ष्यहरूबाट प्रतिफल प्राप्त गर्नका लागि पहिल्यै हासिल नभइकन सम्भव नहुने लक्ष्यहरू तथा परिमाणात्मक लक्ष्यहरूले शुरुमै ध्यान आकर्षित गर्छन्।

एकपटक दिगो विकासका लक्ष्यहरू आवधिक योजना र वार्षिक बजेटमा समावेश भइसकेपछि राष्ट्रिय योजना आयोगजस्ता निकायद्वारा दिगो विकास लक्ष्यहरूका दृष्टिकोणबाट वार्षिक बजेटको परीक्षण गरिनु आवश्यक छ। स्वार्थको द्वन्द्वलाई रोक्न यस्तो परीक्षण गर्ने निकाय दिगो विकासका लक्ष्यहरू कार्यान्वयन गर्ने निकाय भने हुनुहुँदैन।

प्रतिफल र परिणामहरूको प्रभावकारी अनुगमन गर्न एउटा नतिजा-खाका पनि बनाइनुपर्ने हुन्छ। दिगो विकास लक्ष्यहरूको प्राथमिकता निर्धारण गर्दा वित्तीय पक्ष सँगसँगै व्यवस्थापकीय, संस्थागत र यीसँग गाँसिएका क्षमतासम्बन्धी सीमालाई पनि ध्यान दिनुपर्दछ। यस्तो प्रणालीलाई संस्थागत गर्न आवश्यक छ जसले विश्लेषण, मूल्याङ्कन र सूचनाको आधारमा हरेक आयोजनाहरूको प्राथमिकता निर्धारण गर्दछ। दिगो विकासका लक्ष्यहरूको महत्वाकाङ्क्षी कार्यान्वयनको लागि तथ्यमा आधारित नीति निर्माणको राम्रो संस्कृतिको माग गर्दछ। दिगो विकासका लक्ष्यहरूको कार्यान्वयन र हासिल गरेको प्रगति सम्बन्धमा आवश्यक सूचनाहरू उपलब्ध गराउन सन् २०१६ देखि २०३० सम्मका लागि दिगो विकासका लक्ष्यहरूसम्बन्धी एउटा ड्यासबोर्ड पनि बनाइनुपर्छ।

नेपालमा सात प्रदेश र ७५३ स्थानीय सरकारहरू स्थापना भइसकेको हुनाले दिगो विकासका लक्ष्यहरूको कार्यान्वयनको धेरैजसो बोझ प्रादेशिक र स्थानीय सरकारहरूमा सर्नेछ। दिगो विकासका लक्ष्यहरूको स्थानीयकरण विभिन्न दृष्टिकोणले महत्वपूर्ण छ। पहिलो, महत्वपूर्ण सार्वजनिक सेवाहरू जसले दिगो विकासका लक्ष्यहरूको सामाजिक पक्षहरूमा विशेष स्थान राख्छन् तिनीहरू अब प्रादेशिक र स्थानीय तहहरूको जिम्मेवारीअन्तर्गत पर्दछन्। यस्ता सेवाहरूमा आधारभूत तथा माध्यमिक शिक्षा, प्राथमिक स्वास्थ्य उपचार, पिउनेपानीको आपूर्ति र सरसफाई, कृषि, आधारभूत पूर्वाधारहरू र सामाजिक सुरक्षा जस्ता सेवाहरू पर्दछन्। दोस्रो, प्रादेशिक र स्थानीय सरकारहरूलाई संविधानद्वारा दिइएको राजश्व तथा अन्य स्रोतहरूको परिचालनको अधिकारले प्रादेशिक र स्थानीय स्तरमा दिगो विकास लक्ष्यहरूमा लगानी वृद्धि गर्न सहयोग पुग्दछ। तेस्रो, भौगोलिक रूपमा विकासको उपलब्धिहरूको असमान अवस्थालाई दृष्टिगत गर्दा दिगो विकासका लक्ष्यहरूको प्राथमिकीकरण र क्रम अब स्थानीय परिप्रेक्ष्यहरूअनुरूप अझ राम्ररी हुनसक्छ। चौथो, जब दिगो विकासका लक्ष्यहरू कार्यान्वयन प्रादेशिक र स्थानीय तहहरूमा गरिन्छ तब स्थानीय जनताको सहभागिता र प्रभावकारी सेवा प्रवाह बढी

**नेपालको सन्दर्भमा त्यस्ता लक्ष्यहरू प्राथमिकतामा पर्दछन् जसले समावेशी आर्थिक वृद्धि गर्ने, रोजगारी सृजना गर्ने, सुदृढ सामाजिक संरक्षण गर्नका साथै विपद् जोखिम न्यूनीकरण गर्ने सामर्थ्य राख्दछन्।**

सुनिश्चित हुनसक्छ। पाँचौं, विकासको प्रतिफल बाँडफाँडमा "कसैलाई पनि पछि पारिने छैन" भन्ने सिद्धान्तमा आधारित र विकासको परिणाम समतामूलक बनाउन गरीबी र अभावग्रस्त क्षेत्रमा लक्षित कार्यक्रमहरू सञ्चालन गरिनु आवश्यक छ। यस्तो काम राम्ररी तब सम्पादन गर्न सकिन्छ जब सूचना तथा अनुगमनसम्बन्धी अधिकार स्थानीयस्तरमै सुनिश्चित हुन्छ।

विकासका चुनौतीहरूलाई प्राथमिकीकरण गर्दा माथितिर हेर्ने र महत्वाकाङ्क्षी लक्ष्यहरू तथा उच्चतम् उपलब्धिहरू हासिल गर्ने मोह पनि हुने गर्छ। स्थानीयस्तरका जोखिमहरूलाई कहिलेकाँही कम आकलन गर्ने र वास्ता नगर्ने पनि गरिन्छ। नेपालमा भूकम्प, बाढी, पहिरो, हिमपहिरो, आगलागी, र देशव्यापी महामारी जस्ता विपद्हरूका घटनाहरू घटिरहन्छन्। सन् २०१५ को विनाशकारी भूकम्पमा देखिए जस्तै विपद्हरूले विकासको गतिलाई रोक्नुका साथै यसका उपलब्धिहरूलाई समेत नाश गर्दछन्। यसर्थ, दिगो विकासका लक्ष्यहरूको आवश्यकताहरूको मूल्याङ्कन गर्दा विपद् जोखिम न्यूनीकरणका लागि पर्याप्त योजना/कार्यक्रमहरू पहिचान गरिनुपर्छ। दिगो विकासका लक्ष्यहरू आफैंमा पनि धेरैजसो जोखिमहरूलाई कम गर्नेगरी डिजाइन गरिएका छन्। जोखिम मूल्याङ्कनमा पूर्वसक्रियता जरुरी छ र यस्ता जोखिम न्यूनीकरणको कार्यलाई उच्च प्राथमिकता दिइनुपर्छ। विपद्पछिका उद्धार कार्यहरू सफल रूपमा सम्पन्न गर्नेभन्दा पनि विपद्पूर्वका तयारीहरूमा समेत समानुपातिक तवरले आवश्यक ध्यान दिनु जरुरी छ।

**दिगो विकासका लक्ष्यहरू आफैंमा पनि धेरैजसो जोखिमहरूलाई कम गर्नेगरी डिजाइन गरिएका छन्। जोखिम मूल्याङ्कनमा पूर्वसक्रियता जरुरी छ र यस्ता जोखिम न्यूनीकरणको कार्यलाई उच्च प्राथमिकता दिइनुपर्छ।**

विपद् व्यवस्थापनका सम्बन्धमा हरेक राष्ट्रले एकीकृत योजना, चुस्त निर्णय प्रक्रिया र बजेट सुनिश्चितता जस्ता विषयहरूलाई तयारी अवस्थामा राख्नुपर्छ भन्ने सोच व्याप्त छ। बजेट, योजना र ऐन नियममा हुने पूर्वसहमतिले वास्तवमै प्रभावकारिता ल्याउँदछ, अन्यथा विपद् व्यवस्थापनको कार्य प्रभावकारी नहुन सक्दछ। पूर्वजोखिम व्यवस्थापन (तयारीहरू) र जोखिमपछिको व्यवस्थापन (उद्धार) को एउटा राम्रो सन्तुलनको लागि जोखिमहरूबारेको ज्ञान, जोखिमहरूको सम्भावनालाई कम गर्नका निम्ति संरक्षण र जब संरक्षणले जोखिमहरूको अन्त्य गर्न सक्तैन तब बिमा योजनाहरूको समेत आवश्यकता पर्दछ।[२२]

विपद्हरू पूर्वसूचनाविना घट्छन् र तिनीहरूको पूर्वानुमान गर्न पनि कठिन हुन्छ। तथापि, जलवायु परिवर्तन जस्ता विस्तारै बढ्दै जाने तथा लामो क्षितिज भएका विपद्हरूलाई न्यूनीकरण गर्ने कार्यक्रम योजनाहरूमा समावेश गरी सोको कार्यान्वयनद्वारा यिनीहरूको असर कम गर्न सकिन्छ। दृष्टान्तको रूपमा, जलवायु परिवर्तनद्वारा बढाइएको वा बढ्दै गएको सुख्खा/खडेरीका नकारात्मक परिणामहरू कृषि, जनजीविका, पानीको पहुँच, खाद्य सुरक्षा, र महिला र बालबालिकाहरूको पोषण अवस्थामा लामो समयसम्म पनि रहने हुन्छ। नेपालमा पूर्वानुमान गर्न नसकिने विपद्हरू जसले थप आर्थिक स्रोतहरू र मानव संसाधनहरूको (जस्तै स्वयम्सेवकहरूको ठूलो संजाल) माग गर्दछन् तिनीहरूको लागि प्राथमिकतासहितका आकस्मिक योजना बनाइनुपर्छ।

## २.२ नीतिगत/कार्यक्रमसम्बन्धी औजारहरू (Instruments)

मुख्य लक्ष्यहरू र परिमाणात्मक लक्ष्यहरूलाई पहिचान र प्राथमिकीकरण गरेपछि यससम्बन्धी बनाइनुपर्ने नीति/रणनीतिहरू र हस्तक्षेपकारी कार्यहरू (Interventions) का लागि नीतिगत औजारहरू (नीति/निर्देशिकाहरू) का प्रकृति/स्वरूपहरू निश्चय गर्नुपर्ने हुन्छ। यस्ता नीतिगत औजारहरूका निम्ति पुँजी लगानी र जनशक्ति आवश्यक हुन्छ वा कलमी (Stroke-of-the pen) नीतिगत सुधारहरू मात्र ? कस्तो प्रकारका सहक्रियाहरू (Synergies) र सङ्गतिहरू चाहिएको छ वा तिनीहरूलाई कस्तो आकार दिनुपर्छ ? राज्य, निजी क्षेत्र र नागरिक समाजलाई के कस्ता भूमिकाहरू दिनुपर्छ ? यस्ता साझा लक्ष्यहरू प्राप्त गर्नको

२२ World Development Report 2014

लागि आवश्यक पर्ने सहयोग र साझेदारीका निम्ति के कस्ता प्रोत्साहनको व्यवस्था गरिनु आवश्यक पर्छ ? यस्ता कार्यहरूको निम्ति लगानी/प्रयासहरू शुरुमा बढी लगाउनुपर्छ (Front-loaded) वा पछि बढी लगाउनुपर्छ (Back-loaded)? भन्ने सबालहरू यकिन गरिनुपर्दछ ।

नीतिगत र कार्यगत हस्तक्षेपहरू कार्यप्रकृति र क्षेत्रअनुसार फरक फरक हुन्छन् । भूकम्पपछिको पुनर्निर्माण कानूनद्वारा नै सन् २०२० सम्ममा पूरा गरिसक्ने गरी प्रस्ताव गरिएको छ । यसर्थ, यस क्षेत्रमा धेरै मात्रामा लगानी अगाडि नै गर्ने कार्यक्रम रहेको छ । कृषि क्षेत्रमा पनि लगानी विस्तारै घट्दै जान्छ, किनकि ठूला सिचाइ आयोजना र सडक, विद्युत् र बजारसम्बन्धी कृषिसँग सम्बन्धित पूर्वाधारमा हुने लगानी दिगो विकास लक्ष्यको शुरुको अवधिमा नै हुने अनुमान छ ।

अर्कोतर्फ, जनसङ्ख्यामा क्रमशः पाको उमेरका मानिसहरूको अनुपात बढ्दै जाने र विश्वव्यापी रूपमा स्वास्थ्य बिमा योजना लागू हुँदै जाने देखिएकाले स्वास्थ्य जस्ता क्षेत्रमा लगानी वृद्धि हुँदै जानेछ । ऊर्जा क्षेत्रमा पनि लगानी पछिल्ला अवधिमा बढाउनुपर्ने हुन्छ । ठूला जलविद्युत् आयोजनाहरू दिगो विकास लक्ष्यअन्तर्गत पछिल्ला वर्षहरूमा कार्यान्वयन गरिनेछ । यातायात, उद्योग, वन, लैङ्गिक, पर्यटन, र जलवायु परिवर्तन जस्ता केही क्षेत्रलाई भने निरन्तर रूपमा ध्यान दिनु जरुरी छ ।

प्रधानमन्त्रीले यस प्रतिवेदनको प्राक्कथनमा उल्लेख गर्नुभए जस्तै दिगो विकास लक्ष्यहरू सरकारका मात्र जिम्मेवारीका विषयहरू हैनन्; तिनीहरू राष्ट्रिय, देशव्यापी चासोका विषयहरू पनि हुन् । तसर्थ, यसको लागि सरकारी, गैरसरकारी, निजी र सामुदायिक क्षेत्रहरूबीचको रणनीतिक साझेदारी हुनु जरुरी छ । दिगो विकास लक्ष्यहरूको कार्यसूचीमा राजनीतिक रूपमा संसद्मा साथसाथै राजनीतिक दलहरूभित्र पनि महत्वपूर्ण सहमति हुन आवश्यक छ ।

सहस्राब्दी विकास लक्ष्यहरूको अवधिमा भन्दा अहिले निजी क्षेत्रको भूमिका उल्लेखनीय रूपमा बढेको छ । साझेदारी विश्वसनीय हुनका लागि त्यस्तो संयन्त्र हुन आवश्यक छ जसद्वारा निजी क्षेत्र दिगो विकास लक्ष्यहरूसँग सम्बन्धित नीति निर्माण, कार्यान्वयन र अनुगमनमा सहभागी हुन सकोस् । दिगो विकास लक्ष्यहरूको प्रभावकारी कार्यान्वयनले राज्यबाहिरका विकास अभियन्ताहरूको पनि अर्थपूर्ण सहभागिताको माग गर्दछ । सहस्राब्दी विकास लक्ष्यहरू हासिल गर्ने कार्यमा यस्ता अभियन्ताहरूले सहयोग पुऱ्याएका थिए जुन दिगो विकास लक्ष्यको अवधिमा पनि यस्तो सहयोगको निरन्तरता रहिरहनुपर्छ । यिनीहरूको सहभागिता दिगो विकास लक्ष्यहरूलाई प्रादेशिक र स्थानीय सरकारहरूमार्फत स्थानीयकरण गर्नका लागि साथै योजना र बजेट तर्जुमामा पृष्ठपोषण (Feedback) प्रदान गर्नको निम्ति चाहिने बलिया बहुसरोकारवाला संरचनाहरूको लागि पनि आवश्यक हुन्छ ।

नेपालको संविधानमा सहकारीको विशेष भूमिकाको परिकल्पना गरिएको छ । सहकारीहरूले सरकारी र निजी क्षेत्रका क्रियाकलापहरूको पूरकको रूपमा काम गर्ने अपेक्षा सरकारले गरेको छ । ट्रेड युनियन र युवा सङ्गठनहरू जस्ता सामाजिक सङ्गठनहरूले दिगो विकास लक्ष्यहरूको कार्यान्वयनमा संलग्न हुनु आवश्यक छ । दिगो विकास लक्ष्यका बारेमा नवीन ढङ्गले प्रचारप्रसार गर्ने कार्यमा आमसञ्चार निरन्तर रूपमा लागि रहनेछ । आम श्रोताहरूको ध्यान आकर्षित गराउने आमसञ्चारको सिर्जनशीलताले राज्यले दिगो विकास लक्ष्यहरूका लागि लगाउने राजनीतिक पुँजीलाई धेरै हदसम्म निर्धारण गर्नेछ ।

नेपालमा कार्यरत विभिन्न १९ ओटा संयुक्त राष्ट्रसङ्घीय निकायहरूमध्ये करिब १३ निकायहरू दिगो विकास लक्ष्यहरूको कार्यान्वयन र अनुगमनमा प्रत्यक्ष रूपमा संलग्न छन् । तिनीहरूको भूमिका दिगो विकास लक्ष्यहरूको बारेमा चेतना जगाउन, प्राविधिक सहायता प्रदान गर्न, र सबै तहका सरकारहरूको योजना, कार्यक्रम र बजेट प्रक्रियाहरूमा दिगो विकास लक्ष्यहरूलाई एकीकरण गर्न आवश्यक पर्ने क्षमता विकासका लागि सहयोग गर्नमा महत्वपूर्ण हुनेछ ।

**सहस्राब्दी विकास लक्ष्यहरूको अवधिमा भन्दा अहिले निजी क्षेत्रको भूमिका उल्लेखनीय रूपमा बढेको छ । साझेदारी विश्वसनीय हुनका लागि त्यस्तो संयन्त्र हुन आवश्यक छ जसद्वारा निजीक्षेत्र दिगो विकास लक्ष्यहरूसँग सम्बन्धित नीति निर्माण, कार्यान्वयन र अनुगमनमा सहभागी हुन सकोस् ।**

दिगो विकास लक्ष्यको कार्यसूचीको अनुगमन र मूल्याङ्कन प्रणालीलाई सुदृढीकरण गर्ने सन्दर्भमा यस्ता निकायहरूले गरेका कार्यले दिगो विकासको मुद्दाको विश्वसनीयता र अन्तर्राष्ट्रिय स्वीकार्यतालाई बढाउँछ ।

**दिगो विकास लक्ष्यको लागि बढीभन्दा बढी स्रोत परिचालन गर्ने सम्बन्धमा दातृ निकायहरूसँगको बहुपक्षीय र द्विपक्षीय साझेदारी महत्वपूर्ण हुन्छ ।**

दिगो विकास लक्ष्यको लागि बढीभन्दा बढी स्रोत परिचालन गर्ने सम्बन्धमा दातृ निकायहरूसँगको बहुपक्षीय र द्विपक्षीय साझेदारी महत्वपूर्ण हुन्छ । बहुपक्षीय र द्विपक्षीय सहायता राज्यको सञ्चित कोषमा जम्मा गरिनुपर्छ र त्यसको बाँडफाँड राष्ट्रिय प्राथमिकताहरूअनुरूप गरिनुपर्छ । विकास साझेदारहरूबीचको सहायता सम्बन्धमा गरिने राम्रो समन्वय विकास प्रभावकारिताका निम्ति महत्वपूर्ण हुनेछ ।

नेपाल सार्कको एक सदस्य हो जसले विगतमा सहस्राब्दी विकास लक्ष्यहरूलाई अगाडि बढाउन धेरै पहलहरू गरेको छ । दिगो विकास लक्ष्यहरूलाई सम्बोधन गर्न यस क्षेत्रको सामूहिक पहल आवश्यक छ जसबाट व्यापार, लगानी, पर्यटन, पुँजी प्रवाहहरू, सीमापार प्रदूषण, बसाइँसराइ, विपद्हरू र सामाजिक सुरक्षा जस्ता विषयहरूमा सीमापार प्रभाव पर्दछ । सार्कले क्षेत्रीय लक्ष्यहरूमा सहमति कायम गरी सहकार्यलाई अगाडि बढाउन सक्छ । नेपाल समेत पक्षराष्ट्र भएको बिमेस्टेकमा पनि दिगो विकास लक्ष्यहरूसँग सम्बन्धित कार्यसूचीले स्थान पाउनुपर्छ । अरू क्षेत्रीय सहयोग नीतिहरू जस्तै, चीनको बेल्ट एण्ड रोड इनिसिएटिभ (Belt and Road Initiative) र भारतको 'छिमेकी पहिला' भन्ने नीतिमा समाहित पूर्वाधार विस्तारलाई नेपालको हितको लागि प्रयोग गरिनुपर्छ ।

दिगो विकास लक्ष्यहरूको अनुगमन र मूल्याङ्कन सरकारी, निजी क्षेत्र, नागरिक समाजका सङ्गठनहरू र बाह्य विकास साझेदारहरूको सामूहिक प्रयासहरूद्वारा गरिनुपर्छ । देशको सबै तहहरूमा सञ्चालित विकास कार्यक्रमहरू दिगो विकास लक्ष्यहरू हासिल गर्ने दिशामा सही बाटोमा छन् छैनन् भनेर हेर्नका लागि क्षमता वृद्धिसहितको एउटा बलियो र बढी सशक्त संस्थागत एवं कार्यगत संयन्त्र आवश्यक छ ।

दिगो विकास लक्ष्यहरूका लागि एउटा सशक्त, तथ्याङ्क-निर्देशित अभियान पनि आवश्यक हुन्छ । दिगो विकास लक्ष्यहरूको आवश्यकता र तिनीहरूको वर्तमान गुणस्तरको लेखाजोखाले अनुगमन लक्ष्यहरू र सूचकहरूमा ठूला अन्तर/खाडलहरू देखाउँछ । लगभग १०० सूचकहरूका लागि अझै पनि तथ्याङ्कहरू उपलब्ध छैनन् र बाँकी तथ्याङ्कको गुणस्तर पनि समान छैन । यसैले, नयाँ सर्वेक्षणहरू गर्न, नवीन विधिबाट नियमित तथ्याङ्कीय गणनाहरू र सर्वेक्षणमा आधारित मोडुलहरू तयार गर्नका लागि राष्ट्रिय तथ्याङ्कसम्बन्धी निकायको क्षमता सुदृढीकरण र इन्टरनेट क्षमतायुक्त सूचना तथा सञ्चार प्रविधिमार्फत सर्वसाधारणलाई शिक्षित बनाउन ठूलो लगानीको आवश्यकता पर्दछ ।

यस परिवेशमा विभिन्न लक्ष्यहरूले कस्तो विशेष नीति माग गर्दछन् ? यसको निम्ति दिगो विकास लक्ष्यहरूका आवश्यकताहरूको मूल्याङ्कन, लागत अनुमानहरू र वित्तीय व्यवस्थापनका बारेमा राष्ट्रिय योजना आयोगबाट भएको एक अध्ययनले समेत देखाएको छ ।

उक्त अध्ययनअनुसार यो पुस्ताको सम्भवत सबैभन्दा ठूलो चुनौती गरीबी न्यूनीकरण हो । यो कसरी गर्न सकिन्छ ? विद्यमान पुस्तक, अध्ययन प्रतिवेदनका अनुसार यसको न्यूनीकरणका लागि गरिने आवश्यक नीतिगत हस्तक्षेपहरूमा (क) लक्षित वर्गको लागि विभिन्न आयआर्जनका क्रियाकलाप सञ्चालन गर्ने र समेट्न नसकिएका (Hard-to-reach) वर्ग तथा क्षेत्रलाई लक्षित गरी सेवा विस्तार गर्ने, (ख) रोजगारीहरू सिर्जना गर्नसक्ने साना तथा मझौला उद्यमहरूलाई सहुलियतपूर्ण लघु ऋण उपलब्ध गराउने, (ग) स्थान विशेषका पूर्वाधार निर्माण गर्ने, (घ) गरीबीलाई बढाउने खालका विपद्हरूलाई रोक्ने वा न्यूनीकरण गर्ने र (ङ) सामाजिक सुरक्षाको कार्यक्रमलाई फराकिलो पार्ने जस्ता कुराहरू समावेश हुन्छन् ।

कृषिमा समावेश गर्न लागिएका नीतिगत हस्तक्षेपहरू यसप्रकार छन् : (क) कमजोर तथा पिछडिएका वर्ग वा समूहहरूका लागि खाद्य तथा पोषण सुरक्षामा सुधार, (ख) सुदृढ गरिएका कृषि प्रसार प्रणाली, (ग) वर्षैभरि सिचाइ सुविधा विस्तार, (घ) बीउ र मलको वितरणमा सुधार, (ङ) ग्रामीण सडकको विस्तार र (च) आधुनिक कृषिको व्यावसायीकरण ।

शिक्षामा गर्न लागिएका नीतिगत हस्तक्षेपहरू यसप्रकार छन् : (क) पूर्वप्राथमिक, आधारभूत र माध्यमिक शिक्षाको व्यवस्थापकीय सुधार, (ख) साक्षरता र जीवनपर्यन्त शिक्षा, (ग) शिक्षकको पेसागत विकास, (घ) विद्यालयहरूको विपद् जोखिम न्यूनीकरण र भौतिक सुरक्षा, (ङ) खेलकुदमा युवाहरूको प्रवर्द्धन, (च) उच्च शिक्षा र अनुसन्धान, (छ) प्राविधिक तथा व्यावसायिक शिक्षा र (ज) दिवा खाना र सहुलियत अनुदान लक्षित सुदृढ पोषण कार्यक्रम ।

पिउनेपानी र सरसफाईमा नीतिगत सुधार र सञ्चालन गरिने कार्यक्रमहरूमा : (क) सुरक्षित तथा बेहोर्न सकिने मूल्यमा सबैका लागि पिउने पानी र पर्याप्त सरसफाईमा समान पहुँच र आरोग्यकर अवस्था, (ख) फोहोरपानी प्रशोधन र पुनः प्रयोगका लागि प्रशोधन लगायतका पानीको गुणस्तरसम्बन्धी सरोकारका विषयहरू, (ग) पानीको अभाव हटाउन पानीको मितव्ययी प्रयोग र (घ) जलस्रोत व्यवस्थापनमा सुधारहरू र पारिस्थितिकीय प्रणालीहरूको संरक्षण जस्ता कार्यक्रम रहेका छन् ।

ऊर्जामा प्रक्षेपण गरिएका नीतिगत हस्तक्षेपहरूमाः (क) ठूला जलविद्युत् आयोजनाहरू, लघु जलविद्युत् अफग्रिड र ग्रिडमा जोडिएका सौर्यऊर्जा प्रणालीहरूमार्फत ऊर्जाको उत्पादन, (ख) प्रसारण र वितरण प्रणाली, (ग) ऊर्जा दक्षतामा सुधार र (घ) ऊर्जाको गुणस्तर निरन्तर रूपमा कायम गर्नका लागि सङ्गठन तथा व्यवस्थापन खर्चहरू जस्ता कार्यक्रम मुख्य छन् ।

समावेशी वृद्धि र उत्पादनशील रोजगारीसँग सम्बन्धित नीतिगत हस्तक्षेपहरूमा : (क) कृषि, निर्माण, उद्योग र पर्यटन जस्ता श्रममूलक क्षेत्रमा रोजगारीको सिर्जना, (ख) साना तथा मझौला उद्यमहरूको प्रवर्द्धन र वित्तीय सेवाहरूमा साना व्यावसायीहरूको पहुँच, (ग) सीप विकास, (घ) रोजगार सूचना प्रणाली, (ङ) बालश्रम उन्मूलन, (च) कार्यस्थलमा हुने चोटपटकबाट सुरक्षा र (छ) श्रम कानूनहरू लागू गर्ने जस्ता कार्यक्रमहरू समावेश छन् ।

पर्यटनअन्तर्गत गरिने नीतिगत व्यवस्था तथा सञ्चालन गरिने कार्यक्रमहरूमा होटल कोठाहरूको निर्माण, पर्यटकीय वस्तुहरूको विकास र बजारीकरणमार्फत पर्यटक आगमन वृद्धि गर्ने रहेका छन् । भौतिक पूर्वाधारअन्तर्गत गर्न लागिएका कार्यक्रमहरूमा नयाँ सडकहरू, रेलमार्ग, पुलहरू र विमानस्थलहरूको निर्माण, रणनीतिक सडक सञ्जाल र स्थानीय सडक सञ्जालहरूको मर्मत, स्तरोन्नति र नयाँ निर्माण जस्ता कार्यक्रमहरू रहेका छन् । सन् २०३० मा कुल गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको योगदानलाई सन् २०१५ मा रहेको ६ प्रतिशतबाट बढाएर १५ प्रतिशत पुऱ्याउने लक्ष्यको आधारमा उद्योग क्षेत्रमा गरिने लगानीको प्रक्षेपण गरिएको छ ।

सहरी विकास र आवासको क्षेत्रमा गरिने नीतिगत व्यवस्था र सञ्चालन गरिने कार्यक्रमहरूमा (क) सुरक्षित सहरी सडकहरूको निर्माण, (ख) पक्की सडक, सडक पेटी, कार पार्किङ जस्ता स्थानहरूको वर्षाको पानी र भूमिगत पानी बगाउनको लागि बनाइएको ढल (Storm drainage) र अन्य ढलहरूको व्यवस्थापन, (ग) गरीबको लागि घर र गरीब बस्तीहरूको स्तरोन्नति, (घ) विपद्पछिको पुनर्निर्माण र प्रकोपहरू कम गर्नका लागि विपद्पूर्वको आवश्यक तयारी र (ङ) पाइपबाट पिउनेपानीको आपूर्ति र विद्युत् जडान जस्ता सहरी सेवा तथा सुविधाहरूको निर्माण/व्यवस्थापनसम्बन्धी कार्यक्रम रहेका छन् ।

जलवायु परिवर्तनसँग सम्बन्धित नीतिगत हस्तक्षेपहरूमा : (क) उत्थानशील र अनुकूलन क्षमता निर्माण गर्ने, (ख) उत्सर्जन घटाउने, (ग)

**जलवायु परिवर्तनसँग सम्बन्धित नीतिगत हस्तक्षेपहरूमा: (क) उत्थानशील र अनुकूलन क्षमता निर्माण गर्ने, (ख) उत्सर्जन घटाउने, (ग) जलवायु परिवर्तनसँग सम्बन्धित तथ्याङ्क र अनुगमनको सुदृढीकरण गर्ने, र (घ) पूर्वाधारका निम्ति जलवायु परिवर्तनलाई रोक्ने (Climate proofing) प्रविधि जस्ता कार्यक्रम रहेका छन् ।**

जलवायु परिवर्तनसँग सम्बन्धित तथ्याङ्क र अनुगमनको सुदृढीकरण गर्ने र (घ) पूर्वाधारका निम्ति जलवायु परिवर्तनलाई रोक्ने (Climate proofing) प्रविधि जस्ता कार्यक्रम रहेका छन् । वन तथा पारिस्थितिकीय प्रणालीसँग सम्बन्धित कार्यक्रमहरूमा : (क) वन, तालतलैयाहरू, सीमसार क्षेत्रहरू, वन्यजन्तु, जैविक विविधता, र जमिनको संरक्षण, (ख) राष्ट्रिय र स्थानीय योजना प्रक्रियामा पारिस्थितिकीय र जैविक विविधतासम्बन्धी मूल्यमान्यताको एकीकरण र (ग) जलाधार क्षेत्रहरूको संरक्षण जस्ता नीति/कार्यक्रमहरू रहेका छन् ।

शासकीय क्षेत्रहरूमा गरिने नीतिगत व्यवस्था र सञ्चालन गरिने कार्यक्रमहरूमा : (क) न्यायमा पहुँच, (ख) भ्रष्टाचारविरुद्धको निम्ति क्षमता निर्माण, (ग) सार्वजनिक सेवाहरूमा सुधार, (घ) योजना र बजेट तर्जुमा तथा कार्यान्वयनका निम्ति क्षमता विकास, (ङ) मतदाता शिक्षा र (च) दिगो विकास लक्ष्यहरूको अनुगमनका लागि तथ्याङ्क प्रणालीहरू समावेश छन् ।

दिगो विकासका धेरैजसो सूचकहरू गुणात्मक प्रकृतिका भएकाले यिनीहरूको लागि आवश्यक पर्ने लगानीको आकलन गर्न सकिँदैन । यिनीहरूलाई नीति, नियमकानूनहरू तथा प्रशासनिक कामकारबाहीबाट हासिल गरिनुपर्दछ । त्यसैगरी असमानता, अन्याय, बहिष्करण वा असुरक्षा जस्ता सूचकहरू यस्ता सवालहरूलाई निरूपण गर्न डिजाइन गरिएका नीतिहरू र कार्यक्षेत्र भएका संस्थाहरूमार्फत सम्बोधन गरिनुपर्दछ ।

## २.३ लगानी (Investment)

दिगो विकास लक्ष्यहरूको अवधि (२०१६-२०३०) मा वर्षेनी गर्नुपर्ने लगानीको प्रारम्भिक अनुमानअनुसार कुल गार्हस्थ्य उत्पादनको ४२ देखि ५४ प्रतिशतसम्म लगानी गर्नुपर्छ । प्रतिवर्ष औसत आवश्यकता करिब १७ खर्ब ७० अर्ब रुपैयाँ हुने अनुमान गरिएको छ, अर्थात् दिगो विकासको पूरै अवधिमा कुल गार्हस्थ्य उत्पादनको करिब ४९ प्रतिशत लगानी आवश्यक पर्नेछ । आवश्यकताहरू र लगानीहरूको विस्तृत लेखाजोखा छुट्टै रूपमा प्रकाशित गरिएको छ ।

यो स्तरको लगानीको लागि सबै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सरकारी र निजी स्रोतहरू पूर्ण रूपमा परिचालन गर्न आवश्यक छ । लगानीकर्ता समूहहरूमध्ये परिवारहरूलाई सबैभन्दा कम लगानी गर्नसक्ने समूहमा लिइएको छ । तिनीहरूले आफ्नो आयको ठूलो हिस्सा दुवै सरकारी र निजी क्षेत्रहरूले उपलब्ध गराउने आधारभूत सामाजिक र आर्थिक/वित्तीय सेवाहरूमा खर्च गर्दछन् । परिवारहरू आयको दृष्टिकोणले फरक छन् । राष्ट्रिय गरीबी रेखाको तुलनामा तिनीहरूको स्थानलाई खण्डीकृत रूपमा हेर्दा साथै तिनीहरूको सीमान्त उपभोग र खर्च गर्ने प्रवृत्तिलाई फरक फरक अनुमानहरूको आधारमा लेखाजोखा गर्दा परिवारहरूले दिगो विकासका लक्ष्यहरूको निम्ति आवश्यक कुल लगानीमध्ये पाँच प्रतिशतसम्म मात्र वित्तीय स्रोत परिचालन गर्नसक्ने देखिन्छ ।

निजी क्षेत्रले उद्योग, ऊर्जा, भौतिक पूर्वाधार, आवास तथा बस्ती विकास, सहरी पूर्वाधार र पर्यटन क्षेत्रमा बढी लगानी गर्ने अपेक्षा गरिएको छ। निजी क्षेत्रले पर्यटन, औद्योगिक तथा यातायात पूर्वाधारमा आवश्यक पर्ने कुल लगानीको करिब पाँच भागको तीन भाग (अर्थात् ६० प्रतिशत) योगदान गर्ने अनुमान छ ।

सरकारी क्षेत्रले दिगो विकास लक्ष्यहरूका लागि आवश्यक पर्ने कुल लगानीमध्ये करिब ५५ प्रतिशत लगानी बेहोर्ने अनुमान गरिएको छ । यस्तो लगानी गरीबी न्यूनीकरण र त्यसपछि कृषि, स्वास्थ्य, शिक्षा, लैङ्गिक, खानेपानी र सरसफाई, यातायात पूर्वाधार, जलवायुसम्बन्धी कार्य, र शासकीय क्षेत्रमा गरिनेछ । सरकारी लगानी सबैभन्दा कम पर्यटन क्षेत्रमा र त्यसपछि ऊर्जा, उद्योग, र सहरी पूर्वाधार (मुख्यतया बस्ती विकास) मा हुने अनुमान गरिएको छ ।

सरकारी क्षेत्रबाट बेहोर्ने लगानीअन्तर्गत सबैभन्दा ठूलो वित्तीय खाडल पूर्वाधारको क्षेत्रमा हुनेछ। खानेपानी र सरसफाई, ऊर्जा, यातायात, औद्योगिक र सहरी पूर्वाधार क्षेत्रमा ५८ प्रतिशत र गरीबी न्यूनीकरण, स्वास्थ्य, शिक्षा र लैङ्गिक जस्ता सामाजिक क्षेत्रमा ३१ प्रतिशत रकम नपुग हुनेछ। आर्थिक क्षेत्रमा अहिले भइरहेको स्रोत बाँडफाँडको प्रवृत्तिलाई दृष्टिगत गर्दा यस क्षेत्रले खासै यस्तो अवस्थाको सामना गर्नुपर्ने छैन। कृषिमा वित्तीय खाडल कम हुने सम्भावना छ भने सिचाइ, ग्रामीण सडक र विद्युतीकरणको लागि शुरुका वर्षहरूमा नै लगानी गरिने हुनाले यिनीहरूमा यस्तो अन्तर कम हुने अनुमान छ।

दिगो विकास लक्ष्यहरूका लागि सरकारी क्षेत्रबाट हुने लगानीमध्ये ६२ प्रतिशत स्वदेशी वित्तीय स्रोतबाट बेहोरिनेछ। जसअन्तर्गत राजस्व परिचालन र आन्तरिक ऋण पर्दछ। यसबाहेक आधिकारिक विकास सहायताबाट अर्को थप २० प्रतिशत लगानी हुनेछ। वैदेशिक सहयोग सन् २०१६ देखि २०२० को अवधिमा कम्तीमा १० प्रतिशत, २०२१ देखि २०२५ सम्मको अवधिमा पाँच प्रतिशत र बाँकी अवधिमा दुई प्रतिशतका दरले वृद्धि हुने पूर्वानुमानको आधारमा उल्लिखित अनुमान गरिएको हो। आधिकारिक विकास सहायताको मात्रा अहिलेको भन्दा दोब्बर गरिनुपर्नेछ। देशभित्रै उठेको रकमको करिब दुईतिहाइ र आधिकारिक विकास सहायताको करिब ९० प्रतिशत दिगो विकास लक्ष्यहरूका लागि प्रवाह गरिनुपर्ने अनुमान गरिएको छ।

निजी क्षेत्रमा वित्तीय स्रोतको कमी सबैभन्दा बढी यातायात, उद्योग, ऊर्जा र सहरी विकासमा हुनेछ। निजी क्षेत्रका वित्तीय स्रोतहरूमा स्वदेशी बचतमार्फत सिर्जना गरिएका इक्युटि, प्रत्यक्ष विदेशी लगानीबाट परिचालन गरिएको विदेशी इक्युटि, स्वदेशी तथा विदेशी बैङ्कहरूले प्रदान गर्ने ऋणहरू र सार्वजनिक-निजी साझेदारीहरूको माध्यमबाट सरकारी क्षेत्रसँगको साझेदारीमा सिर्जित स्रोतहरू पर्दछन्।

विपन्न क्षेत्रमा गरिनुपर्ने पाँच प्रतिशत अनिवार्य लगानीसहित बैङ्किङ क्षेत्रको ५० प्रतिशत ऋण दिगो विकास लक्ष्यहरूको कार्यान्वयनमा प्रवाह हुने अनुमान छ। स्वदेशी इक्विटि लगानी, ऋण (क्रेडिट बाँडफाँड) लगानीका ढाँचा र विदेशी प्रत्यक्ष लगानीहरूलाई दृष्टिगत गर्दा दिगो विकास लक्ष्यहरूमा वार्षिक औसत निजी लगानी करिब ३ खर्ब ८२ अर्ब रुपैँया हुनेछ। निजी क्षेत्रको लगानी अन्तरलाई दिगो विकास लगानीको लक्ष्यहरूमा भन्दा बाहिर गरिएको लगानीलाई दिगो विकास लक्ष्यहरूको कार्यान्वयनमा लगाएर, ठूलो मात्रामा इक्विटि परिचालन गरेर, बैङ्कबाट गरिने लगानी र विदेशी प्रत्यक्ष लगानी विशेषगरेर उद्योगहरू र भौतिक पूर्वाधारहरूमा आकर्षित गरेर पूरा गरिनुपर्छ।

**निजी क्षेत्रको लगानी अन्तरलाई दिगो विकास लगानीको लक्ष्यहरूमा भन्दा बाहिर गरिएको लगानीलाई दिगो विकास लक्ष्यहरूको कार्यान्वयनमा लगाएर, ठूलो मात्रामा इक्विटि परिचालन गरेर, बैङ्कबाट गरिने लगानी र विदेशी प्रत्यक्ष लगानी विशेषगरेर उद्योगहरू र भौतिक पूर्वाधारहरूमा आकर्षित गरेर पूरा गरिनुपर्छ।**

सहकारीहरूमा अधिक बचत भएको लगानीयोग्य रकममध्ये दिगो विकास लक्ष्यको निम्ति वर्षेनी करिब २५ अर्ब रुपैयाँ उपलब्ध हुने अनुमान गरिएको छ। गैरसरकारी संस्थाहरूले वर्षेनी करिब २० अर्ब रुपैयाँ सामाजिक तथा आर्थिक क्रियाकलापहरूमा खर्च गर्नेछन्। यो क्षेत्रबाट दिगो विकास लक्ष्यहरूका लागि पूरै अवधिभर वर्षेनी औसत रु. ७६ अर्ब उपलब्ध हुने अनुमान गरिएको छ। सहकारी र गैरसरकारी क्षेत्रको खर्च उनीहरूको कोषमा जम्मा भएको रकममा निर्भर हुने हुँदा लगानीको लागि वित्तीय स्रोतको कमी नहुने अनुमान गरिएको छ।

समष्टिगत रूपमा हेर्दा कुल गार्हस्थ्य उत्पादनको तुलनामा वित्तीय साधनको उपलब्धताको अन्तर सन् २०१६ देखि २०१९ को बीचको अवधिमा ९ प्रतिशत र पछिल्लो अवस्थामा सन् २०२५ देखि २०३० को अवधिमा सबैभन्दा बढी करिब १५ प्रतिशतले कमी हुनेछ। सन् २०१६ देखि २०३० सम्म निरन्तर ६.६ प्रतिशत वास्तविक आर्थिक वृद्धि हुने अनुमानसँगै करिब १२ प्रतिशत (कुल गार्हस्थ्य उत्पादनको) वित्तीय अन्तराल रहने अनुमान गर्न सकिन्छ। आर्थिक वृद्धिसँग राजश्व परिचालन र आन्तरिक ऋण गाँसिने भएकाले तोकिएको

**नेपालमा भर्खरै स्थापना भएका स्थानीय सरकारहरू विकास कार्यमा अगाडि बढ्नुपर्नेछ ।**

आर्थिक वृद्धिदर हासिल गरिएमा आन्तरिक राजश्व परिचालन स्वत बढ्नेछ । यद्यपि, आर्थिक वृद्धि पाँच प्रतिशतले मात्र भएको खण्डमा भने यसले आन्तरिक स्रोतहरूको उपलब्धतालाई खुम्च्याउँनेछ ।

दिगो आर्थिक लक्ष्यहरू हासिल गर्नको निम्ति राजश्व परिचालन रणनीतिले दुईओटा महत्वपूर्ण उद्देश्यहरूलाई सघाउनुपर्छ - (क) करको प्रगतिशील तर दक्ष प्रणालीमार्फत बढी राजश्व परिचालन गर्ने र (ख) दिगो विकास लक्ष्यहरूतर्फ बढी स्रोतसाधनहरू बिनियोजन गर्न निजी र अरू गैरसरकारी क्षेत्रहरूलाई प्रोत्साहन गर्ने । पहिलो उद्देश्यअनुरूप कार्य गर्दा गरीब र आय वितरणमा करहरूबाट पर्ने सम्भावित प्रभावहरूको गहनतालाई पनि ख्याल गरिनुपर्छ । दोस्रो उद्देश्य कार्यान्वयन गर्दा कति बढी राजश्व गुमाउनु (Forgone) पर्‍यो त्यसको लेखाजोखा गरिनुपर्छ ।

नेपालमा भर्खरै स्थापना भएका स्थानीय सरकारहरू विकास कार्यमा अगाडि बढ्नुपर्नेछ । दिगो विकासका निम्ति स्रोतसाधनहरू जुटाउनको निम्ति नयाँ स्रोतहरू स्थानीय स्तरमै बढाउनुपर्छ । केन्द्रीय सरकारबाट हस्तान्तरण गरिने रकम धेरैजसो स्थानीय सरकारहरूका लागि मुख्य स्रोतको रूपमा रहिरहनेछ । तथापि, सर्तसहित वा सर्तरहित अनुदानहरूको निम्ति बढ्दै गइरहेको माग र यिनीहरूको अनिश्चितताले गर्दा पनि बजेट र कार्यक्रमहरू तर्जुमा गर्दा स्थानीय सरकारहरूले बढी तनाव बेहोर्नुपर्नेछ ।

पूर्वाधारहरूसम्बन्धी दीर्घकालीन योजनामा लचकता वृद्धि गर्न स्थानीय ऋण आवश्यक पर्छ । स्थानीय सरकारहरूले सापटी लिनका लागि प्रयोग गर्नसक्ने कम्तीमा दुईओटा बाटाहरू रहेका छन्: नगरपालिकाहरूको निम्ति नगर विकास कोष र स्थानीय सरकारहरूका निम्ति बैङ्क र वित्तीय निकायहरू । स्थानीय लगानीको आवश्यकता स्थानीय सरकारहरूको वर्तमान आयभन्दा धेरै नै बढी हुने भएकाले ऋण लिनुपर्ने हुन्छ । यसैले, स्थानीय सरकारहरूलाई स्थानीय र बाह्य दुवै स्रोतहरूबाट ऋण लिन सक्ने व्यवस्था गर्नका लागि आवश्यक कानूनी प्रबन्धहरू मिलाइनुपर्छ ।

स्थानीय पूर्वाधारका निम्ति स्रोत जुटाउनका लागि सार्वजनिक-निजी साझेदारीलाई सङ्घीयताको सन्दर्भमा गम्भीरतापूर्वक कार्यान्वयनमा ल्याइनुपर्छ । निजी क्षेत्रको विभिन्न स्वरूपमा हुने सहभागिताले स्थानीय सरकारको क्षेत्रहरू विस्तार गर्दछ र राजश्व वृद्धिका अवसरहरू समेत प्रदान गर्दछ । यस्ता स्वरूपहरूमा- (क) करारमा दिने, (ख) सञ्चालनका लागि केही अधिकार, जमिन वा सम्पत्ति प्रयोग गर्न दिने र (ग) कुनै वस्तु बिक्री वितरण गर्न अधिकार (Franchising) दिने । समुदायहरू स्वयम्सेवी समूहहरू गठन गरेर विभिन्न कार्यहरूमा सहभागी हुन सक्छन् । उपयुक्त कानूनी व्यवस्थाले स्थानीय तहमा पूर्वाधार निर्माण गर्न वा सामाजिक परियोजनाहरू सञ्चालन गर्नमा निजी क्षेत्रको बढी सहभागिता जुटाउनसक्छ । अरू धेरै प्रकारका थप लगानीका संयन्त्रहरू बनाइनु जरुरी छ । एकीकृत जग्गा विकासले, उदाहरणका लागि, समुदायहरूसँगको साझेदारीमा निर्मित पूर्वाधारहरूको प्रवर्द्धन गर्नसक्छ । यस्तो व्यवस्थाले समुदायको जमिन/सम्पत्तिको मूल्य बढ्ने भएकाले यस्ता कार्यतर्फ उनीहरू प्रेरित पनि हुन्छन् ।

सरकारले बजेटलाई गरीबमुखी कार्यक्रममा केन्द्रित हुनेगरी वित्तीय दायरा बढाउनसक्दछ । यद्यपि सरकारी स्रोतसाधनहरू एक क्षेत्रबाट अर्को क्षेत्रमा लगाउनलाई राजनीतिक इच्छाशक्ति र प्रशासनिक सहयोगको बलियो समिश्रण आवश्यकता पर्दछ । सहस्राब्दी विकास लक्ष्यहरूको कार्यान्वयनको अवधिमा आधारभूत सामाजिक सेवाहरूमा सरकारी बजेटको ठूलो हिस्सा छुट्याउन सहज थियो । तर दिगो विकास लक्ष्यहरूका निम्ति आर्थिक क्षेत्रहरूबाट सामाजिक क्षेत्रहरूमा बजेट प्रवाह गर्न गाह्रो छ (सायद विश्वसनीय पनि छैन), किनकि दिगो विकास लक्ष्यहरूको कार्यसूचीमा आर्थिक क्षेत्रहरू त्यति नै महत्वपूर्ण छन् जति महत्वपूर्ण सामाजिक क्षेत्रहरू छन् । दिगो विकास लक्ष्यहरूको वित्तीय दायरा विस्तार गर्न खर्चको दक्षता बढाउनुपर्छ भनी सुझावहरू पनि दिने गरिएको छ । दिगो विकास लक्ष्यहरूको मन्त्र "कसैलाई पनि पछि पारिएको छैन" भन्ने भएकाले दक्षताबाट हुने

वृद्धिलाई वितरणमुखी प्राथमिकताहरूसँग तौलनु पनि आवश्यक छ ।

हालका वर्षहरूमा नेपालको राजश्व र कुल गार्हस्थ्य उत्पादन अनुपात २० प्रतिशत नाघेको हुनाले राजश्व परिचालनका वर्तमान प्रयासहरू सन्तोषजनक नै रहेका छन् । प्रशासनिक कामकारबाहीमा हुने चुस्तता र प्रभावकारितासँगै राजश्वलाई अझै बढाउन सकिन्छ । तथापि, लामो समयसम्म दिगो रूपमा वृद्धि गर्न भने करको आधारको रूपमा रहेको कुल गार्हस्थ्य उत्पादनलाई विस्तार गरिनुपर्छ । अप्रत्यक्ष करहरू यिनीहरूको विशेष प्रकृतिले गर्दा पनि प्रतिगामी हुन्छन् । आधारभूत वस्तुहरू र सेवाहरूलाई समेट्नका लागि यस्तो करलाई विस्तार गरिएमा यी सेवा र वस्तुहरू पनि गरीबको पहुँचबाहिर हुनसक्छन् ।

दिगो विकास लक्ष्यहरूको कार्यान्वयनको बीचको अवधिमा सरकारले आन्तरिक स्रोत परिचालनमा उल्लेखनीय वृद्धि गरेमा पनि दिगो विकास लक्ष्यहरूको लागि आवश्यक पर्ने लगानीका लागि रकम अपर्याप्त हुनेछ । ऋणको भूक्तानी र सुरक्षा जस्ता दिगो विकास लक्ष्यहरूभन्दा बाहिरको क्षेत्रमा ठूलो मात्रामा स्रोत परिचालन गर्नुपर्ने आवश्यकता पनि रहेको हुन्छ । तसर्थ, आधिकारिक विकास सहायताबाट बेहोरिने खर्चहरूलाई पुँजीगत र चालू खर्च भनी विभाजन गर्न नसकिने अवस्था छ; किनकि नेपालले चालू खर्चहरूका लागि आवश्यक पर्ने सबै रकम आन्तरिक रूपमा जुटाउन पनि सक्तैन । यस्तो चालू खर्च स्वास्थ्य, शिक्षा, कृषि जस्ता क्षेत्रहरूमा धेरै नै बढी छ । समष्टिगत आर्थिक स्थायित्व कायम गर्न र ऋण भुक्तानीको दिगो रूपमा व्यवस्थापन गर्नको निम्ति आधिकारिक विकास सहायताको बढ्दो हिस्सा अनुदान सहायताका रूपमा मुलुकभित्र प्रवाह हुन जरुरी छ ।

आर्थिक स्रोत जुटाउने कार्यका अतिरिक्त नेपालमा अवरोधका रूपमा रहेको अर्को चासोको विषय संस्थागत क्षमताको कमी हो । यसले इच्छाशक्ति र आवश्यक रकमको व्यवस्था हुँदाहुँदै पनि सेवाहरूको गुणस्तरीय प्रवाहलाई कमजोर पारिरहेको छ । जबसम्म क्षमता विकास कार्यक्रमलाई राष्ट्रिय योजना र बजेटमा समाहित गरिदैन तबसम्म दिगो विकास लक्ष्यको प्रभावकारी कार्यान्वयनको लागि आवश्यक स्रोत र उचित प्राथमिकता समेत नमिल्न सक्छ । सहस्राब्दी विकास लक्ष्यहरूको कार्यान्वयनको सन्दर्भमा गरिएको क्षमता मूल्याङ्कन अभ्यासले संयुक्त राष्ट्रसङ्घीय प्रणालीभित्र धेरै विधि/औजारहरू, ज्ञान र अनुभव प्रदान गरेको छ जसलाई दिगो विकास लक्ष्यहरूसँग सम्बन्धित क्षमता मूल्याङ्कनका निम्ति प्रयोग गर्न सकिन्छ । विश्वसनीय खाकामा आधारित क्षमता मूल्याङ्कन कार्यलाई अगाडि बढाउनको लागि सरकारलाई सहयोग गर्न र त्यसपछि वित्तीय खाडलहरू (Gaps) लाई सम्बोधन गर्नको निम्ति सहयोग जुटाउन विश्व समुदायले भइरहेको यस्तो स्रोतसाधनलाई तत्काल प्रयोग गर्नसक्छन् । विशेषगरेर, संस्थागत र भौतिक क्षमतामा रहेका खाडलहरूलाई पुर्न छिटो प्रतिफल दिने क्षेत्रहरूमा दक्ष तथा योग्य जनशक्ति विकास गरिनु आवश्यक छ ।

**हालका वर्षहरूमा नेपालको राजश्व र कुल गार्हस्थ्य उत्पादन अनुपात २० प्रतिशत नाघेको हुनाले राजश्व परिचालनका वर्तमान प्रयासहरू सन्तोषजनक नै रहेका छन् ।**

## २.४ संस्थाहरू/निकायहरू (Institutions)

सुशासनले प्रजातान्त्रिक मूल्यहरू र मान्यताहरू राष्ट्रिय संविधान र कानूनहरूमा अङ्कित गरिएका छन् र राज्यका अङ्गहरूले तिनीहरूलाई सम्मान गर्दछन् भन्ने कुराको माग गर्दछ । जनताका प्रतिनिधिहरू चुन्नका लागि स्वतन्त्र, स्वच्छ र समावेशी निर्वाचनहरू, शक्तिको शान्तिपूर्वक हस्तान्तरण, उत्तरदायी सरकार र जिम्मेवार प्रतिपक्षी, कानूनको शासन, मानव अधिकारहरूप्रति सम्मान, प्रभावकारी एवम् पारदर्शी सार्वजनिक प्रशासन, शक्तिको पृथकीकरण र निष्पक्ष न्यायपालिका, एउटा बलियो नागरिक समाज, स्वतन्त्र प्रेस, र सामाजिक, आर्थिक र राजनैतिक प्रक्रियाहरूमा समावेशिता सुशासनका मुख्य आयामहरू हुन् । यी आयामहरू लगायत दिगो विकास लक्ष्यहरूमा उल्लिखित विशेषताहरू प्राप्त गर्न मानवअधिकार, समानता र समता, समावेशिता, ऐक्यबद्धता,

बहुलवाद र मानवीय एवम् वातावरणीय पक्षको सम्मानको सुनिश्चिता हुनुपर्दछ।[२३]

जब शासकीय व्यवस्था पारिदर्शिता, उत्तरदायित्व वा क्षमताको कमी वा अभाव भएको व्यवस्थाको रूपमा चिनिन्छ तब गरीब र अरक्षित/कमजोर अवस्थामा रहेका मानिसहरूले सबैभन्दा बढी दुःख पाउँछन्। जब आयको असमानता उच्च हुन्छ, तब आर्थिक वृद्धिले पनि गरीबी घटाउँदैन। जब राज्यका नीति र कार्यक्रमहरू कुलीनद्वारा कब्जा गरिन्छन्, तब गरीबको स्रोतसाधनहरूमा पहुँच हुँदैन, अवसरहरू खुम्चिन्छन्, र आवाजहरू सुनिदैनन्। दिगो विकास लक्ष्यहरूले यी मूलभूत विषयहरूबारेमा उपयुक्त ढङ्गले चासोहरू राख्छन् र सबै तहहरूमा प्रभावकारी, उत्तरदायी र समावेशी संस्थाहरू निर्माण गर्न विशेष जोड दिन्छन्।

**विश्वसनीय तथ्याङ्कसहितको सुदृढ अनुगमन प्रणाली दिगो विकास लक्ष्यहरूको सफलताको लागि जरुरी छ। सुदृढ अनुगमन प्रणाली भएको प्रभावकारी सरकारले मात्र यस्ता लक्ष्यहरूको प्रगति मापन गर्न सक्छ।**

नयाँ संविधानको घोषणा भएपछि सरकारले आफ्ना सम्पूर्ण प्रशासनिक सङ्गठनहरूको पुनर्संरचना गरिरहेको छ। प्रशासनका नयाँ एकाइहरू प्रदेश र स्थानीय तहहरूमा खडा भइरहेका छन्। राष्ट्रियस्तरका संस्थाहरूको पनि सुदृढीकरण भइरहेको छ। सेवाहरू बढी प्रभावकारी रूपमा प्रदान गर्ने, समुदायको सहभागिताको साथै उत्तरदायित्व तलतिर सार्ने कार्य प्रवर्द्धन गर्ने र समाजस्तरमा रहेका संस्थाहरूलाई पुनः डिजाइन गर्ने यो उपयुक्त समय हो। सङ्घीय तहमा सुधार गरिएका सार्वजनिक निकायहरूले पनि अन्य कुराहरूको अलावा नीतिहरूको डिजाइन गर्न र समन्वय गर्न साथै निजी क्षेत्रहरूको लगानीलाई सहज तुल्याउन आवश्यक छ। यी कुराहरू दिगो विकास लक्ष्यहरू हासिल गर्नका लागि महत्वपूर्ण छन्।

नेपाल एक द्वन्द्वोत्तर देश हो जहाँ धेरै चुनौतीहरू थाती नै रहेका छन्। बेपत्ता व्यक्तिहरू, सङ्क्रमणकालीन न्याय र सत्य निरूपण तथा मेलमिलाप आयोगहरूलाई दिइएका जिम्मेवारी पूरा गर्न अझै बाँकी छ। द्वन्द्वको अवधिमा नष्ट गरिएका भौतिक संरचनाहरूको पुनर्निर्माण कार्य अझै पूरा भएको छैन। राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले भूकम्प र बाढीपश्चात्का पुनर्निर्माण समयमै सम्पन्न गर्न आफ्ना कार्यसञ्चालन प्रक्रियालाई अझ प्रभावकारी बनाउन आवश्यक छ। सन् २०१७ को चुनावबाट बनेको ७५३ ओटा स्थानीय र ७ ओटा प्रादेशिक सरकारले स्थानीयस्तरमा गर्नुपर्ने यस्ता आर्थिक तथा सामाजिक मुद्दाहरू छिटो सम्पन्न गर्ने अपेक्षा गरिएको छ।

विश्वसनीय तथ्याङ्कसहितको सुदृढ अनुगमन प्रणाली दिगो विकास लक्ष्यहरूको सफलताको लागि जरुरी छ। सुदृढ अनुगमन प्रणाली भएको प्रभावकारी सरकारले मात्र यस्ता लक्ष्यहरूको प्रगति मापन गर्न सक्छ। दातृ निकायहरूले तथ्याङ्क प्रणालीमा गरिरहेको सहयोगलाई कायमै राखिराख्न आवश्यक छ। सहयोग प्राप्त गर्ने राष्ट्रले पनि तथ्याङ्क विकासका निम्ति राष्ट्रिय रणनीतिअनुरूप आन्तरिक स्रोत परिचालन गरी नपुग स्रोत पूर्ति गर्नुपर्दछ। नेपालको निम्ति दिगो विकास लक्ष्यहरूको अनुगमनका लागि आवश्यक तथ्याङ्क व्यवस्था गर्नका निम्ति हालको केन्द्रीय तथ्याङ्क विभागलाई थप आर्थिक र कानूनी स्रोत साधनसहित स्तरोन्नति र पुनःसंरचना गर्न आवश्यक छ।

तथ्याङ्कलाई खण्डीकरण (लिङ्ग, उमेर, जात, जाति, अपाङ्गता, स्थान, राज्यका प्रशासनिक एकाइहरू, र आय वा सम्पत्तिअनुसार) र स्तरीकरण (परिभाषा, मापनका एकाइ, गणन पद्धति/विधि) गर्नेजस्ता अर्को दुईओटा चुनौतीहरू छन्। दिगो विकास लक्ष्यहरूका १०० भन्दा बढी परिमाणात्मक सूचकका तथ्याङ्कहरू उपलब्ध छैनन्।[२४] सार्वजनिक सेवाहरूका सम्बन्धमा नागरिकहरूको धारणा, भ्रष्टाचार तथा सुख/कल्याणसम्बन्धी गुणात्मक प्रकृतिका तथ्याङ्कहरू पनि सङ्कलन गर्नुपर्नेछ। यसैगरी, सरकारद्वारा अभिलेख गरिएका तथ्याङ्क र गैरसरकारी संस्थाहरूले सङ्कलन गरेका तथ्याङ्कबीच पनि ठूलो अन्तर छ। विशेषगरेर द्वन्द्व, अपराध, मानवतस्करी, मानव अधिकारको उल्लङ्घनसम्बन्धी तथ्याङ्कहरूमा यस्तो भिन्नता रहेको छ।

२३ संयुक्त राष्ट्र सङ्घ (२००७)

२४ तथ्याङ्क र तिनीहरूको प्रभावकारिताको म्यापिङ दिगो विकास लक्ष्यहरूको प्रतिवेदनको दोस्रो भागमा गरिनेछ।

तथ्याङ्क सङ्कलन विधिहरू र प्रविधिहरूमा तीव्र रूपमा भइरहेको नवप्रवर्तन र व्यापक तथा निशुल्क रूपमा तथ्याङ्क वितरण गर्ने क्षमताले सम्भावनाहरूको क्षेत्र बढाएको छ। तथापि, नेपालको वर्तमान तथ्याङ्क प्रणाली यो रूपमा विस्तार हुन बाँकी नै छ। विशेषत, सरकारबाहिरका स्वतन्त्र अनुगमन निकायहरूको निम्ति सरकारी र अझ निजी क्षेत्रका तथ्याङ्कमा पहुँच पाउने कुरो ठूलो चुनौतीको रूपमा रहेको छ। यसको अतिरिक्त ठूला सर्वेक्षणहरू धेरैजसो दातृनिकायको वित्तीय सहयोगमा सञ्चालन गरिन्छ। यस्तो सहायता परिचालनमा हुने ढिलाइले यस्ता सर्वेक्षणहरूलाई असर पुऱ्याउँछ। दिगो विकास लक्ष्यहरूको प्रगति अनुगमन गर्नका लागि उच्च गुणस्तरीय र सामयिक तथ्याङ्क उत्पादन र आदानप्रदान गर्नको निम्ति वर्तमान तथ्याङ्क प्रणालीमा कानूनी, साङ्गठनिकका साथै सञ्चालनमा आवश्यक परिवर्तन गर्ने कार्य सरकारले गर्नुपर्नेछ।

राज्यका सबै संस्थाहरू- संसद्, न्यायपालिका र संवैधानिक निकायहरू र सरकार दिगो विकास कार्यसूचीलाई अगाडि बढाउन सहमत हुनुपर्छ। राज्य र राज्यबाहिरका व्यक्तिहरू वा सङ्गठनहरूबीचको उपयुक्त संस्थागत संयन्त्रले मात्र दिगो विकास लक्ष्यहरूसँग सम्बन्धित नीति/कार्यक्रमहरू समन्वित, सङ्गतिपूर्ण र एकअर्काको पूरकको रूपमा कार्यान्वयन गरिएका छन् भन्ने कुरा सुनिश्चित गर्नसक्छ। दिगो विकास लक्ष्यहरूको कार्यान्वयन र अनुगमन प्रभावकारी बनाउने उद्देश्यले गरिने सहजीकरण र नियमनका लागि आवश्यक ऐन कानूनहरूको निर्माण र सुधार गर्ने कुरामा संसद्को भूमिका महत्वपूर्ण छ। संसदीय समितिहरूले दिगो विकास लक्ष्यहरूको प्रगति अनुगमन गर्ने कार्यमा महत्वपूर्ण भूमिका खेल्नसक्छन्।

दिगो विकास लक्ष्यहरू नेपालको संविधानमा व्यवस्था गरिएका नागरिकहरूका मौलिक अधिकारहरू साथै देशलाई समानतायुक्त मध्यम आयको मुलुकमा छिटो परिणत गर्ने देशको मार्गचित्रअनुरूप छन्। दिगो विकास लक्ष्यहरूको स्वामित्व देशले लिएको कुरा प्रधानमन्त्रीले अध्यक्षता गरेको निर्देशक समितिको संस्थागत संरचनाले स्पस्ट पार्दछ। यद्यपि अर्को परिच्छेदमा उल्लेख गरिएका दिगो विकास लक्ष्यका सूचकहरू अनुगमन तथा मूल्याङ्कन गर्न र तिनीहरूबाट अपेक्षित नतिजा हासिल गर्न थुप्रै कार्यहरू गर्न जरुरी छ।

दिगो विकासको लक्ष्यहरूको स्वामित्व देशले लिएको कुरा उच्च तहमा प्रधानमन्त्रीले अध्यक्षता गरेको निर्देशक समितिको संस्थागत संरचनाले स्पष्ट पार्दछ। सो अन्तर्गत राष्ट्रिय योजना आयोगका उपाध्यक्षले अध्यक्षता गर्ने समन्वय तथा कार्यान्वयन समिति छ। यस्तै, राष्ट्रिय योजना आयोगका सदस्यहरूको नेतृत्वमा विषयगत/क्षेत्रगत (Thematic) समितिहरू पनि रहेका छन्। दिगो विकास लक्ष्यहरू प्रादेशिक र स्थानीय सरकारहरूका पहलहरूमा निर्भर रहने हुँदा यस्तै किसिमका संरचनाहरूको व्यवस्था यी तहहरूमा पनि गरिने अपेक्षा गरिएको छ।

नेपाल सरकारसँग नीति, कार्यक्रम र आयोजनाहरूको प्रगतिहरू अनुगमन गर्ने निकै राम्रो अनुगमन तथा मूल्याङकन प्रणाली छ। सरकारले अनुगमन तथा मूल्याङ्कन विधेयकको मस्यौदा तयार गरेको छ। यो सन् २०१८ मा संसद्द्वारा पारित हुने अपेक्षा गरिएको छ। राष्ट्रिय योजना आयोगले अन्य कुराहरूको अतिरिक्त राष्ट्रिय अनुगमन तथा मूल्याङ्कन दिग्दर्शनलाई दिगो विकास लक्ष्यमैत्री बनाउन संशोधन गरिरहेको छ। यी व्यवस्था तथा कामकारबाहीहरूले दिगो विकास लक्ष्यहरूको अनुगमन र मूल्याङ्कनका लागि राम्रो नीतिगत वातावरण प्रवर्द्धन गर्नेछन्। सरकारले आफ्ना योजना प्रक्रियाहरूमा नतिजामा आधारित पद्धतिलाई आन्तरिकीकरण गरेको छ। क्षेत्रगत नतिजा खाकाहरू चौधौँ योजनामा राखिएका छन्, जसका सूचकहरूलाई राष्ट्रिय योजना आयोग र क्षेत्रगत मन्त्रालयहरूले प्रगति अनुगमन गर्न प्रयोग गरेका छन्।

**दिगो विकास लक्ष्यहरू नेपालको संविधानमा व्यवस्था गरिएका नागरिकहरूका मौलिक अधिकारहरू साथै देशलाई समानतायुक्त मध्यम आयको मुलुकमा छिटो परिणत गर्ने देशको मार्गचित्रअनुरूप छन्। दिगो विकास लक्ष्यहरूको स्वामित्व देशले लिएको कुरा प्रधानमन्त्रीले अध्यक्षता गरेको निर्देशक समितिको संस्थागत संरचनाले स्पस्ट पार्दछ।**

राष्ट्रिय योजना आयोगको नेतृत्वमा सन् २०१६ देखि २०२० सम्मका लागि एकीकृत मूल्याङ्कन कार्ययोजना तयार पारिएको छ जसले सरकारी निकायहरूका क्रियाकलापहरू, पेसागत मूल्याङ्कनकर्ताहरूको स्वयमसेवी सङ्गठनहरू र संयुक्त राष्ट्रसङ्घका निकायहरूका क्रियाकलापहरूलाई समेटेको छ। लैङ्गिक तथा समतामैत्री रहेको यो मूल्याङ्कन कार्ययोजनाले नीति तथा निर्णय प्रक्रिया सूचनामा आधारित बनाउने, आदानप्रदान गर्ने एवम् प्रयोग गर्ने साथै मूल्याङ्कन कमिसनरहरू, मूल्याङ्कनकर्ताहरू र मूल्याङ्कन प्रयोगकर्ताहरूको क्षमता विकास गर्न सहयोग गर्ने उद्देश्य राखेको छ। यी प्रयासहरूले दिगो विकास लक्ष्यहरूलाई अनुगमन गर्ने (EVALSDGs) मात्र नभई EVALSDGs लाई पनि संस्थागत गर्ने उद्देश्य राखेका छन्।

**राष्ट्रिय योजना आयोगले प्रक्रियाहरूको सीमित अनुगमनबाट नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणालीतर्फ आफूलाई अग्रसर गराएको छ।**

राष्ट्रिय योजना आयोगले प्रक्रियाहरूको सीमित अनुगमनबाट नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणालीतर्फ आफूलाई अग्रसर गराएको छ। यसको भूमिका दिगो विकास लक्ष्यमैत्री योजना तथा नीति निर्माण प्रक्रिया तथ्यमा आधारित बनाउने संस्कृतिलाई संस्थागत गर्नमा महत्वपूर्ण छ। यसले दिगो विकास लक्ष्यहरूको सुव्यवस्थित अनुगमन तथा मूल्याङ्कन अरू साझेदारहरूसँगको सहकार्यमा सञ्चालन गर्नेछ र मूल्याङ्कनमा आधारित सूचनाहरू/तथ्यहरू सिर्जना गर्नेछ।

उच्चस्तरीय राष्ट्रिय विकास समस्या समाधान समिति सरकारको अनुगमन तथा मूल्याङ्कनको सबैभन्दा माथिल्लो निकाय हो जसले समन्वयसम्बन्धी समस्याहरू समाधान गर्ने र मन्त्रालय तहमा समाधान हुन नसकेका समस्याहरूलाई सुल्झाउँछ। प्रधानमन्त्रीले अध्यक्षता गर्ने यो समितिमा मन्त्रीहरू, राष्ट्रिय योजना आयोगका उपाध्यक्ष र सदस्यहरू, नेपाल सरकारका मुख्य सचिव सदस्यका रूपमा र राष्ट्रिय योजना आयोगको सचिवालयका सचिव सदस्य-सचिवको रूपमा रहने व्यवस्था गरिएको छ। यो समितिले कार्यक्रमहरू र आयोजनाहरूको कार्यान्वयन अवस्थाको समीक्षा गर्दछ र विकाससँग सम्बन्धित महत्वपूर्ण विषयहरूमा अन्तरमन्त्रालय समन्वय स्थापित गर्दछ। राष्ट्रिय विकास समस्या समाधान समितिका बैठकहरूभन्दा अगाडि प्रत्येक मन्त्रालयमा रहेका मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिका बैठकहरू बस्ने गर्दछन्। सम्बन्धित मन्त्रीको अध्यक्षतामा गठन हुने यस्ता समितिमा राष्ट्रिय योजना आयोगका सम्बन्धित सदस्य, सम्बन्धित मन्त्रालयको सचिव, अर्थ मन्त्रालय र सामान्य प्रशासन मन्त्रालयका प्रतिनिधिहरू सदस्यको रूपमा रहने व्यवस्था छ। यी समितिहरूले कार्यक्रमहरू तथा आयोजनाहरूको कार्यान्वयनको अवस्थाको समीक्षा गर्न प्रत्येक तीन महिनामा बैठक आयोजना गर्दछन्।

नयाँ संविधानअन्तर्गत प्रादेशिक प्रशासन स्थापना हुनुभन्दा अगाडि अनुगमन तथा मूल्याङ्कनसम्बन्धी कार्य क्षेत्रीय तहमा क्षेत्रीय निर्देशनालयहरू र क्षेत्रीय प्रशासन कार्यालयहरूबाट गर्ने गरिन्थ्यो। क्षेत्रीय निर्देशनालयहरूले आफ्ना तालुक मन्त्रालयहरूलाई सोझै प्रतिवेदन पठाउने गर्दथे भने क्षेत्रीय प्रशासन कार्यालयहरूले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा प्रतिवेदन पेस गर्दथे। क्षेत्रीयस्तर र जिल्लास्तरमा पहिले कायम रहेका यस्ता अनुगमन तथा मूल्याङ्कन प्रणालीहरूलाई स्थानीयस्तरमा भएका दिगो विकास लक्ष्यहरूका उपलब्धिहरूको प्रगति अनुगमन गर्न प्रदेश तथा स्थानीय तहहरूमा उपयुक्त ढङ्गले पुनर्संरचना गरिनेछ।





परिच्छेद - ३

# प्रगति अनुगमनका लागि खाका (Framework for Tracking Progress)

यो परिच्छेद दिगो विकास लक्ष्यहरूको सामाजिक, आर्थिक र वातावरणीय पक्षहरूबारे प्रकाशित भएका तथा प्रशासनिक तथ्याङ्कमा आधारित छ। Linear Extrapolation मा आधारित भएर दिगो विकास लक्ष्यका सूचकहरू सन् २०३० सम्मको लागि प्रक्षेपण गरिएका छन्।[२५] यी सूचकहरूलाई सन् २०१५ का आधार वर्ष तथ्याङ्क र २०३० सम्मका लागि राखिएका उपलब्धि सूचक अङ्कहरू (Figures) लाई प्रयोग गरेर सन् २०३० सम्मकै लागि २०१९ (चौधौँ योजनाको अन्तिम वर्ष), २०२२ र २०२५ को निम्ति इन्ट्रापोलेट (दुई मानहरूको बीचमा छुट्टै भ्यालु राखी) प्रक्षेपण गरिएको हो। सन् २०१९ को लागि राखिएका केही लक्ष्यहरू क्षेत्रगत रणनीतिहरूमा पहिले नै मिलाइएका छन्। सन् २०२२ र २०२५ बीचका मध्यवर्ती लक्ष्यहरू कार्यान्वयन अवधिको दोस्रो उत्तरार्द्धमा यिनलाई हासिल गर्न आवश्यक पर्ने गतिलाई दृष्टिगत गर्दा भने केही महत्वाकाङ्क्षी देखिन सक्छन्।

दिगो विकास लक्ष्यहरूका प्रस्तावित सूचकहरूले सरकारको चौधौँ योजनाले समेटेका क्षेत्रगत तथ्याङ्क, सरकारी निकायहरूका प्रशासनिक तथ्याङ्क, र गैरसरकारी सङ्गठनहरूका प्रकाशनहरू प्रयोग गर्दछन्। राष्ट्रिय तथ्याङ्क उपलब्ध नभएका शासनसँग सम्बन्धित केही सूचकहरूका लागि भने अन्तर्राष्ट्रिय स्रोतहरूलाई पनि लिइएको छ। राष्ट्रिय योजना आयोग र अन्य निकायहरूबीचका तथ्याङ्कमा फरक पर्न गएमा आयोगकै तथ्याङ्कलाई सबैभन्दा आधिकारिक मानिएको छ। प्रस्तावित सूचकहरूका लागि तथ्याङ्क उपलब्ध नभएमा तिनीहरूलाई आगामी केही वर्षहरूमा उत्पादन/सिर्जना गर्नको निम्ति गरिएको प्रस्तावको स्पष्ट सङ्केतसहित खाली (Blank) छोडिएको छ।

## ३.१ विश्वव्यापी लक्ष्यहरूमा विहङ्गम दृष्टि (Overview of Global Goals)

नेपालको सन्दर्भमा दिगो विकासको कार्यसूची २०३० का लक्ष्यहरू, परिमाणात्मक लक्ष्यहरू र सूचकहरूसँग सम्बन्धित धेरै विषयहरू रहेका छन्। पहिलो, कतिपय लक्ष्यहरूका निम्ति परिमाणात्मक लक्ष्यहरू धेरै महत्वाकाङ्क्षी छन् र तिनीहरूलाई बढी यथार्थवादी बनाउन कतिपय कुराहरूमा सम्झौता पनि गरिएको छ। उदाहरणका लागि, गरीबी, भोकमरी र कुपोषण अन्त्य गर्ने, रोक्न सकिने नवजात शिशु मृत्यु र पाँच वर्षमुनिको बाल मृत्युदर अन्त्य गर्ने, सबै प्रकारका लैङ्गिक विभेदहरू अन्त्य गर्ने र सुरक्षित पिउनेपानी, सरसफाई र आधुनिक ऊर्जा जस्ता आधारभूत सेवाहरूमा हुने वञ्चितीकरण अन्त्य गर्ने लक्ष्यहरूलाई लिन सकिन्छ।

दोस्रो, केही दिगो विकास लक्ष्यहरूका परिमाणात्मक लक्ष्यहरू नेपालको निम्ति कम सान्दर्भिक छन् भने मुलुकगत चुनौतीहरूलाई सम्बोधन गर्न नयाँ र अतिरिक्त लक्ष्यहरू आवश्यक पनि हुनसक्छन्। उदाहरणको निम्ति, दिगो विकास लक्ष्य ५ (लैङ्गिक) मा छाउपडीसम्बन्धी लक्ष्य (रजश्वला भएको अवधिमा छुन नहुने) सँग सम्बन्धित परिमाणात्मक लक्ष्य विश्वस्तरका लक्ष्यहरूको सूचीमा उल्लेख गरिएका लक्ष्यभन्दा बढी महत्वपूर्ण

**केही दिगो विकास लक्ष्यहरूका परिमाणात्मक लक्ष्यहरू नेपालको निम्ति कम सान्दर्भिक छन् भने मुलुकगत चुनौतीहरूलाई सम्बोधन गर्न नयाँ र अतिरिक्त लक्ष्यहरू आवश्यक पनि हुनसक्छन्।**

२५ यो प्रतिवेदनमा गरिएका अन्तरिम प्रक्षेपणहरूलाई चौधौँ योजनामा सन् २०१९ लागि राखिएका परिमाणात्मक लक्ष्यहरू र तिनीहरूका सूचकहरूसँग मिलाइएको छ, साथै विभिन्न क्षेत्रगत रणनीतिहरूमा विभिन्न वर्षहरूका लागि निर्धारित परिमाणात्मक लक्ष्यहरूसँग पनि मिलाइएको छ।

हुनसक्छ। तेस्रो, केही दिगो विकास लक्ष्यहरूका निम्ति निर्धारण गरिएका विश्वस्तरका परिमाणात्मक लक्ष्यहरू अपर्याप्त छन्, केही नजिक मात्र छन्, तिनीहरू राज्यका नीति/कार्यक्रमहरूमा भन्दा बढी बजारहरूमा भर पर्दछन् र नेपाल जस्ता अति कम विकसित देशहरूमा राम्रोसँग कार्यान्वयन नहुन सक्छन्।

चौथो, माहासागर, समुद्र, र सामुद्रिक स्रोतहरूसम्बन्धी लक्ष्य (दिगो विकास लक्ष्य १४) नेपालको लागि असान्दर्भिक छ, अरू केही लक्ष्यहरू जस्तै, जलवायु परिवर्तनविरुद्ध जुध्ने (दिगो विकास लक्ष्य १३) लक्ष्य सबैभन्दा सान्दर्भिक छ, तथापि यससम्बन्धी गरिनुपर्ने कार्यहरू भने अरू देशहरूसँग बढी भर पर्ने खालका छन्। दिगो उपयोग र उत्पादन ढाँचा (लक्ष्य १२) र देशहरूबीच असमानता घटाउने (लक्ष्य १० को एक भाग) जस्ता लक्ष्यहरू विकसित देशहरूसँग ज्यादा सम्बन्धित छन्। अन्त्यमा, लक्ष्यहरू र परिमाणात्मक लक्ष्यहरू एक अर्कामा खप्टिने पनि हुन्छन्, एउटा सूचकले एकभन्दा बढी परिमाणात्मक लक्ष्यहरू मापन गर्न पनि सघाउँछ। यसैले, दोहोरोपनाको सम्भावना पनि रहेको छ।

समग्रमा, सबै दिगो विकास लक्ष्यहरूका विश्वव्यापी परिमाणात्मक लक्ष्यहरू र सूचकहरू नेपालको सन्दर्भमा पूर्ण रूपमा भने लागू हुन सक्तैनन्, न त मुलुक विशेषका दिगो विकास लक्ष्यहरूसँग सम्बन्धित मूलभूत प्रश्नहरूलाई उजागर गर्न यी पर्याप्त नै छन्। धेरैजसो परिमाणात्मक लक्ष्यहरू र सूचकहरूका निम्ति धेरै तथ्याङ्क आवश्यक हुन्छ जुन सिर्जना गर्न मुलुकलाई वर्षौं लाग्न सक्छ। तथापि, विश्वव्यापी रूपमा तुलना गर्न यस्ता सूचकहरूलाई कायम राखिनुपर्छ। यसै बखत, राष्ट्रिय परिप्रेक्ष्यलाई सघाउ पुर्‍याउन थप सूचकहरूको पहिचान गरिनुपर्छ।[२६]

सरकारसँगको सीमित क्षमताले गर्दा फरक लिङ्ग, उमेर, क्षमता, भौगोलिक अवस्थिति वा आयस्तर जस्ता विषय विकास प्रक्रियामा कसरी प्रतिविम्बित हुन्छन् भनेर बुझ्न कठिन हुनसक्छ। जसले गर्दा भेदभावलाई समाधान गर्न र दिगो विकास लक्ष्यहरूका उपलब्धिहरू सबैको निम्ति सुनिश्चित गर्न आवश्यक पर्ने रणनीतिहरूको डिजाइन र कार्यान्वयनलाई असर गर्नसक्छ। यसकारणले जहाँ सम्भव हुन्छ, दिगो विकास लक्ष्यहरूका सूचकहरूलाई आय, लिङ्ग, उमेर, जात, जाति, बसाइँसराइको अवस्था, अपाङ्गता र भौगोलिक अवस्थितिअनुसार खण्डीकृत गरिनुपर्छ।[२७] विस्तृत रूपमा प्रगतिको अनुगमन गर्नका निम्ति दिगो विकास सूचकहरूको कम्तीमा ६ प्रकारका खण्डीकरण आवश्यक पर्नसक्छ। यदि २३० भन्दा बढी विश्वस्तरका परिमाणात्मक सूचकहरूलाई मात्र यसप्रकारले खण्डीकरण गर्नुपरेको अवस्थामा सूचकहरूको कुल सूची ६०० नाघ्नसक्छ। केवल बढी महत्वपूर्ण परिमाणात्मक लक्ष्यहरूलाई मात्र खण्डीकृत सूचकहरूमा समेट्ने हो भने पनि यस्तो हुन आउँछ। यसर्थ, व्यावहारिक प्रयोजनका निम्ति राष्ट्रिय सूचकहरूको सूची सम्भव भएसम्म कम राखिएको छ। एकीकृत तहमा बढी स्पष्ट रूपमा उल्लेख गरिएका सूचकहरूका लागि प्रत्येक क्षेत्रगत मन्त्रालय वा निकायको कार्यान्वयन तहका सूचकहरूका खण्डीकृत सूचकहरू विशेष तवरले तयार गर्न र अनुगमनका निम्ति जिम्मेवार राष्ट्रिय निकायलाई यसबारे जानकारी दिनुपर्ने कुरा पनि प्रस्ताव गरिएको छ। सामाजिक समूह र लिङ्गमा आधारित खण्डीकृत सूचकहरू तयार गर्ने प्रयोजनार्थ राष्ट्रिय योजना आयोगले सामाजिक समावेशी सर्वेक्षण गर्न विद्वत वर्गलाई सहयोग गरेको छ।

## ३.२ प्रस्तावित महत्वपूर्ण अवस्थाहरू/कोसेढुङ्गाहरू (Proposed Milestones)

### लक्ष्य १- हरेक क्षेत्रमा रहेका सबै स्वरूपहरूको गरीबीको अन्त्य गर्ने।

यो लक्ष्यको लागि प्रस्ताव गरिएका परिमाणात्मक लक्ष्यहरू यसप्रकार छन्: (क) २०३० सम्ममा




२६ यो प्रतिवेदमा उल्लेख गरिएका सूचकहरूको कुल सङ्ख्या ४२५ भन्दा बढी छ। तथापि, करिब १० ओटा सूचकहरू दुई वा तीन परिमाणात्मक लक्ष्यहरूमा दोहोरिएका छन्। यसैले सूचीमा सूचकहरूको वास्तविक सङ्ख्या ४१५ छ। राष्ट्रिय र विस्वस्तरमा संयुक्त रूपमा अनुगमन गरिने सूचकहरूबाहेकका सूचक हुन्। यो प्रतिवेदनमा राखिएका सूचकहरू मार्च २०१७ मा भएको यू.एन. स्टाटिस्टिकल कमिसनको बैठकमा सहमति भएका दिगो विकास लक्ष्यका सूचकहरूसम्बन्धी इन्टरएजेन्सी एन्ड एक्पर्ट ग्रुपको प्रतिवेदनबाट लिइएको हो।

२७ संयुक्त राष्ट्रसङ्घको साधारण सभाको प्रस्ताव ६८/२६१, संयुक्त राष्ट्रसङ्घ।

जुनसुकै स्थानमा रहेका सबै जनताको चरम गरीबी उन्मूलन गर्ने, (ख) राष्ट्रिय परिभाषाबमोजिम गरीबीमा बाँचिरहेका सबै उमेरका पुरुषहरू, महिलाहरू र बालबालिकाहरूको अनुपात कम्तीमा आधा घटाउने, (ग) उपयुक्त सामाजिक सुरक्षा प्रणालीहरू र उपायहरू सबैका लागि कार्यान्वयन गर्ने, (घ) आर्थिक स्रोतसाधनहरू, प्राकृतिक स्रोतसाधनहरू र प्रविधिमा समान अधिकार कायम गर्ने र आधारभूत सेवाहरूमा यिनीहरूको पहुँच सुनिश्चित गर्ने, (ङ) गरीब र संकटग्रस्त अवस्थाहरूमा रहेका मानिसहरूलाई आर्थिक, सामाजिक र वातावरणीय नकारात्मक धक्काहरू (Shocks) र विपद्हरू एवम् जलवायु परिवर्तनसँग सम्बन्धित विषम घटानहरू सहनसक्ने तुल्याउन उत्थानशीलता (Resilience) निर्माण गर्ने ।

चरम गरीबीको अवस्थाको लेखाजोखा गर्नका लागि अन्तर्राष्ट्रिय मापदण्ड (प्रतिदिन १.२५ अमेरिकी डलर) लाई आधार मान्दा नेपालले गरीबी न्यूनीकरणमा ठूलो प्रगति हासिल गरेको छ । राष्ट्रिय रूपमा परिभाषित गरिएको गरीबी सन् २००४ को ३१ प्रतिशतबाट सन् २०१५ मा २१.६ प्रतिशतमा झरेको छ । यस्तै, प्रतिदिन १.९ अमेरिकी डलरको आधारमा नेपालको गरीबी ३६ प्रतिशत रहेको अनुमान गरिएको छ । बहुआयामिक गरीबी सूचकाङ्कले २८.६ प्रतिशत नेपालीहरू बहुआयामिक दृष्टिकोणले गरीब रहेको देखाउँछ । यसले नेपालले आफ्नो सरकारी बहुआयामिक गरीबी सूचकाङ्क सन् २००६ र २०१४ को बीचमा आधा (०.३१३ बाट ०.१२७ मा) घटाएको स्पष्ट पार्दछ ।

नेपालले चरम गरीबीलाई पाँच प्रतिशतभन्दा कम गर्ने र सन् २०१५ मा ७६६ अमेरिकी डलर रहेको प्रतिव्यक्ति आयलाई सन् २०३० मा २,५०० अमेरिकी डलर पुऱ्याउन प्रस्ताव गरेको छ । यसैगरी, राष्ट्रिय रूपमै परिभाषित गरिएको गरीबी सन् २०३० मा पाँच प्रतिशतभन्दा कम हुनेछ । बहुआयामिक गरीबी सूचकाङ्कलाई सन् २०३० मा ७ प्रतिशतभन्दा कम गराउने लक्ष्य राखिएको छ । सालाखालामा गरीबीलाई हालको आयको वृद्धिभन्दा बढीले घटाउन आयको दृष्टिकोणले तल रहेको २० प्रतिशत परिवारहरूको उपभोगको हिस्सा सन् २०१५ को ७.६ प्रतिशतबाट सन् २०३० मा १२ प्रतिशतमा वृद्धि गर्ने लक्ष्य राखिएको छ । यसैगरी, सामाजिक संरक्षण खर्च सन् २०३० मा कुल सङ्घीय बजेटको १५ प्रतिशत पुग्ने अनुमान छ ।

## लक्ष्य २ - भोकमरी अन्त्य गर्ने, खाद्य सुरक्षा र उन्नत पोषण प्राप्त गर्ने र दिगो कृषिको प्रवर्द्धन गर्ने

२ शून्य भोकमरी

दिगो विकास लक्ष्य २ का मुख्य परिमाणात्मक लक्ष्यहरूमा : (क) सन् २०३० सम्ममा भोकमरी अन्त्य गर्ने र सबै जनताको सुरक्षित, पोषणयुक्त र पर्याप्त खानामा वर्षैभरि पहुँच सुनिश्चित गर्ने, (ख) सबै प्रकारका एवम् स्वरूपका कुपोणको अन्त्य गर्ने, (ग) सानास्तरका खाद्यान्न उत्पादकहरूको कृषिको उत्पादकत्व र आय दोब्बर वृद्धि गर्ने, (घ) दिगो खाद्यान्न उत्पादन प्रणालीको सुनिश्चितता गर्ने र उत्थानशील कृषि क्रियाकलापहरू कार्यान्वयन गर्ने र (ङ) सन् २०२० सम्ममा राष्ट्रिय, क्षेत्रीय तथा अन्तर्राष्ट्रियस्तरमा राम्रोसँग व्यवस्थापन तथा विविधीकरण गरिएको बीज र वनस्पति बैंकद्वारा बीउबिजनको अनुवांशिक विविधता, खेती गरिएका वनस्पति र फार्ममा राखिएका तथा घरपालुवा जनावरहरू र तिनका सम्बन्धित जङ्गली प्रजातिहरूलाई व्यवस्थित तुल्याउने जस्ता परिमाणात्मक लक्ष्यहरू राखिएको छ ।

नेपालमा अझै पनि ६ देखि ५९ महिना उमेरका बालबालिकाहरूमध्ये ३०.१ प्रतिशत बालबालिका कम तौल भएका छन् भने पुड्कोपना (उमेरअनुसार कम उचाइ हुने) र उचाइअनुसार कम तौल हुने पाँच वर्षमुनिका बालबालिकाहरू क्रमशः ३६ प्रतिशत र ११. ३ प्रतिशत रहेका छन् (तालिका २) । कुल बालकालिकाहरूमध्ये ५३ प्रतिशत बालबालिकाहरूको निम्ति रक्त अल्पता एउटा मुख्य चुनौती बनेको छ । प्रजनन उमेरका महिलाहरूमा पनि रक्त अल्पता उच्च (४६ प्रतिशत) छ । जन्मेदेखि ५९ महिनासम्मका बालबालिकाहरूमध्ये एकतिहाइ (३६.१ प्रतिशत) बालबालिकाहरू कुपोषणबाट ग्रसित छन् ।

वस्तुभाउ र बालीहरू देशका एकीकृत कृषि प्रणालीका मुख्य भागहरू हुन् । तिनीहरूले भोकमरी अन्त्य गर्न, खाद्य सुरक्षा प्राप्त गर्न र पोषणमा सुधार गर्न महत्वपूर्ण योगदान गर्दछन् । तथापि, जमिनको उत्पादकत्व अझै कम छ । यस्तो उत्पादकत्व प्रतिहेक्टर अमेरिकी डलर ३,२७८ छ । हाल कुल खेतीयोग्य जमिनको २५.२ प्रतिशत जमिनमा मात्र वर्षैभरि सिचाइ सुविधा पुगेको छ । अधिकांश वित्तीय संस्थाहरू कृषिमा लगानी गर्न हिच्किचाउँछन् । यो कुरा नेपालको विश्व खाद्य सुरक्षा स्कोर १०० मा ४२.८ अङ्क भएबाट पनि स्पष्ट हुन्छ (तालिका २) ।

दिगो विकास लक्ष्य २ को निम्ति सन् २०३० मा कुपोषणलाई तीन प्रतिशतमा (देशको तहमा खाद्यमा पहुँचको पर्याप्तताको मापन) र पाँच वर्षमुनिका बालबालिकामा पाइने कम तौललाई नौ प्रतिशतमा झार्ने, सन् २०३० सम्ममा प्रजनन उमेरका महिलाहरू र बालबालिकाहरूमा रहेको रक्त अल्पतालाई १० प्रतिशतमा झार्ने र प्रतिव्यक्ति खाद्यान्न उत्पादन कम्तीमा ६६ प्रतिशतले बढाउने लगायतका परिमाणात्मक लक्ष्यहरू पनि राखिएको छ ।

3 राम्रो स्वास्थ्य र समृद्ध जीवनस्तर

### लक्ष्य ३ - सबै उमेर समूहका व्यक्तिका लागि स्वस्थ जीवनको सुनिश्चितता गर्दै समृद्ध जीवनस्तर प्रवर्द्धन गर्ने

यो लक्ष्यअन्तर्गत रहेका परिमाणात्मक लक्ष्यहरूमाः (क) सन् २०३० सम्ममा, विश्वव्यापी मातृमृत्यु दरलाई ७० (प्रत्येक १ लाख जीवित जन्ममा) भन्दा कम गर्ने, (ख) नवजात शिशुहरू र पाँचवर्षमुनिका बालबालिकाहरूको रोक्न सकिने मृत्युलाई अन्त्य गर्ने, (ग) एच.आई.भी. एड्स, क्षयरोग, औलोजरो र उष्णप्रदेशीय उपेक्षित रोगहरूको महामारी अन्त्य गर्ने र हेपाटाइटिस, पानीजन्य रोगहरू एवं अन्य सरुवा रोगहरू नियन्त्रण गर्ने, (घ) नसर्ने रोगबाट हुने असामयिक मृत्युदरलाई रोकथाम र उपाचारबाट एकतिहाइले कम गर्नुका साथै मानिसक स्वास्थ्य तथा समृद्धि प्रवर्द्धन गर्ने र (ङ) लागू पदार्थ दुरुपयोग तथा मादक पदार्थको हानिकारक प्रयोगको रोकथाम तथा उपचार पद्धतिलाई सुदृढ तुल्याउने जस्ता परिमाणात्मक लक्ष्यहरू प्रस्ताव गरिएको छ । यसैगरी, सन् २०२० सम्ममा विश्वभर सडक दुर्घटनाबाट हुने मृत्यु र घाइतेहरूको सङ्ख्यालाई आधा घटाउने, सन् २०३० सम्ममा यौन तथा प्रजनन स्वास्थ्य सेवामा सबैको पहुँच सुनिश्चित गर्नुका साथै परिवार नियोजन, सूचना र शिक्षा तथा प्रजनन स्वास्थ्यलाई राष्ट्रिय रणनीति र कार्यक्रममा एकीकरण गर्ने जस्ता परिमाणात्मक लक्ष्यहरू पनि निर्धारण गरिएको छ ।

स्वास्थ्य क्षेत्रमा हालसम्म भएका प्रगतिहरू उत्साहप्रद रहेका छन् । सन् २०१५ मा नवजात शिशु मृत्युदर र पाँच वर्षमुनिको बाल मृत्युदर (प्रतिहजार जीवित जन्ममा) क्रमशः २३ र ३८ मा झरेको छ । यसैगरी, मातृ मृत्युदर (प्रतिलाख जीवित जन्ममा) घटेर २५८ पुगेको छ । सन् २०१५ मा परिवार नियोजनको साधन प्रयोग दर बढेर ४७.१ प्रतिशत पुगेको साथै कुल प्रजनन दर २.३ मा झरेको तथा अन्य क्षेत्रहरूमा पनि हालै गरिएका निरीक्षणहरूले मातृ मृत्युदर अझ घटेको सङ्केत गरेका छन् (तालिका ३) । साथै, १० देखि १४ वर्ष उमेर समूहका किशोरीको प्रजननदर उच्च रहेको छ जुन हरेक १ हजार किशोरीमा ७१ रहेको छ ।

नयाँ एच.आई.भी. सङ्क्रमण भएका १५ देखि ४९ वर्ष उमेरका वयस्कहरू (सङ्क्रमित नभएका प्रतिहजार जनसङ्ख्यामा) को प्रतिशत ०.०३ छ । क्षयरोग, हात्तीपाइले (ल्याम्फाटिक फाइलेरियासिस) र डेंगु भएका बिरामीहरूको अनुपात उल्लेख्य रूपमा घट्दै गएको छ । सन् २०१५ मा यी तीनओटै रोगका बिरामीहरू घट्दै गई क्रमश : १५८ (प्रति १ लाख जीवित जन्ममा), ३०,००० र ७२८ रहेको जनाइएको छ । यसैगरी, औलोजरो, कालाजार, रेबिज, ट्रकोमा र सिस्टिसराइडका बिरामीहरूको सङ्ख्या पनि घटेको छ । नेपालको अबका चुनौतीहरू भनेको हेपाटाइटिस, पानीजन्य रोगहरू र सरुवा रोगहरू हुन् ।

नसर्ने रोगहरूबाट हुने असामयिक मृत्युका घटनाहरू भने बढिरहेको कुरा सम्पूर्ण मृत्यहरूमध्ये यस्ता रोगहरूबाट मृत्यु हुनेहरूको प्रतिशत ४३.७ भएबाट

४ गुणस्तरीय शिक्षा

पनि स्पष्ट हुन्छ । आत्महत्याका घटनाहरू पनि बढिरहेका (प्रतिलाख जनसङ्ख्यामा १६.५ जना) छन् । सडक यातायात दुर्घटनाहरूबाट हुने मृत्युदर (प्रतिलाख जनसङ्ख्यामा) लगभग २० रहेको छ ।

दिगो विकास लक्ष्य ३ अन्तर्गत मातृ मृत्युदरलाई ७० (प्रत्येक १ लाख जीवित जन्ममा) भन्दा कम गर्ने लक्ष्य राखिएकोमा विश्वव्यापी लक्ष्यअनुरुप छ । नवजात शिशुहरू र ५ वर्षमुनिका बालबालिकाको रोक्न सकिने मृत्युलाई १ प्रतिशतभन्दा कम गर्ने र नवजात शिशु मृत्युदर (प्रतिहजार जीवित जन्ममा) र ५ वर्षमुनिको बाल मृत्युदर (प्रतिहजार जीवित जन्ममा) लाई हालको क्रमशः २३ र ३८ बाट सन् २०३० सम्ममा कम्तीमा क्रमशः १२ र २० मा ओराल्ने परिमाणात्मक लक्ष्यहरू राखिएका छन् । एच.आई.भी., क्षयरोग, औलोजरो र अन्य उष्णप्रदेशीय रोगहरू साथै पानीजन्य रोगहरू लाग्न नदिने परिमाणात्मक लक्ष्य पनि राखिएको छ । सन् २०३० सम्ममा नसर्ने रोगबाट हुने असामयिक मृत्युदरलाई एकतिहाइले कम गर्ने र स्वास्थ्य उपचार खर्चलाई सन् २०१५ मा भएको कुल गार्हस्थ्य उत्पादनको ५ प्रतिशतबाट बढाई कम्तीमा ७ प्रतिशत पुऱ्याउने विश्वव्यापी परिमाणात्मक लक्ष्यहरू पनि राखिएको छ । यसैगरी, अरू परिमाणात्मक लक्ष्यहरूमा परिवार नियोजनका साधनहरू (आधुनिक विधि) प्रयोग दर वृद्धि गरी ६० प्रतिशत पुऱ्याउने, दक्ष प्रसुतीकर्मीहरूको सहायताले गराइने जन्महरूको अनुपात ९० पुऱ्याउने, स्वास्थ्य संस्थाहरूमा भर्ना भई बच्चालाई जन्म दिने सुत्केरी महिलाहरूको प्रतिशत ९० पुऱ्याउने र परिवार नियोजनसम्बन्धी आवश्यकताहरू आधुनिक विधि/साधनद्वारा पूरा भएका प्रजनन उमेरका (१५ देखि ४९ वर्ष उमेरका) महिलाहरूको अनुपात ८० पुऱ्याउने परिमाणात्मक लक्ष्यहरू पनि राखिएको छ ।

### लक्ष्य ४- समावेशी तथा न्यायोचित र गुणात्मक शिक्षा सुनिश्चित गर्दै सबैका लागि जीवनपर्यन्त सिकाइका अवसरहरू प्रवर्द्धन गर्ने

दिगो विकास लक्ष्य ४ अन्तर्गत : (क) सन् २०३० सम्ममा सबै छात्र छात्राहरूलाई सान्दर्भिक साथै सिकाइका सकारात्मक परिणामहरू प्राप्त हुन सकुन् भन्ने उद्देश्यले निशुल्क, न्यायोचित तथा गुणात्मक प्राथमिक र माध्यमिक शिक्षाको सुनिश्चितता गर्ने, (ख) सबै छात्र छात्राहरूलाई प्राथमिक शिक्षाको लागि तयार गर्न गुणस्तरीय प्रारम्भिक बालविकास, हेरचाह र पूर्वप्राथमिक शिक्षामा उनीहरूको पहुँच सुनिश्चित गर्ने, (ग) क्षमताले धान्न सकिने तथा गुणस्तरीय प्राविधिक, व्यावसायिक र विश्वविद्यालयसम्मकै शिक्षामा सबै महिला र पुरुषहरूको समान पहुँचको सुनिश्चितता गर्ने, (घ) रोजगारी, मर्यादित जागिर र उद्यमशीलताको निम्ति प्राविधिक एवम् व्यावसायिक दक्षता लगायतका सान्दर्भिक सीप/दक्षता भएका युवा र वयस्कहरू (Adults) को सङ्ख्या वृद्धि गर्ने र (ङ) शिक्षामा लैङ्गिक असमानताहरूको अन्त्य गर्ने र कमजोर अवस्थामा रहेका मानिसहरूको लागि शिक्षा र व्यावसायिक तालिमका सबै तहहरूमा समान पहुँचको सुनिश्चितता गर्ने जस्ता परिमाणात्मक लक्ष्यहरू प्रस्तावित गरिएका छन् ।

नेपाल विशेषगरेर गरीब र राज्यबाट पाउनुपर्ने लाभहरू नपाएका समूहहरूको पहुँच शिक्षामा विस्तार गर्न कटिबद्ध रहेको छ । परिणामस्वरूप, सन् २०१५ मा प्राथमिक तहमा खुद भर्नादर ९६.६ प्रतिशत पुगेको छ । यसैगरी, सन् २०१५ मा साङ्ख्यिक ज्ञान (सङ्ख्यामा व्यक्त भएका कुरा लेख्न र पढ्नसक्ने) भएका १५ वर्ष र माथिको जनसङ्ख्याको प्रतिशत ६२.२ प्रतिशत पुगेको छ भने १५ देखि २४ वर्ष उमेर समूहको साक्षरता दर ८८.६ प्रतिशत रहेको छ (तालिका ४) ।

साथै, ८१ प्रतिशत बालबालिकाहरूले शुरुको बाल्यकाल शिक्षा प्राप्त गरेका छन् । लैङ्गिक समता हासिल भएको छ । तथापि, उच्च शिक्षामा असमानता रहेको छ (१०० महिलाहरूमा ८८ पुरुषहरू) । यस्तै, १५ देखि २४ वर्ष उमेर समूहको महिला साक्षरता दर पनि नाटकीय रूपमा बढेको छ ।

दिगो विकास लक्ष्य ४ का विशेष परिमाणात्मक लक्ष्यहरूमा सन् २०३० सम्ममा प्राथमिक तहमा खुद भर्नादर र प्राथमिक तह पूरा गर्ने दर ९९.५

प्रतिशत र माध्यमिक तहमा सहभै देखिने भर्ना दर ९९ प्रतिशत पुऱ्याउने लक्ष्य रहेको छ। यसैगरी, अरू परिमाणात्मक लक्ष्यहरूमा कक्षा १ मा भर्ना भएका विद्यार्थीहरूमध्ये कक्षा ८ सम्म ९५ प्रतिशत विद्यार्थीहरू पुग्ने कुराको सुनिश्चितता गर्ने, रोजगारी, मर्यादित जागिर र उद्यमशीलताको निम्ति प्राविधिक एवम् व्यावसायिक दक्षता लगायतका सान्दर्भिक सीप/दक्षता भएका युवा र वयस्कहरू (Adults) को अनुपात ७५ प्रतिशत हुने, सबै युवाहरू, ९८ प्रतिशत वयस्क पुरुषहरू र महिलाहरूले साक्षरता र साङ्ख्यिक ज्ञान हासिल गर्ने, उच्च शिक्षामा लैङ्गिक असमानताहरू हटाउने जस्ता परिमाणात्मक लक्ष्यहरू पनि राखिएको छ।

### लक्ष्य ५ - लैङ्गिक समानता हासिल गर्ने र सबै महिला, किशोरी तथा बालबालिकाहरूलाई सशक्त बनाउने

दिगो विकास लक्ष्य ५ का परिमाणात्मक लक्ष्यहरूमाः (क) सबै महिला र किशोरीहरूविरुद्ध जुनसुकै क्षेत्र र स्थानमा हुने सबै प्रकारका विभेदहरूलाई अन्त्य गर्ने, (ख) बेचबिखन, यौन र अरू प्रकारका शोषण लगायत सार्वजनिक एवम् निजी क्षेत्रहरूमा सबै महिला र किशोरीहरूविरुद्ध हुने सबै प्रकारका हिंसा अन्त्य गर्ने, (ग) बालविवाह, कम उमेरको विवाह, जबर्जस्ती विवाह र महिला जनेन्द्रीय अङ्गभङ्ग गर्ने जस्ता सबै घातक/हानिकारक व्यवहारहरूको अन्त्य गर्ने, (घ) पारिश्रमिक बेगरको हेरचाह गर्ने र घरायसी कामलाई कदर गर्ने र महत्व दिने, (ङ) राजनीतिक, आर्थिक र सार्वजनिक जीवनको निर्णय-निर्माणका सबै तहहरूको नेतृत्वमा महिलाहरूको पूर्ण तथा प्रभावकारी सहभागिता र समान अवसरहरूको सुनिश्चितता गर्ने र (च) यौन तथा प्रजनन स्वास्थ्य र प्रजनन अधिकारहरूमा विश्वव्यापी पहुँच सुनिश्चित गर्ने लगायतका परिमाणात्मक लक्ष्यहरू रहेका छन्।

नेपालले खासगरी शिक्षा, स्वास्थ्य, र राजनीतिक निर्णय निर्माण प्रक्रिया जस्ता महत्वपूर्ण सामाजिक-आर्थिक क्षेत्रहरूमा लैङ्गिक असमानतालाई कम गरेको छ। लैङ्गिक असमानता र हिंसालाई प्रश्रय दिने व्यवहारहरू हटाउने दिशामा सुधार भएको छ। समान कामका लागि समान ज्याला सुनिश्चित गर्ने दिशामा उल्लेखनीय प्रगति हासिल भएको छ तापनि महिलाहरूको औसत ज्याला पुरुषहरूको तुलनामा अभै पनि ६२ प्रतिशत मात्र छ। यस्तै, लैङ्गिक असमानता सूचकाङ्क र लैङ्गिक सशक्तीकरण सूचकाङ्क क्रमशः ०.४९ र ०.५७ रहेको छ (तालिका ५)। श्रमशक्ति सहभागितामा, लैङ्गिक समतामा र महिलाको राजनैतिक सशक्तीकरणमा नेपाल अगाडि बढेको छ। सन् २०१५ मा लैङ्गिक अन्तर (Gender gap) मा नेपाल विश्वमा ११० औं स्थानमा रहेको छ।

पेसागत र प्राविधिक कामदारहरूमा महिला र पुरुषको अनुपात ०.२४ छ। तथापि, सहकारी क्षेत्रमा महिलाहरूको सहभागिता उत्साहप्रद रहेको छ। सरकार र राजनीतिक क्षेत्रको तुलनामा समुदायस्तरका सङ्गठनहरूको नीति निर्माणमा महिलाको सहभागिता निकै राम्रो छ। उपभोक्ता समूहहरू, गैरसरकारी संस्थाहरू, निजी क्षेत्र र समुदायमा आधारित सङ्गठनहरूमा महिलाहरूको प्रतिनिधित्व एकतिहाइभन्दा बढी रहेको छ। यद्यपि, विभिन्न तहहरूमा नीतिनिर्माणमा महिलाहरूको सहभागिता सम्बन्धमा उल्लेखनीय प्रगति भएको छ तापनि जनसंख्याको केही समूहहरूको उनीहरू आफैँलाई नै असर गर्ने निर्णयहरूमा भने सीमित प्रभाव रहेको छ। सन् २०१७ को निर्वाचनमा स्थानीय सरकारहरूमा निर्वाचित भएका पदाधिकारीहरूमध्ये ४० प्रतिशतभन्दा बढी महिलाहरू निर्वाचित भएका छन्। यसैगरी, संसद्का कुल सदस्यहरूमा कम्तीमा ३३ प्रतिशत सदस्यहरू महिला हुनैपर्ने कुरा संविधानले नै प्रत्याभूति गरेको छ।

महिला र किशोरीविरुद्धको भेदभाव र हिंसामा निरन्तर सुधार भए तापनि यी क्षेत्रहरूमा यस्तो अवस्था अभै पनि कायमै छ। १५ देखि ४९ वर्षका महिलाहरूमध्ये एकचौथाइभन्दा बढी (२६ प्रतिशत) ले भौतिक वा यौनजन्य हिंसा अनुभव गरेका छन्। विभिन्न प्रकारका हिंसाहरूमध्ये घरेलुहिंसा मुख्य रूपमा रहेको छ भने त्यसपछि महिलाहरूको बेचबिखन, भौतिक/यौन दुर्व्यवहार, सामाजिक

६ स्वच्छ पानी र सरसफाई

दुर्व्यवहार र बोक्सी, छाउपडी, दाइजो, १८ वर्षको उमेरभन्दा पहिले नै विवाह गर्ने (जुन घातक पनि हुन्छ) जस्ता कुप्रथाहरू लगायतका हिंसाहरू प्रमुख छन् ।

नेपाल बंगलादेश र भारतपछि दक्षिण एसियामा बाल विवाहदर उच्च भएको तेस्रो देश हो । बाल विवाह गर्ने प्रवृत्ति अझै पनि उच्च रहेको छ । ३७ प्रतिशत महिलाहरूले १८ वर्षभन्दा अगाडि नै विवाह गर्छन् भने १५ वर्षभन्दा पहिले नै विवाह बन्धनमा बाँधिनेको अनुपात १० प्रतिशत रहेको छ । यसका अतिरिक्त, एक सर्वेक्षणका अनुसार २६ प्रतिशत महिलाहरू भौतिक वा यौनहिंसाबाट सताइएको पाइएको छ ।

दिगो विकास लक्ष्य ५ अन्तर्गत समान कामको लागि पनि ज्यालामा हुने असमानताहरूको अन्त्य गर्ने, भौतिक/यौनहिंसा अन्त्य गर्ने, सबै हानिकारक प्रथाहरूको अन्त्य गर्ने, सङ्घीय संसद्मा महिलाहरूको प्रतिनिधित्व बढाएर ४० प्रतिशत पुऱ्याउने, सार्वजनिक सेवाका नीति निर्माणका पदहरूमा महिला कर्मचारीहरूको हिस्सा तीन गुनाले बढाउने- जसअनुसार हालको ११ प्रतिशतबाट बढाएर सन् २०३० सम्ममा ३३ प्रतिशत पुऱ्याउने,[२८] लैङ्गिक असमानता सूचकाङ्क सन् २०१५ को ०.४९ बाट सन् २०३० मा ०.०५ मा घटाउने र लैङ्गिक सशक्तीकरण मापन (सूचकाङ्क) लाई सन् २०१५ को ०.५७ बाट बढाएर सन् २०३० मा ०.६९ पुऱ्याउने जस्ता परिमाणात्मक लक्ष्यहरू राखिएका छन् ।

## लक्ष्य ६ - सबैको निम्ति खानेपानीको साथै सरसफाईको उपलब्धताका साथै यसको दिगो व्यवस्थापन सुनिश्चित गर्ने

यो लक्ष्यअन्तर्गत सन् २०३० सम्ममा हासिल गर्न प्रस्ताव गरिएका परिमाणात्मक लक्ष्यहरूमाः (क) सबैको निम्ति सुरक्षित र खर्चले धान्न वा बेहोर्न सकिने खानेपानीको सर्वव्यापी र न्यायोचित पहुँच हासिल गर्ने, (ख) सरसफाई र स्वस्थ/आरोग्यपूर्ण अवस्था कायम गर्ने कुरामा सबैको निम्ति पर्याप्त र न्यायोचित पहुँच सुनिश्चित गर्ने र खुला रूपमा दिसा-पिसाब गर्ने चलन वा बानीको अन्त्य गर्ने, (ग) प्रदूषण घटाएर, पानीमा फोहोर फाल्ने कार्यको अन्त्य गरेर, हानिकारक फोहोरहरू तथा रसायनहरू र वस्तुहरूको विसर्जन कार्यलाई न्यूनीकरण गरेर खानेपानीको गुणस्तर सुधार गर्ने, (घ) पानी-प्रयोगको दक्षतालाई सबै क्षेत्रहरूमा सारभूत रूपमा सुधार गर्ने, (ङ) सबै तहमा एकीकृत जलस्रोत व्यवस्थापन कार्यक्रमहरू कार्यान्वयन गर्ने, (च) पहाड, वन, सीमसार, नदी, भूमिगत जलभण्डार र तालहरू लगायत पानीसँग सम्बन्धित पारिस्थितिकीय प्रणालीहरूको संरक्षण र पुनर्स्थापन गर्ने आदि परिमाणात्मक लक्ष्यहरू समावेश गरिएका छन् ।

सन् २०१५ मा आधारभूत खानेपानी सेवाको संरचना पुगेको जनसङ्ख्याको प्रतिशत ८७ र सरसफाईबाट लाभान्वित जनसङ्ख्याको प्रतिशत ८२ पुगेको छ । तथापि, आधाभन्दा कम (४९.५ प्रतिशत) परिवारहरूको मात्र पाइपबाट आपूर्ति गरिएको खानेपानीमा पहुँच छ (तालिका ६) । यस्तो पहुँच पनि सामाजिक समूह र बसोबासको क्षेत्रअनुसार फरक पर्दछ । पाइपबाट आपूर्ति गरिएको खानेपानीको पहुँचको विषय परिवारहरूको आर्थिक हैसियतसँग गाँसिएको हुन्छ । पाइपबाट आपूर्ति गरिएको खानेपानीमा पहुँच भएका अधिकांश (९९ प्रतिशत) परिवारहरू पानीको स्रोतको ३० मिनेटभित्रको पैदल दूरीमा रहेका छन् । यस्तो पहुँच वर्षात् र सुख्खा दुवै याममा एकनास रहेको पाइएको छ । हालै गरिएको एक सर्वेक्षणअनुसार ८२.२ प्रतिशत परिवारहरूले प्रदूषित (E.Coil) खानेपानी प्रयोग गरिरहेको पाइएकाले पाइपबाट सुरक्षित खानेपानी आपूर्ति गर्ने कार्य पनि चुनौतीपूर्ण नै छ ।

यद्यपि, दुईतिहाइ (६७.६ प्रतिशत) जनसङ्ख्याले शौचालय प्रयोग गरिरहेका छन् भने सहरमा बसोबास गर्ने ३० प्रतिशत परिवारहरू मात्र ढल प्रणालीहरूमा जोडिएका छन् । यद्यपि, तराई क्षेत्रमा

२८ निजामती सेवाको निर्णयनिर्माण तहमा रहेका अधिकृतहरूमा महिला अधिकृतहरूको हिस्सा करिब ९ प्रतिशत रहेको ।

रहेको सरसफाईसम्बन्धी अन्तरलाई पूरै कम गर्ने कार्य अझ पनि चुनौतीपूर्ण नै छ ।

सन् २०३० का निम्ति राखिएका दिगो विकास लक्ष्य ६ सम्बन्धी विशेष परिमाणात्मक लक्ष्यहरूमा आधारभूत स्तरको खानेपानी सेवामा ९९ प्रतिशत परिवारहरूको पहुँच पुऱ्याउने र पाइपबाट आपूर्ति गरिएको खानेपानीमा र सुधारिएको सरसफाईमा कम्तीमा क्रमशः ९० र ९५ प्रतिशत जनसङ्ख्याको पहुँच सुनिश्चित गर्ने लक्ष्यहरू समावेश गरिएका छन् । यसैगरी, सफा शौचालयहरूमा ९८ प्रतिशत जनसङ्ख्याको पहुँच पुऱ्याउने परिमाणात्मक लक्ष्य पनि राखिएको छ ।




**लक्ष्य ७ - धान्न/बेहोर्न सकिने, भरपर्दो, दिगो र आधुनिक ऊर्जामा सबैको पहुँच सुनिश्चित गर्ने**

सन् २०३० सम्ममा यो लक्ष्यअन्तर्गत हासिल गर्न राखिएका परिमाणात्मक लक्ष्यहरू यसप्रकार छन् : (क) खर्चले धान्न सकिने, भरपर्दो र आधुनिक ऊर्जा सुविधाहरूमा सर्वव्यापी पहुँच सुनिश्चित गर्ने, (ख) विश्वव्यापी रूपमा विभिन्न प्राथमिक ऊर्जा स्रोतहरूको समिश्रण (Energy mix) मा नवीकरणीय ऊर्जाको हिस्सा सारभूत रूपमा बढाउने र (ग) ऊर्जा दक्षता/प्रभावकारितामा गरिने सुधारको दरलाई दोब्बर पार्ने ।

देशमा करिब तीनचौथाइ (७४.७ प्रतिशत) परिवारहरू खाना पकाउन ऊर्जाको प्राथमिक स्रोतको रूपमा ठोस इन्धन प्रयोग गर्दछन् । खाना पकाउन एल.पी. ग्याँस प्रयोग गर्ने परिवारहरू पाँच भागको एक भाग (१८ प्रतिशत) छन् (तालिका ७) । विद्युत्मा करिब तीनचौथाइ (७४ प्रतिशत) परिवारहरूको पहुँच छ तापनि विद्युत्को वास्तविक आपूर्ति भने पर्याप्त छैन । ग्रामीण क्षेत्रहरूमा अफ-ग्रीड जलविद्युत् प्लान्टहरूबाट हुने विद्युत् आपूर्ति सीमित छ र यसको धेरैजसो प्रयोग बत्ती बाल्न र मोबाइल फोन जस्ता साना उपकरणहरू चार्ज गर्नमा हुने गरेको छ । सोलार पी.भी.जस्ता घरायसी प्रणालीहरूबाट विद्युत् उत्पादन बढिरहेको छ तापनि बत्ती बाल्नको लागि मात्र यो पर्याप्त छ । सुख्खा याममा विद्युत् कटौती अनिश्चित रूपमा भइरहने हुनाले ग्रीड-विद्युत् पनि त्यति भरपर्दो हुन सकेको छैन ।

खर्चले धान्न सकिने, भरपर्दो र आधुनिक ऊर्जा सुविधाहरूमा सर्वव्यापी पहुँच सुनिश्चित गर्ने कार्य ज्यादै गाह्रो छ । तथापि, देशमा रहेको जलविद्युत्को विशाल सम्भावना र ऊर्जा उत्पादन गर्ने कार्यमा निजी क्षेत्र पनि बढी सक्षम भइरहेको, ग्रीडसँग जोड्ने कार्य पनि विस्तार भइरहेको र वैकल्पिक ऊर्जाका स्रोतहरू समेतको प्रयोग बढ्दै गइरहेको कुरालाई दृष्टिगत गर्दा नेपालले यो लक्ष्य हासिल गर्नसक्छ । दिगो विकास लक्ष्यका लागि प्रस्तावित विशेष परिमाणात्मक लक्ष्यहरूमा विद्युत्मा ९९ प्रतिशत परिवारहरूको पहुँच पुऱ्याउने, खाना पकाउनका लागि दाउरा प्रयोग गरिरहेका परिवारहरूको अनुपात हालको करिब ७५ प्रतिशतबाट घटाई ३० प्रतिशतमा झार्ने, एल.पी. ग्याँस प्रयोग गर्ने परिवारहरूको सङ्ख्या ४० प्रतिशतमा सीमित गर्ने, जलविद्युत्को जडित क्षमता १५,००० मेगावाट पुऱ्याउने र प्रतिव्यक्ति विद्युत् खपत बढाएर १,५०० किलोवाट घण्टा पुऱ्याउने जस्ता परिमाणात्मक लक्ष्यहरू समावेश गरिएका छन् ।




**लक्ष्य ८- स्थिर, समावेशी र दिगो आर्थिक वृद्धि, पूर्ण तथा उत्पादनशील रोजगारी र मर्यादित कामलाई प्रवर्द्धन गर्ने**

दिगो विकास लक्ष्य ८ अन्तर्गत : (क) प्रतिव्यक्ति आर्थिक वृद्धिलाई कायम राख्ने र विशेषगरेर अति कम विकसित मुलुकहरूमा कुल गार्हस्थ्य उत्पादनको वृद्धिलाई कम्तीमा प्रतिवर्ष ७ प्रतिशत कायम राख्ने, (ख) विविधीकरण, प्रविधिको स्तरोन्नति र नवप्रवर्तनको माध्यमबाट माथिल्लो स्तरको आर्थिक उत्पादकत्व हासिल गर्ने, (ग) सबै महिला र पुरुषहरूलाई पूर्ण एवम् उत्पादनशील रोजगारी र मर्यादित काम उपलब्ध गराउने, (घ) स्रोतहरूको दक्षतामा सुधार गर्ने, (ङ) निकृष्ट स्वरूपको बालश्रमको अन्त्य गर्ने र (च) वित्तीय सेवाहरूमा

सबैको पहुँच विस्तार गर्ने लगायतका परिमाणात्मक लक्ष्यहरू राखिएका छन् ।

विगत दुई दशकमा कुल गार्हस्थ्य उत्पादनको औसत वृद्धिदर लगभग ४ प्रतिशत रह्यो । यस्तो वृद्धि ज्यादाजसो मौसममा भरपर्ने कृषिमा आंशिक रूपमा निर्भर रहेको छ । ठूला उद्योगहरूको कुल उत्पादनमा मेटेरियल इन्टेनसिटी (१०० मूल्यको वस्तु/सेवा उत्पादन गर्नका लागि प्रयोग भएको सामग्रीको मूल्य) उच्च (६६ प्रतिशत) छ ।[२९] यस्तै १५ देखि ५९ वर्ष उमेरका जनसङ्ख्यामध्ये २७.८ प्रतिशत अर्धबेरोजगार छन्; रोजगारी पाएका व्यक्तिहरूमध्ये पनि करिब एकचौथाइ 'काम गर्ने गरीब' को वर्गीकरणमा पर्ने गरेका छन् । सीमित सामाजिक सुरक्षा र श्रम बजारमा एकातर्फ अनौपचारिक क्षेत्रको बाहुल्यता रहेको छ भने अर्कातर्फ यसमा लैङ्गिक आधारमा ज्यालामा भेदभाव गरिन्छ । बालश्रम अझै पूरै रूपमा उन्मूलन भएको छैन र यसरी बालश्रम गर्नेहरूमध्ये ३० प्रतिशत हानिकारक ठाउँ/अवस्थाहरूमा काम गर्दछन् (तालिका ८) ।

यो लक्ष्यअन्तर्गत सन् २०३० का लागि राखिएका विश्वस्तरका परिमाणात्मक लक्ष्यहरूमा ७ प्रतिशतको प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन वृद्धि हासिल गर्ने, ठूला उद्योगहरूको कुल उत्पादनको मेटेरियल इन्टेनसिटीलाई ६० प्रतिशतमा झार्ने, अर्धबेरोजगारी दरलाई १० प्रतिशतभन्दा कम गर्ने, र निकृष्ट बालश्रमको अन्त्य गर्ने जस्ता लक्ष्यहरू छन् । पर्यटन क्षेत्रमा रोजगारीहरूको सङ्ख्या १० गुनाले वृद्धि गर्ने, कुल गार्हस्थ्य उत्पादनमा पर्यटन क्षेत्रको योगदान चार गुनाले वृद्धि गर्ने, प्रति एक लाख जनताहरूको लागि वाणिज्य बैंकहरूको शाखाहरूको सङ्ख्या सन् २०३० मा हालको भन्दा दोब्बर (३६) बढाउने, ३० मिनेटको पैदल यात्राभित्र सहकारी संस्थाजस्ता सामुदायिक वित्त संस्थाहरूमा पहुँच हुने परिवारहरूको प्रतिशत ८० पुऱ्याउने लगायतका परिमाणात्मक लक्ष्यहरू पनि निर्धारण गरिएको छ ।

## लक्ष्य ९ – उत्थानशील (Resilient) पूर्वाधारहरू निर्माण गर्ने, समावेशी तथा दिगो औद्योगीकरणको प्रवर्द्धन गर्ने र नवप्रवर्तनलाई प्रेरित गर्ने

९ उद्योग प्रवर्तन र पूर्वाधार

दिगो विकास लक्ष्य ९ अन्तर्गत : (क) आर्थिक विकास र मानवको सुख समृद्धिलाई सहयोग गर्ने क्षेत्रीय र सीमापार संरचनाहरू लगायत गुणस्तरीय, भरपर्दो, दिगो र उत्थानशील (Resilient) पूर्वाधारहरूको विकास गर्ने, (ख) समावेशी र दिगो औद्योगिक विकासलाई प्रवर्द्धन गर्ने, (ग) सानास्तरका उद्यमहरू र अन्य उद्यमहरूमा पहुँच बढाउने, (घ) पूर्वाधारहरूको स्तरोन्नति गर्ने र (ङ) वैज्ञानिक अनुसन्धानलाई बढवा दिने तथा नवप्रवर्तनलाई प्रोत्साहन गर्ने परिमाणात्मक लक्ष्यहरू निर्धारण गरिएका छन् ।

नेपालले भौतिक पूर्वाधारहरूको धेरै ठूलो अभाव झेलिरहेको छ । सन् २०१५/१६ को अन्त्यसम्ममा करिब १३,००० किलोमिटर रणनीतिक सडकहरू सञ्चालनमा थिए । जिल्ला सडकहरूको मुख्य सञ्जाल र ग्रामीण सडकहरूको लम्बाइ क्रमशः २५,७२८ र ३१,९०४ किलोमिटर पुगेको छ । राजनीतिज्ञहरूले सडक निर्माणमा यति धेरै प्राथमिकता दिए पनि हालको सडक घनत्व ज्यादै कम (०.५ की.मी./वर्ग की.मी.) रहेको छ । धेरैजसो सडकहरूले तोकिएको मापदण्ड पनि पूरा गर्दैनन् । अर्कोतर्फ, दूर सञ्चारका माध्यमहरूको प्रयोग नाटकीय रूपमा बढेको छ । मोबाइल फोनको प्रयोगकर्ताहरू देशको कुल जनसङ्ख्याभन्दा धेरै बढी छन् (तालिका ९) ।

सन् २०३० सम्ममा सडक घनत्व बढाएर १.३ की.मी./वर्ग की.मी.) पुऱ्याउने र पक्की सडक घनत्वलाई वृद्धि गरी ०.२५ की.मी./वर्ग की.मी. पुऱ्याउने परिमाणात्मक लक्ष्य राखिएको छ । औद्योगिक क्षेत्र (ठूला उद्योगहरू, पानी र विद्युत्, र निर्माण) विशेषगरेर ठूला उद्योगहरू न्यून लगानी र प्रतिस्पर्धी क्षमताको अभावले ग्रसित छन् । कुल उत्पादनमा उद्योग क्षेत्रको हिस्सा १५ प्रतिशत मात्र छ भने यसले श्रमशक्तिको ७ प्रतिशतभन्दा

२९ मेटरियल इन्टेन्सिटीले वस्तु तथा सेवा उत्पादन गर्नका लागि प्रयोग भएको सामग्रीको मूल्यलाई जनाउँछ । हाल ६६ रुपैयाँ बराबर मूल्यका सामग्रीहरू १०० रुपैयाँ बराबर मूल्यका वस्तु उत्पादन गर्नका लागि इन्पुटको रूपमा प्रयोग हुनेगरेका छन् ।

कमलाई मात्र रोजगारी दिएको छ। श्रममूलक क्रियाकलापहरूलाई प्रवर्द्धन गर्न कुल गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको हिस्सा सन् २०३० मा २५ प्रतिशत पुऱ्याउने साथै उद्योग क्षेत्रमा रोजगारी वृद्धि गरी कुल रोजगारीको १३ प्रतिशत पुऱ्याउने परिमाणात्मक लक्ष्यहरू निर्धारण गरिएका छन्।

### लक्ष्य १० - देशभित्र तथा देशहरूबीचको असमानता हटाउने

यो लक्ष्य हासिल गर्न : (क) आयको दृष्टिकोणले तलको तहमा रहेका ४० प्रतिशत जनसङ्ख्याको आयको वृद्धि राष्ट्रिय औसतभन्दा बढीले अग्रगामी रूपमा हासिल गर्ने, (ख) सबै जनताको सामाजिक, आर्थिक र राजनीतिक समावेशितालाई सशक्त बनाउने र प्रवर्द्धन गर्ने, (ग) समान अवसरको सुनिश्चितता गर्ने र परिणाममा हुने असमानताहरूलाई घटाउने र (घ) नीतिहरूमा विशेषगरेर वित्तीय, ज्याला र सामाजिक सुरक्षा नीतिहरू अङ्गीकार गर्ने परिमाणात्मक लक्ष्य राखिएका छन्। यसैगरी, यो लक्ष्यले विश्व वित्तीय बजारहरू र संस्थाहरूको नियमन र अनुगमनलाई सुधार गर्ने र यस्ता नियमनहरूको कार्यान्वयनलाई सुदृढ तुल्याउने, विश्वव्यापी अन्तर्राष्ट्रिय आर्थिक र वित्तीय संस्थाहरूको नीति निर्माणमा विकासशील देशहरूको सुदृढ प्रतिनिधित्व र आवाज सुनिश्चित गर्ने र मानिसहरूको व्यवस्थित, सुरक्षित, नियमित र जिम्मेवारपूर्ण बसाईंसराइ र आवागमनलाई सहज तुल्याउने परिमाणात्मक लक्ष्यहरू पनि लिएको छ।

गिनी कोफिसियन्ट (Gini coefficient) बाट मापन गरिएको उपभोगमा असमानता सन् २०१५ मा ०.३३ र आयमा असमानता ०.४६ रहेको थियो। कुल उपभोगमा तलका ४० प्रतिशत जनसङ्ख्याको हिस्सा १८.७ प्रतिशत मात्र छ (तालिका १०)। यसैगरी, कुल आयमा तल्लो ४० प्रतिशत जनसङ्ख्याको हिस्सा करिब १२ प्रतिशत रहेको छ। यसो भए तापनि सन् २००४ को स्तरबाट भएको गिनी कोफिसियन्टको सुधार (०.४७) ले तल्लो ४० प्रतिशत जनसङ्ख्याले अनुभव गरेको आयको वृद्धिको गति माथिल्ला समूहहरूको आयमा भएको वृद्धिको गतिभन्दा बढी भएको सङ्केत गर्दछ। यस्तो सङ्क्रमण पाल्मा अनुपात (Palma Ratio) मा प्रतिविम्बित हुन्छ। तलको ४० प्रतिशतको आयको हिस्सालाई माथिल्लो १० प्रतिशतको आयको हिस्साको आधारमा मापन गरिने यस्तो अनुपात सन् २०१० र २०१५ को बीचमा १.३ रहेको थियो।

असमानताका अन्य सूचकहरूमा शिक्षामा पहुँच र विद्यालयको शिक्षा पुरा गर्ने, स्वास्थ्य तथा पोषण, श्रमबजारका सर्तहरू र ज्याला दरहरू, र सामाजिक सुरक्षा जस्ता सूचकहरू समावेश गरिएका छन्। सन् २०१५ मा आय समूहहरूको सबैभन्दा धनी क्विन्टायलले प्राथमिक शिक्षा समयमै पूरा गर्ने दर सबैभन्दा गरीब क्विन्टायलको भन्दा २.२ गुनाले बढी थियो। यस्तै, सबैभन्दा धनी समूह (क्विन्टायल) का पुड्कोपना नभएका बालबालिकाहरूको अनुपात सबैभन्दा गरीब समूह (क्विन्टायल) का बालबालिकाभन्दा १.६ गुणा उच्च थियो (तालिका १०)।

यो लक्ष्यका लागि प्रस्तावित विशेष परिमाणात्मक लक्ष्यहरूमा उपभोग असमानता (सूचकाङ्क) सन् २०१५ को ०.३३ बाट सन् २०३० मा ०.१६ मा घटाउने, आयको असमानतालाई ०.४६ बाट ०.२३ मा घटाउने र पाल्मा अनुपातलाई यही अवधिमा सुधार गरेर १.३ बाट १ मा झार्ने लगायतका परिमाणात्मक लक्ष्यहरू राखिएको छ। यसैगरी, कुल आयमा तलको ४० प्रतिशत जनसङ्ख्याको हिस्सा १२ प्रतिशतबाट बढाएर १८ प्रतिशत पुऱ्याउने, श्रमिकहरूको वास्तविक ज्यालालाई घट्न नदिन ज्याला सूचकाङ्क र उपभोक्ता मूल्य सूचकाङ्कको अनुपातलाई यही अवधिमा २.९४ बाट बढाएर ३ मा पुऱ्याउने जस्ता लक्ष्यहरू पनि प्रस्ताव गरिएको छ।

### लक्ष्य ११ - सहरहरू र मानव बस्तीहरूलाई समावेशी, सुरक्षित, उत्थानशील (Resilient) र दिगो बनाउने

दिगो विकास लक्ष्य ११ अन्तर्गत सन् २०३० सम्ममा : (क) पर्याप्त, सुरक्षित र क्षमताले धान्नसक्ने

घर र आधारभूत सेवाहरूमा सबैको पहुँच र झुपडबस्तीहरूको स्तरीकरण, (ख) सडक सुरक्षामा सुधार सहितको सार्वजनिक यातायातको विस्तारद्वारा सुरक्षित, क्षमताले धान्नसक्ने, पहुँचयोग्य र दिगो यातायात प्रणालीहरूमा सबैको पहुँच, (ग) समावेशी तथा दिगो सहरीकरण, (घ) विश्वका सांस्कृतिक र प्राकृतिक सम्पदाहरूको संरक्षण तथा सुरक्षण, (ङ) गरीब र संकटग्रस्त अवस्थाहरूमा रहेका मानिसहरूको संरक्षणमा केन्द्रित भएर पानीजन्य लगायतका विपद्हरूको कारण कुल गार्हस्थ्य उत्पादनमा हुने आर्थिक हानिनोक्सानीहरूलाई कम गर्ने र (च) विशेषगरेर महिला र बालबालिका, प्रौढ व्यक्तिहरू र अपाङ्गता भएका व्यक्तिहरूको लागि सुरक्षित, समावेशी, पहुँचयोग्य र हरित सार्वजनिक स्थलहरूमा सर्वव्यापी पहुँच प्रदान गर्ने जस्ता परिमाणात्मक लक्ष्यहरू राखिएको छ ।

नेपालका घरहरूमध्ये ३० प्रतिशतभन्दा कम घरहरू सुरक्षित रहेको मानिएको छ । सहरी क्षेत्रमा सुरक्षित घरहरू निर्माण गर्न ठूलो माग छ । सहरी आवास निर्माणमा निजी क्षेत्र सक्रिय खेलाडीको रूपमा देखापरिरहेको छ । तथापि, घरहरू अपर्याप्त हुनुका साथै महँगा पनि छन् । करिब ५ लाख मानिसहरू गरीब बस्तीहरूमा वा झुपडपट्टीमा बस्ने गरेका छन् । यसैगरी, करिब ४६.७ प्रतिशत परिवारहरूमा पाँच वा सोभन्दा बढी व्यक्तिहरू एउटै घरमा बस्ने गरेका छन् (तालिका ११) ।

सन् २०३० सम्ममा कम्तीमा ६० ओटा नयाँ सेटेलाइट सहरहरू निर्माण गर्ने परिमाणात्मक लक्ष्य राखिएको छ । सन् २०१५ को विनाशकारी भूकम्पले ७,५६,००० घरहरू (४,९९,००० पूर्ण रूपले), ६,०६३ स्वास्थ्यसम्बन्धी संरचनाहरू र अन्य १,७११ संरचनाहरूमा क्षति पुऱ्याएको थियो । यसैगरी, २,९०० ओटा कम्तीमा एक शताब्दी पुराना सांस्कृतिक र धार्मिक सम्पदाहरू या त पूरै नष्ट भए वा क्षतिग्रस्त भएका छन् । भूकम्पबाट प्रभावित परिवारहरूको घर सरकारी अनुदानमा निर्माण भइरहेका छन् । सन् २०२० सम्ममा यस्तो पुनर्निर्माणको कार्य सम्पन्न गरिने लक्ष्य छ ।

सन् २०३० का विशेष परिमाणात्मक लक्ष्यहरूमा पाँच जना र सोभन्दा बढी व्यक्तिहरू बसोबास गर्ने परिवारहरूको सङ्ख्या सन् २०१५ को ४७ प्रतिशतबाट घटाएर सन् २०३० सम्ममा २० प्रतिशतमा झार्ने, कम्तीमा ५० प्रतिशत ठूला सडकहरूलाई विश्वस्तरको मापदण्डअनुसार सुरक्षित बनाउने, सुरक्षित घरहरूमा बसोबास गर्ने परिवारको अनुपात दोब्बर पारी ६० प्रतिशत पुऱ्याउने, वायु प्रदूषणलाई सारभूत रूपमा घटाउने, चोटपटक र विपद्हरूका कारण हुने मृत्युबाट जोगाउने, भूकम्पबाट क्षति वा ध्वस्त भएका सबै सांस्कृतिक सम्पदाहरूको पुनर्निर्माण कार्य सन् २०२० सम्ममा पूरा गरिसक्ने, सांस्कृतिक सम्पदाहरूका लागि बिनियोजन गरिने बजेटलाई सन् २०१५ को १.१५ प्रतिशतबाट बढाएर सन् २०३० सम्ममा २ प्रतिशत पुऱ्याउने लगायतका विशेष परिमाणात्मक लक्ष्यहरू निर्धारण गरिएको छ ।

## लक्ष्य १२- दिगो उपभोग र उत्पादन ढाँचाहरू सुनिश्चित गर्ने

यो लक्ष्यअन्तर्गत : (क) दिगो उपभोग र उत्पादन कार्यक्रमहरूको १० वर्षे ढाँचा/खाका कार्यान्वयन गर्ने, (ख) सन् २०३० सम्ममा प्राकृतिक स्रोतहरूको दिगो व्यवस्थापन गर्दै यिनीहरूको प्रयोग प्रभावकारी रूपमा गर्ने, (ग) खुद्रा तथा उपभोक्ता तहमा हुने प्रतिव्यक्ति विश्व खाद्यवस्तुको दुरुपयोगलाई सन् २०३० सम्ममा आधा घटाउने र खाद्यान्न क्षति घटाउने, (घ) सन् २०२० सम्ममा रासायनिक पदार्थहरू र सबै फोहोरमैलाहरूको जीवनचक्रभरि नै वातावरणीय दृष्टिकोणले प्रभावकारी रूपमा व्यवस्थापन गर्ने, (ङ) फोहोरमैलाको उत्पादनलाई सन् २०३० सम्ममा रोकथाम तथा न्यूनीकरण गरेर साथै खेर गएका वस्तुहरूलाई पुनः प्रशोधन एवम् पुनः प्रयोग गरेर सारभूत रूपमा घटाउने र (छ) दिगो विकास र प्रकृतिसँग तालमेल/सङ्गति भएको जीवनपद्धतिका सान्दर्भिक सूचनाहरू रहेको साथै सचेतना भएको कुरा सुनिश्चित गर्ने जस्ता परिमाणात्मक लक्ष्यहरू समावेश गरिएको छ ।

नेपालसँग प्रशस्त जलस्रोत छ, तर व्यावसायिक रूपमा जलविद्युत् उत्पादन गर्न केवल १० प्रतिशत मात्र यस्तो स्रोतको प्रयोग भएको छ। कृषिमा भएको न्यून उत्पादकत्वलाई दृष्टिगत गर्दा कृषिको लागि खेतीयोग्य जमिनको विस्तार गर्नुभन्दा जमिनको उत्पादकत्वलाई दोब्बर पार्नु उपयुक्त हुन्छ र यो सम्भव पनि छ। हाल खेती गरिएको जमिनको ८० प्रतिशत जमिन खाद्यान्न (Cereal) उत्पादन गर्न प्रयोग भएको छ। खेतीयोग्य जमिन सहरीकरण र अन्य वैकल्पिक प्रयोगहरूले गर्दा खुम्चिँदै गएको छ। यसैले, खेती गरिएको जमिनको ७५ प्रतिशत जमिन मात्र खाद्यान्न उत्पादनको लागि छुट्याउने परिमाणात्मक लक्ष्य निर्धारण गरिएको छ। दाउराको प्रतिव्यक्ति वार्षिक खपत हाल ०.११ क्युबिक मिटर छ, त्यसलाई घटाएर ०.०५ क्युबिक मिटरमा सीमित गरिनेछ। यस्तै प्लास्टिकको प्रतिव्यक्ति प्रयोग जुन सन् २०१५ मा प्रतिदिन २.७ ग्राम थियो, त्यसलाई लगभग शून्य पारिनेछ। यसैगरी, बाली भित्र्याइसकेपछि हुने खाद्यवस्तुको क्षतिलाई सन् २०१५ को १५ प्रतिशतबाट सन् २०३० सम्ममा १ प्रतिशतभन्दा कममा झार्ने लगायतका विशेष परिमाणत्मक लक्ष्यहरू राखिएको छ (तालिका १२)।

यो लक्ष्यअन्तर्गतका अन्य विशेष परिमाणात्मक लक्ष्यहरूमा पानीको प्रयोगलाई कुल जलस्रोतको २० प्रतिशतमा सीमित तुल्याउने, जीवाश्म-इन्धन ऊर्जाको खपतलाई कुल ऊर्जा खपतको १५ प्रतिशतमा सीमित राख्ने, औद्योगिक ठोस र तरल फोहोरमैलालाई घटाउने र जीवाश्म इन्धनमा दिइएको अनुदानलाई खारेज गर्ने जस्ता परिमाणात्मक लक्ष्यहरू निर्धारण गरिएको छ।

### लक्ष्य १३- जलवायु परिवर्तन र यसको प्रभावहरूसँग जुध्न तत्काल कार्य अघि बढाउने

दिगो विकास लक्ष्य १३ अन्तर्गत : (क) सबै देशहरूमा जलवायुसँग सम्बन्धित घातक/हानिकारक कुराहरूको साथै प्राकृतिक विपद्हरूको सामना गर्न उत्थानशीलता र अनुकूलन क्षमतालाई सुदृढ गर्ने, (ख) जलवायु परिवर्तनका उपायहरूलाई राष्ट्रिय नीतिहरू, रणनीतिहरू र योजनामा एकीकृत गर्ने, र (ग) जलवायु परिवर्तनलाई कम गर्न अनुकूलन गर्न, प्रभाव घटाउन र यस सम्बन्धमा पूर्वसावधानी गराउन शिक्षा, सचेतना र मानव तथा संस्थागत क्षमतामा सुधार गर्ने लगायतका प्रमुख परिमाणात्मक लक्ष्यहरू प्रस्ताव गरिएका छन्।

हरितगृह ग्याँसको मात्राअनुसार कृषि क्षेत्र सबैभन्दा बढी (६८ प्रतिशत) उत्सर्जन गर्ने क्षेत्र हो। यातायात र उद्योग क्षेत्र प्रत्येकले करिब १२ प्रतिशत उत्सर्जन गरेका थिए भने व्यापारिक क्षेत्रबाट ५ प्रतिशत मात्र उत्सर्जन भएको थियो (तालिका १३)। राष्ट्रिय, प्रदेश र स्थानीय  तहहरूमा जलवायु परिवर्तनलाई कम गर्न तथा अनुकूलन गर्न धेरै पहलहरू गरिनुपर्छ।

यो लक्ष्यअन्तर्गत कार्बनडाईअक्साइड ग्याँस उत्सर्जन ($CO_2$) लाई आधा घटाउने र सन् २०३० सम्ममा कम्तीमा १२० गाउँपालिकाहरूमा जलवायु परिवर्तन अनुकूलन योजना लागू गर्ने जस्ता परिमाणात्मक लक्ष्यहरू निर्धारण गरिएको छ। यसैगरी, हाल एउटा पनि जलवायु स्मार्ट गाउँ नभएकोमा १७० गाउँहरूलाई जलवायु स्मार्ट गाउँहरू बनाउने, हाल एउटा पनि जलवायु स्मार्ट खेती एकाइ नभएकोमा ५०० ओटा जलवायु स्मार्ट खेती एकाइहरू बनाउने र सबै  विद्यालयहरूमा जलवायु परिवर्तन शिक्षा शुरु गर्ने परिमाणात्मक लक्ष्यहरू राखिएको छ।

### लक्ष्य १४- दिगो विकासको निम्ति महासागरहरू, समुद्रहरू र सामुद्रिक स्रोतहरू संरक्षण गर्ने र दिगो रूपमा प्रयोग गर्ने

यो लक्ष्य नेपालसँग प्रत्यक्ष रूपमा सम्बन्धित नभएको।

### लक्ष्य १५ - पृथ्वीको भूपरिधिस्तरीय पारिस्थितिकीय प्रणालीहरूको दिगो उपयोग, रक्षा र पुनर्स्थापन गर्ने, वनको दिगो रूपमा व्यवस्थापन गर्ने, मरुभूमीकरणविरुद्ध लड्न र जमिनको क्षयीकरण रोक्नुका साथै यसलाई उल्ट्याउने र जैविक विविधताको ह्रासलाई रोक्ने

दिगो विकास लक्ष्य १५ अन्तर्गत : (क) सन् २०२० सम्ममा अन्तर्राष्ट्रिय सम्झौताहरू अन्तर्गतका

दायित्वहरूअनुरूप भूपरिधि र जमिनको स्वच्छ पानी पारिस्थितिकीय प्रणालीहरू र तिनीहरूको सेवाहरू विशेषगरी वनजङ्गल, सीमसार क्षेत्र, हिमालयहरू र सुख्खा क्षेत्रहरूको संरक्षण, पुनर्स्थापना र दिगो प्रयोग सुनिश्चित गर्ने, (ख) सबै प्रकारका वनहरूको दिगो व्यवस्थापनको कार्यान्वयनलाई प्रभावकारी बनाउने र मरुभूमीकरणविरुद्ध लड्ने साथै दिगो विकासका निम्ति आवश्यक लाभहरू प्रदान गर्ने खालका क्षमता वृद्धि गर्नको निम्ति जैविक विविधता लगायतका पर्वतीय पारिस्थितिकीय प्रणालीहरूको संवर्द्धन/संरक्षणलाई सुनिश्चित गर्ने जस्ता परिमाणात्मक लक्ष्यहरू निर्धारण गरिएको छ ।

नेपालको घना वनजङ्गमध्ये ३९ प्रतिशत समुदायहरूले व्यवस्थापन गरेका छन् । जैविक विविधताको संरक्षणका लागि २३.२ प्रतिशत भूमिलाई संरक्षित क्षेत्र घोषणा गरिएको छ । यसैगरी, नेपालले १,७२७ तालहरू, सीमसार क्षेत्रहरू र तलाउ/पोखरीहरूलाई संरक्षण गरेको छ । पर्वतीय पारिस्थितिकीय प्रणालीहरूमध्ये दुईतिहाइभन्दा बढी (६७.८ प्रतिशत) प्रणालीहरू संरक्षित क्षेत्रहरूले ढाकेका छन् (तालिका १५) । नेपालमा रहेका कुल ५,३५८ तालहरूमध्ये २० ओटा तालहरूलाई विशेष रूपमा संरक्षण गरिनु आवश्यक छ । हालसम्म ३,३४६ जलाधार क्षेत्रहरूलाई संरक्षण गरिएको छ । यसैगरी, कुल १,६७५ किलोमिटर लम्बाइका खोलानाला र नदी तटहरूलाई जैविक इन्जिनियरिङ् प्रविधिबाट संरक्षण गरिएको छ ।

प्राकृतिक वासस्थानहरूको क्षयीकरणले वनस्पतिहरू र प्राणीहरूलाई सङ्कटमा पारिरहेको छ । केही प्रजातिहरूको जनसङ्ख्या घट्दै गएको साथै भौगोलिक वितरण पनि सीमित हुँदै गएको कारण यस्ता प्रजातिहरू तीव्र गतिमा नाशिने अवस्थामा रहेका छन् । नेपालमा वनस्पतिका १२,४८० प्रजातिहरू र प्राणीका ११,७०६ प्रजातिहरू रहेका छन् जसमध्ये ६० (०.४८ प्रतिशत) वनस्पतिका प्रजातिहरू र ९५ (०.८१ प्रतिशत) प्राणीका प्रजातिहरू सङ्कटापन्न (Threatened) अवस्थामा रहेका छन् ।




सन् २०३० का परिमाणात्मक लक्ष्यहरूमा कुल भूभागको २३.३ प्रतिशत भूभाग संरक्षित क्षेत्रको रूपमा कायम गर्ने, समुदायमा आधारित व्यवस्थापनअन्तर्गत रहेको वनलाई हालको ३९ प्रतिशतबाट बढाएर ४२ प्रतिशत पुऱ्याउने, वन विनाश र क्षयीकरलाई रोक्ने, सन् २०३० सम्ममा पर्वतीय पारिस्थितिकीय प्रणालीहरूमध्ये ७० प्रतिशत प्रणालीहरूलाई संरक्षित क्षेत्रहरूले समेट्ने तथा प्रतिवर्ष ५,००० हेक्टर अतिरिक्त वृक्षारोपण गर्ने रहेका छन् ।

### लक्ष्य १६ - दिगो विकासको निम्ति शान्तिपूर्ण र समावेशी समाजहरूको प्रवर्द्धन गर्ने, न्यायमा सबैको पहुँच सुनिश्चित गर्ने र सबै तहहरूमा प्रभावकारी, जवाफदेही र समावेशी संस्थाहरूको स्थापना गर्ने




यस लक्ष्यअन्तर्गत : (क) सबै स्वरूपका हिंसाहरू र यीसँग सम्बन्धित जुनसुकै क्षेत्रहरूमा हुने मृत्युहरू उल्लेखनीय रूपमा घटाउने, बालबालिकाहरूमाथिको दुर्व्यवहार, शोषण, बेचबिखन र यिनीहरूविरुद्धका सबै प्रकारका हिंसा र शारीरिक/मानसिक यातनाको अन्त्य गर्ने, (ख) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरहरूमै कानूनको शासन प्रवर्द्धन गर्ने र न्यायमा सबैको समान पहुँच सुनिश्चित गर्ने, (ग) गैरकानूनी वित्तीय र हातहतियारहरूको ओसारपसारलाई उल्लेख्य रूपमा घटाउने, (घ) चोरिएका सम्पत्तिहरू पुनः प्राप्ति र वापसी गर्ने कार्यहरूलाई सुदृढ तुल्याउने र सबै प्रकारका सङ्गठित अपराधहरूविरुद्ध कारबाही गर्ने, (ङ) सबै स्वरूपहरूका भ्रष्टाचार र घूसलाई सारभूत रूपमा घटाउने र (च) सबै तहहरूमा प्रभावकारी, जवाफदेही र पारदर्शी संस्थाहरू विकास गर्ने लगायतका परिमाणात्मक लक्ष्यहरू प्रस्ताव गरिएका छन् ।

समावेशीको दिशामा विश्वभर उल्लेखनीय कार्य गरेको अग्रगामी प्रजातान्त्रिक व्यवस्था नेपालमा रहेको भए तापनि पारदर्शिता, जवाफदेहिता र कानूनको मर्यादित शासन जस्ता असल शासनका तत्वहरूको अभ्यास गर्ने दिशामा अझ पनि धेरै लामो यात्रा तय गर्नुपर्नेछ ।

प्रेसको स्वतन्त्रता तथा यसको उत्साहीपन र नागरिक सक्रियतावादको इतिहासले राज्यका अङ्गहरूको कमीकमजोरीहरूलाई राम्ररी प्रतिसन्तुलन गरेको छ र आउँदा वर्षहरूमा असल शासनका लागि व्यापक माग पनि सिर्जना गरेको छ। एक आधिकारिक प्रतिवेदनले सन् २०१५ मा हरेक १ लाख बालबालिकाहरूमा ६४ जना बालबालिकाहरूलाई विदेशी मुलुकहरूमा बेचबिखन (Trafficking) गर्ने गरेको देखाएको छ। यस्तै, विगत १ महिनाको अवधिमा (सन् २०१५ मा सर्वेक्षण गरिएको समयमा) मनोवैज्ञानिक त्रास/आक्रमण वा शारीरिक दण्डको अनुभव गरेका १ देखि १४ वर्ष उमेरका बालबालिकाहरूको अनुपात धेरै बढी (८१.७ प्रतिशत) छ। सशस्त्र र हिंसात्मक द्वन्द्वबाट सन् २०१५ मा १,६२८ जनाको प्रत्यक्ष मृत्यु भएको थियो (तालिका १६)।

दिगो विकास लक्ष्य १६ अन्तर्गत हिंसात्मक द्वन्द्वबाट हुने मृत्यु, महिला र बालबालिकाविरुद्धको हिंसालाई अन्त्य गर्ने र विश्वस्तरमा नै सन्दर्भ-बिन्दुको रूपमा कायम गरिएका पारदर्शिता र जवाफदेहिताका सूचकहरूलाई सुधार गर्ने जस्ता विशेष परिमाणात्मक लक्ष्यहरू राखिएका छन्। यसैगरी, १८ वर्षभन्दा अगावै गरिने विवाहलाई अन्त्य गर्ने र सबैको जन्मदर्ता गर्ने परिमाणात्मक लक्ष्य पनि निर्धारण गरिएको छ।




**लक्ष्य १७ - दिगो विकासका लागि कार्यान्वयनका उपायहरू/साधनहरूलाई सुदृढ गर्ने र अन्तर्राष्ट्रिय साझेदारीलाई पुनः जीवन्त तुल्याउने**

दिगो विकास लक्ष्य १७ अन्तर्गत १९ ओटा परिमाणत्मक लक्ष्यहरू छन् जसमध्ये : (क) आन्तरिक स्रोतको परिचालनलाई सुदृढ तुल्याउने, (ख) विकसित देशहरूले गरेका आधिकारिक सहायता प्रतिबद्धताहरू पूर्ण रूपमा कार्यान्वयन गर्ने, (ग) विकासशील देशहरूका लागि विभिन्न स्रोतहरूबाट थप वित्तीय स्रोतसाधनहरू परिचालन गर्ने, (घ) लगानी प्रवर्द्धन गर्ने वातावरणहरू (Regimes) सिर्जना गरी अवलम्बन र कार्यान्वयन गर्ने, (ङ) विकासोन्मुख देशहरूलाई प्रविधि हस्तान्तरण गर्ने, (च) कानूनमा आधारित खुला, र न्यायोचित बहुपक्षीय व्यापार प्रणालीलाई प्रवर्द्धन गर्ने, (छ) दिगो विकासका लागि नीतिहरूको तार्किक सङ्गति अभिवृद्धि गर्ने र (ज) तथ्याङ्क, अनुगमन र तथ्याङ्कसम्बन्धी क्षमताको सुदृढीकरण गर्ने लगायतका परिमाणात्मक लक्ष्यहरू प्रस्ताव गरिएका छन्।

यो लक्ष्य स्रोतसाधनहरूको परिचालनदेखि क्षमता विकास, अनि उत्तरदायित्वदेखि जिम्मेवारीसम्म सबै सरोकारवालाहरूसँग सम्बद्ध रहेको छ। व्यापार, वैदेशिक सहायता, विकासशील देशहरूमा गरिने लगानी र आर्थिक स्रोत परिचालनसम्बन्धी धेरैजसो प्रतिबद्धताहरू अति कम विकसित मुलुकहरू (LDCs) मा विगतमा राम्ररी पूरा नगरिएको परिप्रेक्ष्यमा विश्वव्यापी प्रतिबद्धताहरू हासिल गर्ने कुराहरू त्यति उत्साहप्रद देखिँदैन। यसका अतिरिक्त, औपचारिक वा सङ्गठित रूपमा प्रविधि हस्तान्तरणको मात्रा सामान्य छ, साथै उत्पादकत्वद्वारा निर्देशित आर्थिक परिवर्तनलाई अगाडि बढाउन यो असमर्थ समेत छ।

सन् २०१५ मा नेपालको राजश्व सङ्कलन कुल गार्हस्थ्य उत्पादनको करिब २० प्रतिशत रहेकोले कर परिचालन सम्बन्धमा भएका प्रयासहरू तुलनात्मक रूपमा प्रभावकारी रहेका छन्। सन् २०३० मा कुल गार्हस्थ्य उत्पादनको अनुपातमा ३० प्रतिशत राजश्व सङ्कलन गर्ने लक्ष्य राखिएको छ (तालिका १७)। आन्तरिक कर राजश्वहरूबाट बेहोरिने सरकारको आन्तरिक खर्चको प्रतिशत सन् २०३० मा ८० प्रतिशत पुऱ्याउने परिमाणात्मक लक्ष्य राखिएको छ। यो लक्ष्य सामान्य स्तरकै देखिन्छ, किनकि, पूर्वाधारमा हुने लगानीको ठूलो कमीलाई सच्याउनका लागि सरकारी लगानीलाई बढाउन आन्तरिक राजश्व सङ्कलनलाई प्रभावकारी रूपमा बढाउनुका अतिरिक्त ठूलो मात्रामा अन्तर्राष्ट्रिय स्रोतहरू पनि आवश्यक पर्नेछ। निजी क्षेत्रको लगानीको कमीलाई पूरा गर्न प्रत्यक्ष वैदेशिक लगानी (Inward stock) लाई हालको स्तरबाट कम्तीमा पाँच गुणाले बढाउनु आवश्यक छ।

| | |
|---|---|
| लक्ष्य १ | हरेक क्षेत्रमा रहेको सबै स्वरूपहरूको गरीबीको अन्त्य गर्ने |
| लक्ष्य २ | भोकमरी अन्त्य गर्ने, खाद्य सुरक्षा र उन्नत पोषण प्राप्त गर्ने र दिगो कृषिको प्रवर्द्धन गर्ने |
| लक्ष्य ३ | सबै उमेर समूहका व्यक्तिका लागि स्वस्थ जीवनको सुनिश्चितता गर्दै समृद्ध जीवनस्तर प्रवर्द्धन गर्ने |
| लक्ष्य ४ | समावेशी तथा न्यायोचित र गुणात्मक शिक्षा सुनिश्चित गर्दै सबैका लागि जीवनपर्यन्त सिकाइका अवसरहरू प्रवर्द्धन गर्ने |
| लक्ष्य ५ | लैङ्गिक समानता हासिल गर्ने र सबै महिला, किशोरी र वालिकाहरूलाई सशक्त बनाउने |
| लक्ष्य ६ | सबैको निम्ति खानेपानीको र सरसफाईको उपलब्धताका साथै यसको दिगो व्यवस्थापन सुनिश्चित गर्ने |
| लक्ष्य ७ | धान्न/बेहोर्न सकिने, भरपर्दो, दिगो र आधुनिक ऊर्जामा सबैको पहुँच सुनिश्चित गर्ने |
| लक्ष्य ८ | स्थिर, समावेशी र दिगो आर्थिक वृद्धि, पूर्ण तथा उत्पादनशील रोजगारी र मर्यादित कामलाई प्रवर्द्धन गर्ने |
| लक्ष्य ९ | उत्थानशील (Resilient) पूर्वाधारहरू निर्माण गर्ने, समावेशी तथा दिगो औद्योगीकरणको प्रवर्द्धन गर्ने र नवप्रवर्तनलाई प्रेरित गर्ने |
| लक्ष्य १० | देशभित्र तथा देशहरूबीचको असमानता हटाउने |
| लक्ष्य ११ | सहरहरू र मानव बस्तीहरूलाई समावेशी, सुरक्षित, उत्थानशील (Resilient) र दिगो बनाउने |
| लक्ष्य १२ | दिगो उपभोग र उत्पादन ढाँचाहरू सुनिश्चित गर्ने |
| लक्ष्य १३ | जलवायु परिवर्तन र यसको प्रभावहरूसँग जुध्न तत्काल कार्य अघि बढाउने |
| लक्ष्य १४ | दिगो विकासको निम्ति महासागरहरू, समुद्रहरू र सामुद्रिक स्रोतहरू संरक्षण गर्ने र दिगो रूपमा प्रयोग गर्ने |
| लक्ष्य १५ | लक्ष्य १५- पृथ्वीको भूपरिधिस्तरीय पारिस्थितिकीय प्रणालीहरूको दिगो उपयोग, रक्षा र पुनर्स्थापन गर्ने, वनको दिगो रूपमा व्यवस्थापन गर्ने, मरुभूमीकरणविरुद्ध लड्ने, र जमिनको क्षयीकरण रोक्नुका साथै यसलाई उल्ट्याउने साथै जैविक विविधताको ह्रासलाई रोक्ने |
| लक्ष्य १६ | दिगो विकासको निम्ति शान्तिपूर्ण र समावेशी समाजहरूको प्रवर्द्धन गर्ने, न्यायमा सबैको पहुँच सुनिश्चित गर्ने र सबै तहहरूमा प्रभावकारी, जवाफदेही र समावेशी संस्थाहरूको स्थापना गर्ने |
| लक्ष्य १७ | दिगो विकासका लागि कार्यान्वयनका उपायहरू/साधनहरूलाई सुदृढ गर्ने र अन्तर्राष्ट्रिय साझेदारीलाई पुनः जीवन्त तुल्याउने |


LONDON
LONDON

## ३.३ लक्ष्यहरू र परिमाणात्मक लक्ष्यहरूको विस्तृत विवरण

तालिका १: **दिगो विकास लक्ष्य १ - हरेक क्षेत्रमा रहेको सबै स्वरूपहरूको गरीबीको अन्त्य गर्ने** (End poverty in all its forms everywhere)

| परिमाणात्मक लक्ष्यहरू र सूचकहरू | | २०१५ | २०१९ | २०२२ | २०२५ | २०३० | अनुगमन तालिका/खाका | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | तथ्याङ्कको स्रोत | खण्डीकरणको तह | मापन समय | जिम्मेवार निकाय |
| **परिमाणात्मक लक्ष्य १.१ : २०३० सम्ममा जहाँसुकै रहेका भएपनि सबै जनताको चरम गरीबी उन्मूलन गर्ने (हाल प्रतिदिन १.२५ डलरभन्दा कम आम्दानीमा जीवन निर्वाह गरिरहेका जनताको रूपमा मापन गरिएको)** | | | | | | | | | | |
| १.१.१ | लिङ्ग, उमेर, रोजगारीको अवस्था र भौगोलिक अवस्थिति (सहरी/ग्रामीण) अनुसार अन्तर्राष्ट्रिय गरीबीको रेखामुनि रहेका जनसङ्ख्याको अनुपात | | | | | | ने.जी.स. | प्रादेशिक/ ग्रामीण-सहरी क्षेत्र | ५ वर्ष | के.त.वि. |
| १ | प्रतिदिन १.२५ अमेरिकी डलर (PPP मूल्य) मुनिरहेको जनसङ्ख्या (प्रतिशत) | २३.७[क] | १७ | १३.७ | १०.४ | ४.९ | ने.जी.स., प.स. | प्रादेशिक/ ग्रामीण-सहरी क्षेत्र | ५ वर्ष | के.त.वि. |
| २ | प्रतिदिन १.९ डलर (PPP मूल्य) | ३६[ग] | २८.५ | २२.९ | १७.३ | ८ | ने.जी.स., प.स. | प्रादेशिक/ ग्रामीण-सहरी क्षेत्र | ५ वर्ष | के.त.वि. |
| ३ | प्रतिव्यक्ति कुल राष्ट्रिय आय (अमेरिकी डलर) | ७६६[घ] | ८२१ | १,६४७ | २,०२९ | २,५०० | उद्यमीहरूको सर्वेक्षण | | वार्षिक | के.त.वि. |
| **परिमाणात्मक लक्ष्य १.२ : २०३० सम्ममा राष्ट्रिय परिभाषाहरूबमोजिम गरीबीका सबै आयामहरू (In all its dimensions) मा बाँचिरहेका (Living) सबै उमेरका पुरुषहरू, महिलाहरू र बालबालिकाहरूको अनुपात कम्तीमा आधा घटाउने** | | | | | | | | | | |
| १.२.१ | लिङ्ग र उमेरअनुसार राष्ट्रिय गरीबी रेखामुनि रहेका जनसङ्ख्याको अनुपात | २१.६[ख] | १७.१ | १३.८ | १०.५ | ४.९ | ने.जी.स., प.स. | प्रादेशिक/ ग्रामीण-सहरी क्षेत्र | ५ वर्ष | के.त.वि. |
| १ | राष्ट्रिय गरीबीको रेखामुनि रहेका सबै उमेरका महिलाहरू (प्रतिशत) | | | | | ५ | ने.जी.स., प.स. | प्रादेशिक/ ग्रामीण-सहरी क्षेत्र | ५ वर्ष | के.त.वि. |
| १.२.२ | राष्ट्रिय परिभाषाहरूबमोजिम गरीबीका सबै आयामहरूमा रहेका सबै उमेरका पुरुष, महिला र बालबालिकाहरूको अनुपात | | | | | | सर्वेक्षण | प्रादेशिक/ ग्रामीण-सहरी क्षेत्र | ५ वर्ष | के.त.वि. |
| १ | बहुआयामिक गरीबी सूचकाङ्क बास्तविक गणना (Headcount) अनुपात (प्रतिशत) | २८.६[छ] | २२.७३ | १८.२६ | १३.८६ | ६.४८ | सर्वेक्षण/ व्य.सू. प्र. | प्रादेशिक | ५ वर्ष | के.त.वि. |
| २ | राष्ट्रिय गरीबी रेखामुनिका बालबालिका (५ वर्षमुनिका, प्रतिशत) | ३६[ड] | २७.७ | २१.५ | १५.३ | ५ | सर्वेक्षण | प्रादेशिक | ५ वर्ष | म.बा.ज्ये.ना.म./के.त.वि. |
| **परिमाणात्मक लक्ष्य १.३ : राष्ट्रिय रूपमा उपयुक्त सामाजिक सुरक्षा प्रणालीहरू र फ्लोरस् (Floors) लगायतका उपायहरू सबैका लागि कार्यान्वयन गर्ने र सन् २०३० सम्ममा गरीब र संकटग्रस्त/कमजोर अवस्थामा (Vulnerable) रहेका व्यक्तिहरूलाई उल्लेख्य रूपमा समावेश गरिसक्ने** | | | | | | | | | | |
| १.३.१ | सामाजिक सुरक्षण प्रणालीहरूद्वारा समेटिएका जनसङ्ख्याको अनुपात (Proportion) (लिङ्ग, बालबालिका, बेरोजगार व्यक्तिहरू, ज्येष्ठ नागरिकहरू, अपाङ्गता भएका, गर्भवती महिला, शिशु, कार्यस्थलमा लागेको चोटपटक र गरीब तथा संकटग्रस्त/कमजोर वर्गअनुसार) | ८.१ | २७.३ | ४१.७ | ५६ | ८० | सर्वेक्षण/ व्य.सू.प्र. | लैङ्गिक, सामाजिक समूह, प्रादेशिक/ग्रामीण-सहरी क्षेत्र | वार्षिक | के.त.वि./ म.बा.ज्ये.ना.म. |

| परिमाणात्मक लक्ष्यहरू र सूचकहरू | | २०१५ | २०१९ | २०२२ | २०२५ | २०३० | अनुगमन तालिका/खाका | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | तथ्याङ्कको स्रोत | खण्डीकरणको तह | मापन समय | जिम्मेवार निकाय |
| १ | कुल बजेटमा सामाजिक सुरक्षा खर्च (प्रतिशत) | ११[घ] | १२.१ | १२.९ | १३.७ | १५ | व्य.सू.प्र. | लैङ्गिक, सामाजिक समूह, प्रादेशिक/ग्रामीण-सहरी क्षेत्र | वार्षिक | म.बा.ज्ये.ना.म./के.त.वि. |
| २ | रोजगारी प्राप्त गर्ने कुल व्यक्तिहरूमध्ये प्रतिदिन १.२५ अमेरिकी डलरभन्दा कम प्राप्त गर्ने व्यक्तिहरू (प्रतिशत) | २२[ख] | १६.४ | १२.२ | ८ | १ | सर्वेक्षण | लैङ्गिक, सामाजिक समूह, प्रादेशिक/ग्रामीण-सहरी क्षेत्र | वार्षिक | के.त.वि. |
| **परिमाणात्मक लक्ष्य १.४ : सबै महिला तथा पुरुषहरू विशेषगरेर गरीब र संकटग्रस्त (Vulnerable) अवस्थामा रहेका महिला र पुरुषहरूको आर्थिक स्रोतसाधनहरूमा समान अधिकार सुनिश्चित गर्ने, यसको साथै आधारभूत सेवासुविधाहरूमा पहुँच, भूमिमाथिको स्वामित्व र नियन्त्रण एवम् अन्य स्वरूपका सम्पत्ति, उत्तराधिकार (Inheritance) पैतृक सम्पत्ति, प्राकृतिक स्रोतसाधनहरू, उपयुक्त नयाँ प्रविधि तथा लघुवित्त लगायतका वित्तीय सेवाहरूमा यिनीहरूको पहुँच सुनिश्चित गर्ने** | | | | | | | | | | |
| १.४.१ | आधारभूत सेवाहरूमा पहुँच भएका परिवारहरूमा बस्ने जनसङ्ख्याको अनुपात | | | | | | ने.जी.स., प.स. | लैङ्गिक, सामाजिक समूह, प्रादेशिक/ग्रामीण-सहरी क्षेत्र | वार्षिक | के.त.वि. |
| १ | ३० मिनटको पैदलयात्रामा बजारको केन्द्रसम्म पहुँच भएका परिवारहरू (कुल जनसङ्ख्याको प्रतिशत) | ४५[ज] | ५७ | ६६ | ७५ | ९० | ने.जी.स., प.स. | लैङ्गिक, सामाजिक समूह, प्रादेशिक/ग्रामीण-सहरी क्षेत्र | वार्षिक | के.त.वि. |
| २ | औपचारिक वित्तीय सेवाहरूबाट समेटिएका परिवार (कुल परिवारको प्रतिशत) | ४०[ज] | ५०.७ | ५८.७ | ६६.७ | ८० | ने.जी.स., प.स. | लैङ्गिक, सामाजिक समूह, प्रादेशिक/ग्रामीण-सहरी क्षेत्र | वार्षिक | के.त.वि. |
| १.४.२ | कानूनी रूपमा मान्यताप्राप्त कागजातसहितका जमिनमाथि मोहियानी (Tenure) भएका र जमिनमाथिको अधिकार सुरक्षित ठान्ने कुल बयस्क जनसङ्ख्याको अनुपात (लिङ्ग र मोहियानीको किसिमअनुसार) | | | | | | व्य.सू.प्र. | प्रादेशिक | वार्षिक | भू.व्य.स.ग.नि.म. |
| १ | आर्थिक दृष्टिकोणले जनसङ्ख्याको तल्लो पञ्चमक (Bottom quintile) को राष्ट्रिय उपभोगमा हिस्सा (प्रतिशत) | ७.६[ज] | ८.८ | ९.७ | १०.५ | १२ | ने.जी.स. | सामाजिक समूह, प्रादेशिक/ग्रामीण-सहरी क्षेत्र | वार्षिक | के.त.वि. |
| २ | महिलाहरूको नाममा रहेको सम्पत्ति/ठोस देखिने धनसम्पत्ति (कुल सम्पत्तिको प्रतिशत) | १९.७[च] | २५.१ | २९.२ | ३३.२ | ४० | MICS, प्यानल | सामाजिक समूह, प्रादेशिक | वार्षिक | भू.व्य.स.ग.नि.म. |
| **परिमाणात्मक लक्ष्य १.५ : गरीब र संकटग्रस्त (Vulnerable) अवस्थाहरूमा रहेका मानिसहरूको उत्थानशीलता (Resilience) निर्माण गर्ने र यस्ता मानिसहरूको वातावरणसँग सम्बन्धित विषम घटनाहरूका साथै अन्य आर्थिक, सामाजिक र वातावरणीय नकारात्मक धक्काहरू (Shocks) र विपद्हरूका जोखिमहरू तथा कमजोरपनालाई कम गर्ने** | | | | | | | | | | |
| १.५.१ | विपद्का कारणले मृत्यु हुने, बेपत्ता भएका व्यक्तिहरू र प्रत्यक्ष रूपमा प्रभावित व्यक्तिहरूको सङ्ख्या (प्रति १ लाख जनसङ्ख्यामा) | | | | | | व्य.सू.प्र. | सामाजिक समूह, प्रादेशिक | वार्षिक | गृ.म. |
| १ | विपद्का घटनाहरूबाट मृत्यु (सङ्ख्या) | ८,८९१[झ] | ३३१ | २६८ | २०५ | १०० | व्य.सू.प्र. | सामाजिक समूह, प्रादेशिक | वार्षिक | गृ.म. |

| परिमाणात्मक लक्ष्यहरू र सूचकहरू | | २०१५ | २०१९ | २०२२ | २०२५ | २०३० | अनुगमन तालिका/खाका | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | तथ्याङ्कको स्रोत | खण्डीकरणको तह | मापन समय | जिम्मेवार निकाय |
| २ | हराइरहेका र विपद्को कारण प्रभावित भएका व्यक्तिहरू (सङ्ख्या, प्रति १ लाख जनसङ्ख्यामा) | ४१५[झ] | ४०२ | ३९२ | ३८२ | ५० | व्य.सू.प्र. | सामाजिक समूह, प्रादेशिक | वार्षिक | गृ.म. |
| १.५.२ | विपद्हरूका कारण विश्वको कुल गार्हस्थ्य उत्पादनमा भएको प्रत्यक्ष आर्थिक क्षति | | | | | | | | | |
| १ | विपद्हरूको कारण राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनमा भएको प्रत्यक्ष आर्थिक क्षति | | | | | | व्य.सू.प्र., वि.प.आ.मू. | सामाजिक समूह, प्रादेशिक | वार्षिक | गृ.म. |
| १.५.३ | विपद् जोखिम न्यूनीकरणको निम्ति सेन्डाई फ्रेमवर्क (Sendai Framework) २०१५-२०३० अनुरूप राष्ट्रिय विपद् जोखिम न्यूनीकरण रणनीतिहरू लागू गर्ने देशहरूको सङ्ख्या | | | | | | व्य.सू.प्र. | | वार्षिक | गृ.म. |
| १.५.४ | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण रणनीतिहरूअनुरूप स्थानीय विपद् जोखिम न्यूनीकरण रणनीतिहरू लागू गर्ने स्थानीय सरकारको अनुपात | | | | | | व्य.सू.प्र. | प्रादेशिक | वार्षिक | गृ.म. |
| **परिमाणात्मक लक्ष्य १ क : सबै आयामहरूका गरीबी अन्त्य गर्नको निम्ति कार्यान्वयन गरिने नीति तथा कार्यक्रमहरूका लागि विकासशील राष्ट्रहरूको निम्ति खासगरी अति कम विकसित देशहरूका निम्ति पर्याप्त एवम् अनुमानयोग्य साधनहरू उपलब्ध गराउनका लागि विस्तारित विकास सहयोग लगायत विभिन्न माध्यहरूबाट स्रोतसाधनहरूको उल्लेखनीय परिचालनको सुनिश्चितता गर्ने** | | | | | | | | | | |
| १.क.१ | गरीबी न्यूनीकरणका लागि सरकारद्वारा आन्तरिक रूपमा सिर्जित (Generated) तथा प्रत्यक्ष रूपमा बिनियोजित साधनहरूको अनुपात | ५५.२[घ] | | | | | व्य.सू.प्र. | प्रादेशिक | वार्षिक | अ.म. |
| १.क.२ | आवश्यक सेवाहरू (शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षा) मा कुल सरकारी खर्चको अनुपात | २५.२[घ] | | | | | व्य.सू.प्र. | प्रादेशिक | वार्षिक | अ.म. |
| १.क.३ | गरीबी न्यूनीकरण कार्यक्रममा प्रत्यक्ष रूपमा छुट्याइएको अनुदान र गैरऋण सिर्जना गर्ने (Non-debt creating) आप्रवाहहरू (In flows) को कुल योग (कुल गार्हस्थ्य उत्पादनको अनुपात) | ४.१ घ | | | | | व्य.सू.प्र. | प्रादेशिक | वार्षिक | अ.म. |
| **परिमाणात्मक लक्ष्य १.ख : गरीबी निवारण कार्यक्रमहरूमा बढ्दै गएको लगानीलाई सहयोग पुऱ्याउन गरीबमुखी तथा लैङ्गिक संवेदनशील विकास रणनीतिहरूको आधारमा राष्ट्रिय, क्षेत्रीय र अन्तर्राष्ट्रिय स्तरमा दरिलो नीतिगत संरचनाहरू सिर्जना गर्ने** | | | | | | | | | | |
| १.ख.१ | महिला, गरीब र संकटग्रस्त (Vulnerable) अवस्थामा रहेका समूहहरूलाई असमानुपातिक रूपमा लाभ पुऱ्याउने क्षेत्रहरूमा सरकारको चालू र पुँजीगत खर्चको अनुपात | | | | | | व्य.सू.प्र. | प्रादेशिक | वार्षिक | अ.म./ म.बा.ज्ये.ना.म. |
| १.ख.२ | लैङ्गिक समानतालाई प्रत्यक्ष रूपमा योगदान पुऱ्याउने राष्ट्रिय बजेटको अनुपात | २२.३ घ | | | | | व्य.सू.प्र. | प्रादेशिक | वार्षिक | अ.म./म.बा.ज्ये.ना.म. |

स्रोत: क: MDGI (२०१५), ख: रा.यो.आ.(२०१५), ग: विश्व बैंक(२०१७), घ: अ.म.(२०१६), ङ: UNICEF (नेपाल जीवनस्तर सर्वेक्षण २०११ बाट अनुमान गरिएको), च: रा.यो.आ.(२०१६), छ: OPHI (२०१५), ज: के.त.वि. (२०११ बी), झ: गृ.म. (२०१५)

## तालिका २: दिगो विकास लक्ष्य २ - भोकमरी अन्त्य गर्ने, खाद्य सुरक्षा र उन्नत पोषण प्राप्त गर्ने र दिगो कृषि प्रवर्द्धन गर्ने
(End hunger, achieve food security and improved nutrition and promote sustainable agriculture)

| परिमाणात्मक लक्ष्यहरू र सूचकहरू | | २०१५ | २०१९ | २०२२ | २०२५ | २०३० | अनुगमन तालिका/खाका | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | तथ्याङ्कको स्रोत | खण्डीकरणको तह | मापन समय | जिम्मेवार निकाय |
| **परिमाणात्मक लक्ष्य २.१ : सन् २०३० सम्ममा भोकमरी अन्त्य गर्ने र खासगरी शिशु लगायत गरीब र संकटग्रस्त (Vulnerable) अवस्थाहरूमा रहेका व्यक्तिहरूसहित सबै जनताको सुरक्षित, पोषणयुक्त र पर्याप्त खानामा वर्षैभरि पहुँच सुनिश्चित गर्ने** | | | | | | | | | | |
| २.१.१ | न्यून पोषित (Prevalence of undernourishment) | ३६.१[क] | २७.३ | २०.६ | १४ | ३ | MICS, प्यानल. | प्रादेशिक,लैङ्गिक, सामाजिक समूह, ग्रामीण-सहरी | वार्षिक/ ५ वर्ष | के.त.वि. /स्वा.ज.म. |
| २.१.२ | खाद्य असुरक्षा अनुभव मापन (FIES) मा आधारित जनसङ्ख्यामा रहेको मध्यम वा चरम खाद्य असुरक्षाको फैलावट (prevalence) | | | | | | ने.जी.स.,प.स. | प्रादेशिक, लैङ्गिक, सामाजिक समूह, ग्रामीण-सहरी | वार्षिक/५ वर्ष | के.त.वि. |
| १ | कुल उपभोगको दुई-तिहाइभन्दा बढी खानामा खर्च गर्ने जनसङ्ख्या (प्रतिशत) | २०[ख] | १५.५ | १२.१ | ८.७ | ३ | ने.जी.स.,प.स. | प्रादेशिक, लैङ्गिक, सामाजिक समूह, ग्रामीण-सहरी | ५ वर्ष | के.त.वि. |
| २ | प्रतिव्यक्ति खाद्यान्न उत्पादन (के.जी.) | ३२०[ग] | ३७६ | ४१८ | ४६० | ५३० | व्य.सू.प्र. | प्रादेशिक | वार्षिक | कृ.प.वि.म. |
| ३ | विश्वव्यापी खाद्य सुरक्षा सूचकाङ्क (अङ्क) स्कोर | ४४.३[घ] | ५७ | ६६ | ७५ | ९० | GFSI वेबसाइट | | | |
